# नेपाली जनमत सर्वेक्षण
## सन् २०२२

सर्वेक्षण प्रतिवेदन । बागमती प्रदेश



inter disciplinary analysts

# नेपाली जनमत सर्वेक्षण
## सन् २०२२

सर्वेक्षण प्रतिवेदन । बागमती प्रदेश

inter disciplinary analysts

# नेपाली जनमत सर्वेक्षण सन् २०२२

## सर्वेक्षण प्रतिवेदन, बागमती प्रदेश

© स्कूल अफ आर्ट्स, काठमाडौं विश्वविद्यालय, इन्टरडिसिप्लीनरी एनालिस्ट्स र दि एसिया फाउण्डेशन, २०२२ सर्वाधिकार सुरक्षित । यस पुस्तिकाको कुनै पनि अंश स्कूल अफ आर्ट्स, काठमाडौं विश्वविद्यालय, इन्टरडिसिप्लीनरी एनालिस्ट्स र दि एसिया फाउण्डेशनको लिखित अनुमति बिना पुनरूत्पादित गर्न सकिने छैन ।

**स्कूल अफ आर्ट्स, काठमाडौं विश्वविद्यालय**
पोस्ट बक्स नम्बरः ६२५०, हात्तिवन ललितपुर, नेपाल
फोनः +९७७-०१-५२५१२९४, +९७७-०१-५२५१३०६

inter disciplinary analysts

**इन्टरडिसिप्लीनरी एनालिस्ट्स**
चन्द्र विनायक मार्ग, चावहिल, काठमाडौं, नेपाल
फोन : +९७७-०१-४४७१८४५ , +९७७-०१-४४७११२७

The Asia Foundation
Improving Lives, Expanding Opportunities

**दि एसिया फाउण्डेशन**
पोस्ट बक्स नम्बरः ९३५, बुद्धिसागर मार्ग, वडा नं ३
पानीपोखरी, काठमाडौं, नेपाल

सन् २०२२ मा नेपाली जनताको सर्वेक्षण २०२२ अष्ट्रेलिया सरकार, विदेशी मामिला र व्यापार विभाग - एसिया फाउन्डेसनसंगको साझेदारी परियोजना स्थानीय सरकार सबलीकरण कार्यक्रम र विकास र सहयोगको लागि स्विस एजेन्सीको सहयोगमा सम्पन्न भएको थियो । यस सर्वेक्षणका निष्कर्षहरु र कुनै पनि विचारहरूले अस्ट्रेलिया सरकार, स्विस सरकार वा एशिया फाउन्डेसनका विचारहरु प्रतिबिम्बित गर्दैनन् ।

**प्रकाशकः**
स्कूल अफ आर्ट्स, काठमाडौं विश्वविद्यालय
पोस्ट बक्स नम्बरः ६२५०, हात्तिवन ललितपुर, नेपाल
फोनः +९७७-०१-५२५१२९४, +९७७-०१-५२५१३०६

आवरण तस्विर : सरोज पराजुली
तस्विर लिईएको स्थान : रामेछाप

## संचालक समिति सदस्यहरू

| क्र.सं | नाम | आबद्ध संस्था |
|---|---|---|
| १ | एक्कु माया पुन | स्कुल आफ आर्ट्स, काठमाडौँ विश्वविद्यालय |
| २ | सुधिन्द्र शर्मा | इन्टर डिसिप्लिनरी एनालिस्टस् |
| ३ | कृष्ण हाच्छेतु | राजनीतिशास्त्र केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय |
| ४ | तीर्थराज चौलागाई | तथ्यांक विभाग |
| ५ | भिमप्रसाद सुवेदि | विश्वविद्यालय अनुदान आयोग नेपाल |
| ६ | विमला राई पौडयाल | राष्ट्रिय सभा, संघीय संसद, नेपाल |
| ७ | याम बहादुर किसान | संसद सहयोग परियोजना / संयुक्त राष्ट्र विकास कार्यक्रम |
| ८ | देव कुमारी गुरूङ | भूगोलशास्त्र केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय |
| ९ | टिकाराम गौतम | समाजशास्त्र केन्द्रीय विभाग |
| १० | गणेश गुरूङ | स्वतन्त्र अनुसन्धानकर्ता |
| ११ | महेश बास्कोटा | स्कुल आफ आर्ट्स, काठमाडौँ विश्वविद्यालय |
| १२ | सुरेन्द्र लाभ कर्ण | राष्ट्रिय योजना आयोग |

# प्राक्कथन

काठमाडौँ विश्वविद्यालय, स्कुल अफ आर्ट्स (KUSoA) को नेतृत्वमा इन्टरडिसिप्लिनरी एनालिस्ट्स (IDA) सँगको सहकार्यमा २०१७ मा पहिलो पटक नेपाली जनताको सर्वेक्षण गरिएको हो । प्रतिवेदनको चौथो खण्ड, नेपाली जनताको सर्वेक्षण २०२२ (SNP 2022) ले देशको दिशाप्रति नेपालीको धारणा, घरायसी अवस्था, स्थानीय अवस्था, सुरक्षा, पहिचान र सामाजिक सम्बन्ध, शासन व्यवस्था, सार्वजनिक सेवा प्रवाह, निर्वाचन, राजनीतिक सहभागिता र आर्थिक दृष्टिकोण प्रति नेपालीहरूको दृष्टिकोण प्रस्तुत गरेको छ । यस सर्वेक्षणले नेपालका सात प्रदेशका ५८८ वटा वडाबाट नमूना छनोटगरी १८ वर्ष वा सोभन्दा माथिका ७,०५६ उत्तरदातामा पुगेर उनीहरूका विचारहरू प्रस्तुत गरेको छ् ।

नेपाली जनताको सर्वेक्षणको बिगतका सबै प्रतिवेदनहरु राष्ट्रिय प्रतिवेदनको रूपमा सबै प्रदेशहरूलाई समावेश गरी सघन ढाँचामा प्रकाशित गरिएको थियो । तर यस पटक सन् २०२२ को राष्ट्रिय  प्रतिबेदनलाई भने अलि छोटो संक्षिप्त प्रतिबेदनको रूपमा प्रकाशित गरी अरू थप सात वटा प्रादेशिक विस्तृत प्रतिबेदनहरु प्रकाशित गर्ने प्रयास गरेका छौ । जसमा प्रत्येक प्रदेशबाट प्राप्त तथ्याङ्कहरूलाई विश्लेषण गरी विस्तृत रुपमा उक्त् प्रदेशका उत्तरदाताहरूले दिएका जानकारीका आधारमा निष्कर्षहरु प्रस्तुत गरिएको छ । यस प्रतिबेदनमा बिगतमा गरिएका तीन सर्वेक्षणहरू (SNP 2017, SNP 2018 र SNP 2020) बाट प्राप्त निष्कर्षहरूको तुलनात्मक अध्ययन गरिएको छ ।

सर्वेक्षणबाट प्राप्त तथ्याङ्कहरूको आफ्नै सीमाहरु रहेका हुन्छन् । उदाहरणको लागी तथ्याङ्क सङ्कलनको समय अवधि पनि एक प्रकारको सीमितता नै हो किनकी आफ्नो इलाकामा हालसालै घटेका घटनाहरूबाट उत्तरदाताहरूको मष्तिष्क प्रभावित रहेका हुन्छन्  जसले उनीहरूको जवाफलाई निर्दिष्ट गरिरहेको हुन्छ । दोस्रो, सर्वेक्षणको लागि सही नमूना आकार चयन गर्नु पनि लगभग चुनौती पुर्ण कार्य हो । सर्वेक्षणमा नमूना छनोट, सम्बन्धित प्रश्नहरूको जवाफ नआउने, कभरेज र मापनसम्बन्धी कमी कमजोरीहरूका सम्भावनाहरु सधै रहने हुनाले विश्लेषणका लागि प्राप्त तथ्याङ्कहरु तयार गर्दा अनुसन्धानकर्ताहरू सचेत रहन आवश्यक छ । प्रत्येक पटकको नेपाली जनताको सर्वेक्षणको तथ्याङ्क सङ्कलन समय अवधिले पनि जनताको धारणामा प्रभाव पारेको हुन सक्दछ ।

नेपाली जनताको सर्वेक्षणको पहिलो संस्करणको तथ्याङ्क सङ्कलन कार्य सन् २०१७ को सेप्टेम्बर-अक्टोबरमा गरिएको थियो । उक्त समयमा गरिएको नेपाली जनताको सर्वेक्षण २०१७ (SNP 2017) नयाँ राजनीतिक व्यवस्थाका लागि नेपालमा पहिलो पटक भएको स्थानीय तहको निर्वाचन पछि गरिएको राष्ट्रव्यापी सर्वेक्षणको निष्कर्षमा आधारित थियो । उक्त्त सर्वेक्षणमा देशको समग्र दिशा (सामाजिक, आर्थिक, राजनीतिक, सांस्कृतिक, भौतिक पूर्वाधार अवस्थाका सन्दर्भ) बारे नेपाली जनताको अपेक्षा र आकांक्षालाई समेट्ने प्रयास गरिएको थियो । यसका साथै सर्वेक्षणले सुरक्षा र विवाद समाधान, विकसित राजनीतिमा लैङ्गिक, जातीय र भाषाको स्थान, राष्ट्रिय तथा स्थानीय तहका समस्या, स्थानीय तथा प्रदेश सरकारको सेवा प्रवाह, सुशासन, राजनीतिक सहभागिता र स्थानीय निर्वाचन,  आर्थिक तथा सामाजिक विकास तथा पूर्वाधार, सूचनामा पहुँच, जस्ता विषयहरूमा जनताको राय र अपेक्षा संकलन गरिएको थियो ।

सन् २०१८ को नेपाली जनताको सर्वेक्षण २०१८ को तथ्याङ्क सङ्कलन कार्य नेपालको नयाँ राजनीतिक प्रणाली अनुसार पहिलो संसद र प्रादेशिक निर्वाचनपछि गरिएको थियो । यसका साथै आगामी दिनका लागी उनीहरूका आशा तथा अपेक्षाका बारेमा पनि जान्ने प्रयास गरिएको थियो । तेस्रो चरणको नेपाली जनताको सर्वेक्षण २०२० (SNP २०२०) को निष्कर्ष कोभिड-१९ का कारण राष्ट्रिय बन्दाबन्दीको घोषणा हुनु भन्दा केही दिन अगाडि सम्पन्न भएका सर्वेक्षणको तथ्याङ्क सङ्कलन कार्यमा आधारित थियो ।

सन् २०२२ को नेपाली जनताको सर्वेक्षण (SNP २०२२) को संस्करण सन् २०२२ को स्थानीय निर्वाचन लगत्तै र राष्ट्रिय तथा प्रादेशिक निर्वाचनमा होमिने तयारीमा लागि सकेका नेपालीहरु माझ वर्षायाम जुलाई-अगस्त, २०२२ मा गरिएको सर्वेक्षणको तथ्याङ्क सङ्कलन कार्यमा आधारित रहेको छ । कोभिड-१९ ले सृजना गरेको चुनौती तथा असहजतापूर्ण अवस्थामा सरकारको समग्र कार्यसम्पादन र देश कुन दिशामा गइरहेको छ भन्ने बारेमा जनताको धारणामा प्रभाव पार्न सक्ने सम्भावनाहरू देखेर सन् २०२२ को नेपाली जनताको सर्वेक्षण मा कोभिड-१९ सँग सम्बन्धित प्रश्नहरु थपिएका थिए परिणामस्वरूप मानिसहरूको धारण, भावना र अनुभवहरूमा कोभिड-१९ र देशव्यापी बन्दाबन्दीको प्रभाव प्रतिबिम्बित भएको देखिन्छ । कोभिड-१९ को प्रभाव यस अध्ययनमा आएता पनि त्यस अघिको नेपालीको मत र त्यसबाट प्रभावित जनजीवनको अवस्थाको तुलनात्मक अध्ययन अनुसन्धानको लागि यो प्रतिवेदन महत्वपुर्ण हुनसक्छ ।

यस प्रादेशिक प्रतिवेदनमा प्रदेशका जनताहरूको विचार प्रस्तुत गरिरहदा, म राष्ट्रिय प्रतिवेदनमा भएका केहि तथ्यहरूको विश्लेषण गर्न चाहन्छु । यस बर्षको सर्वेक्षणमा सामेल भएको आधाभन्दा कम नेपालीहरु, अहिलेसम्मकै सबैभन्दा न्यून प्रतिशतले मुलुक सही दिशामा अघि बढेको ठान्दछन् । बाटोघाटोको अवस्थामा सुधार, शिक्षाको पहुँचमा बृद्धि हुनु तथा विद्युत आपूर्तिमा सुधार हुनु देश सही दिशामा अगाडि बढ्नुका प्रमुख तीन कारण रहेका छन् । मुलुक सही दिशातिर हिँडिरहेको बताएका उत्तरदातामा उल्लेख्य कमी देखिएता पनि तीन चौथाइभन्दा कमले आफ्नो स्थानीय तहको अवस्थामा भने सुधार भइरहेको विश्वास गरेका छन् । स्थानीय अवस्थाप्रति जनताको आशावादीताका लागि उत्तरदाताहरूले बाटोघाटोको अवस्था राम्रो हुनु, खानेपानी आपूर्तिमा सहजता, विद्युत र शिक्षामा जनताको पहुँच हुनु जस्ता विषयलाई महत्त्व दिएर समावेश गरेका छन् । वास्तवमा, सन् २०२० को सर्वेक्षणको तुलनामा सन् २०२२ को सर्वेक्षणमा विशेष गरी आर्थिक अवस्था, राजनीतिक र सामाजिक अवस्थाप्रति उत्तरदाताहरु कम सकारात्मक देखिएका छन् । उत्तरदाताहरूका अनुसार बढ्दो भ्रष्टाचार, आवश्यक वस्तुहरूको बढ्दो मूल्य, र करको दायरामा वृद्धि राष्ट्रले भोगी रहेका प्रमुख समस्याहरूको रूपमा रहेका छन् भने १८-२४ वर्ष उमेर समूहका युवा नेपालीहरूका लागि काम खोज्न/जीविकोपार्जनमा कठिनाई प्रमुख समस्याको रूपमा रहेको देखियो ।

माथि उल्लेखित आंकडाहरूले सार्वजनिक धारणा र आर्थिक दृष्टिकोण बीच बलियो सम्बन्ध राखेको छ। अर्को शब्दमा भन्नुपर्दा, नेपाली जनताको सर्वेक्षण २०२० को तथ्याङ्क सङ्कलन गरिसकेपछिको समय र नेपाली जनताको सर्वेक्षण २०२२ को तथ्याङ्क सङ्कलन गर्नु अगाडीको समय अवधिमा कोभिड-१९ चुलिएको थियो, उक्त समयमा कोभिड-१९ को प्रभावले देशका लगभग सबै आर्थिक गतिविधिहरूमा नकारात्मक प्रभाव पारेको थियो । सन् २०१७ मा करिब पाँचमा एक र सन् २०२० मा पाँचमा दुई उत्तरदाताहरूले स्थानीय आर्थिक अवस्थामा सुधार भएको विश्वास गरेका थिए । सन् २०२० को तुलनामा स्थानीय आर्थिक अवस्थामा सुधार भएकोमा विश्वास गर्ने उत्तरदातामा अचानक गिरावट आएको छ । फलस्वरूप, आम्दानी या आर्थिक स्रोतको अभावमा उत्तरदाताहरूले अझै पनि उनीहरूको परिवारका सदस्यले बेलाबेलामा छाक छाड्नुपरेको, बिरामी हुँदा उपचार गर्न नसकेको बताएका छन् । गत वर्षको तुलनामा, कहिलेकाहीँ मात्र खाना खान पुग्ने संख्या बढेको छ । त्यसैगरी, बिरामी हुँदा उपचार गर्न नसकेको दाबी गर्ने उत्तरदाताहरूको प्रतिशत पनि बढेको छ ।

हिंसा वा आपराधिक गतिविधिको सन्दर्भमा नेपाल सुरक्षित स्थान जस्तो देखिन्छ । दश मध्ये नौ जना उत्तरदाताहरूले आफू बसेको वा काम गरिरहेको ठाउँ वरिपरि सुरक्षाको कुनै समस्या वा चुनौती नभएको बताएका छन् साथै आफू वा आफ्नोको परिवार गत वर्ष हिंसा वा आपराधिक गतिविधिको सिकार नभएको बताएका छन् । केही हदसम्म असुरक्षित ठानेकाहरूमध्ये प्रायले चोरी र आर्थिक लेनदेनमा ठगीको सिकार भएको उल्लेख गरेका छन् । विवाद समाधानका सन्दर्भमा धेरै नेपालीहरूको रोजाइमा औपचारिक निकायहरु परेका छन् । जग्गा सम्बन्धि विवाद, ऋण तथा लेनदेन सम्बन्धि विवाद, अपराध, मानहानि वा झूटो आरोपको विवाद समाधान गर्न अधिकांश नेपालीहरूले प्रहरीलाई पहिलो रोजाई मानेको पाइन्छ । घरेलु हिंसा सम्बन्धि विवाद समाधान गर्न जनताको पहिलो रोजाइको रूपमा वडाध्यक्ष वा वडा सदस्यहरु पर्नुभएको छ भने प्रहरी, नगर/गाउँपालिकाका प्रमुखहरूप्रति उत्तरदाताहरूको विश्वास बढ्दै गएको छ । विवाद समाधानका लागि निर्वाचित प्रतिनिधि र प्रहरीलाई विश्वास गर्ने व्यक्तिको सङ्ख्या तीव्र रूपमा बढ्नुले राज्यको पुनर्संरचना मार्फत स्थापित नयाँ सरकारी संरचनाहरूप्रति व्यक्तिको बढ्दो विश्वास झल्काउँछ ।

अझै पनि नेपाली जनताहरूले विशेष गरी काम गर्ने ठाउँमा मानिसहरूसँग अन्तरक्रिया गर्दा, सार्वजनिक सेवाहरु प्राप्त गर्दा र स्वास्थ्य सेवाहरूमा पहुँच गर्दा आफ्नो मातृभाषा, जात वा जाति र लिङ्गका कारण विभिन्न ठाउँ र अवस्थामा असहजता महसुस गर्ने गरेका छन् । नेपालीभन्दा फरक मातृभाषा भएका कारण विभिन्न ठाउँ र अवस्थामा असहजता महसुस गर्ने उत्तरदाताहरूको सङ्ख्या सन् २०१७ को तुलनामा घटेको भएता पनि सार्वजनिक सेवा लिँदा, कार्यस्थलमा सर्वसाधारणसँग छलफलमा सहभागी हुँदा, अस्पताल या हेल्थ सेन्टरमा सुविधा लिँदा र अध्ययनको सिलसिला असहजता महसुस हुने गरेको बताएका छन् । विगतका वर्षको तुलनामा लिङ्गका कारण विभिन्न ठाउँ र अवस्थामा असहजता महसुस गर्ने उत्तरदाताहरूको सख्यामा कमी आएता पनि नेपाली महिलाहरूलाई सार्वजनिक यातायातमा यात्रा गर्दा, प्रहरी चौकीमा, सार्वजनिक स्थानमा घुमफिर गर्दा वा हिँडडुल गर्दा अप्ठ्यारो महसुस हुने गरेको बताएका छन् । अन्तर्जातीय विवाहलाई स्वीकृति दिनेहरूको अनुपातमा सन् २०१७ को तुलनामा सन् २०२२ मा घटेको देखिन्छ । बिगत बर्षका सर्वेक्षणहरूले लिङ्गको पर्वाह नगरी व्यक्ति नेतृत्व भूमिकाको लागि सक्षम हुनुपर्छ भन्ने विश्वास गर्ने मानिसहरूमा उल्लेखनीय वृद्धि भएको देखाउँछ । यसै अनुरूप नेपाली जनताको सर्वेक्षण सन् २०१८ को तुलनामा सन् २०२० मा सबै प्रकारका संगठन/संस्थाका नेतृत्व पदका लागि लिङ्ग जेसुकै भए पनि व्यक्ति सक्षम हुनुपर्छ भन्ने सोच भएका व्यक्तिहरूको संख्यामा उल्लेखनीय रूपमा वृद्धि भएको देखिन्छ तर सन् २०२२ मा यस्तो सोच राख्ने उत्तरदाताको संख्या स्थिर रहेको पाइएको छ यद्यपि संस्थाको नेतृत्व गर्न पुरुष र महिला दुवै समान रूपमा सक्षम छन् भनी चारमध्ये तीन जना उत्तरदाताले भनेतापनि, सामुदायिक-सम्बन्धित हैसियत (Community-Related Status) को तुलनामा कार्यकारी पदमा महिलाहरूलाई कम प्राथमिकता दिइएको पाइएको छ।

अधिकांश उत्तरदाताहरूले गत वर्षको तुलनामा स्थानीय सरकारको उत्तरदायित्वमा कुनै परिवर्तन नभएको बताएका छन् । यद्यपि, विगतका वर्षको तुलनामा २०२२ मा सरकारको उत्तरदायित्वमा सुधार भएको छ भनी प्रतिक्रिया दिनेहरूको प्रतिशत उल्लेखनीय रूपमा घटेको छ । मे १३, २०२२ मा भएको स्थानीय निर्वाचनको दोस्रो कार्यकालको सन्दर्भमा नेपालीहरूबाट आएका प्रतिक्रियाहरूको दस्तावेजीकरण गर्दा, तीन चौथाई भन्दा बढीले स्थानीय निर्वाचनमा मतदान गरेको र ती मध्ये दश मा नौ जनाले निर्वाचन स्वतन्त्र र निष्पक्ष भएको विश्वास व्यक्त गरेका थिए । तीन चौथाई भन्दा बढी मतदाताहरु निर्वाचनको परिणामसंग "धेरै खुशी", वा "खुशी" रहेका छन् । तीनवटै तहका सरकारले सन् २०२० देखि कोभिड-१९ को रोकथाम र नियन्त्रण र यसको सामाजिक-आर्थिक प्रभावलाई न्यूनीकरण गर्न विभिन्न उपायहरु लागू गरेको कुरा सर्वबिदितै छ । यसका लागि तीनै तहका सरकारले खेलेको भूमिकाको सर्हना गर्दै सरकारको प्रयास पर्याप्त भएको प्रतिक्रिया दिएका छन् । कोरोनाको संक्रमण कम गर्न र यसलाई फैलिन नदिन सरकारले गरेका विभिन्न रोकथाम र नियन्त्रणका उपायहरूमध्ये मास्कको प्रयोग र सामाजिक दूरी धेरै प्रभावकारी रहेको देखियो भने हिड्डुल र यात्रामा लगाएको प्रतिबन्ध पनि दोस्रो प्रभावकारी उपाय रहेको पाइयो । कोरोना महामारीको समयमा त्यसको व्यवस्थापनको लागि स्थानीय सरकारले समुदायमा सबैभन्दा बढी सक्रिय भूमिका निभाएको पाइयो ।

प्रस्तुत तथ्याङ्क र आंकडाले संघीय, प्रदेश र स्थानीय, तह तीनवटै तहका सरकारहरूको कार्यसम्पादनबारे केही अन्तरदृष्टि दिनेछ भन्नेमा हामी विश्वस्त छौं । तीन तहका सरकारहरूको कार्यबारे जनताले कसरी बुझेकाछन्, उनीहरूका अनुसार सरकारले गरेका कामहरूमा के कस्ता कमजोरीहरु रहेकाछन् र यस्तो किन भई रहेको छ भनेर अझ बिस्तृतरूपमा बुझनका लागि र त्यसलाई के कसरी समाधान गर्न सकिन्छ भन्ने बारे सुझाब सहितको जानकारी तीनै तहका सरकारलाई दिन प्राप्त तथ्याङ्कको गहिरो विश्लेषण महत्त्वपूर्ण छ । तसर्थ, आउँदो वर्षहरूमा नेपाली जनताको सर्वेक्षणमा मात्रात्मक तथ्याङ्कहरूबाट प्राप्त जानकारीलाई अझ बिस्तृतरूपमा बुझन र व्याख्या गर्नका लागि गुणात्मक विश्लेषण थप्न आवश्यक छ ।

अन्तमा, यस सर्वेक्षण कार्यलाई सफल बनाउन र नेपाली जनताको सर्वेक्षण २०२२ को यो प्रादेशिक संक्षिप्त प्रतिवेदन तयार गर्न योगदान गर्ने सबैलाई कृतज्ञता व्यक्त गर्न चाहन्छु । सर्वप्रथम एशिया फाउन्डेसनको टोली जसले दुई अनुदान सम्झौताहरुः एउटा अष्ट्रेलिया सरकार, विदेश मामिला र व्यापार विभागबाट, र अर्को विकास र सहयोगको लागि स्विस एजेन्सी मार्फत हामीलाई सर्वेक्षण गर्नका लागि रकम उपलब्ध गराएकोमा उनीहरु प्रति कृतज्ञता व्यक्त गर्दछु । त्यसैगरी इन्टरडिसिप्लिनरी एनालिस्ट्स (आईडीए) लाई विशेष गरी प्रश्नावली तयार गर्न, क्षेत्रीय स्तरमा गणनाकर्ताहरूका लागि तालिम र प्रशिक्षण कार्य सञ्चालन गर्न, र तथ्याङ्क सङ्कलन तथा कम्पाइल गर्न सहयोगको लागि आभार प्रकट गर्दछु । साथै प्रतिष्ठित स्टीयरिंग समिति सदस्यहरूको योगदान उत्तिकै महत्त्वपूर्ण र हाम्रो गहिरो प्रशंसाको योग्य छन्, किनकी उनीहरूबाट प्रक्रियाको प्रत्येक चरणमा महत्वपूर्ण अन्तरदृष्टिको साथ परियोजनालले मार्गदर्शन प्राप्त गर्यो । काठमाडौँ विश्वविद्यालय, स्कुल अफ आर्ट्सका सहकर्मीहरु जसले नेपाली जनताको सर्वेक्षण २०२२ को चुनौती स्वीकार गरे र यो प्रतिबेदन लेख्न कार्य सफलताका साथ समापन गरे, म उनीहरूको प्रयास र समर्पणलाई कदर गर्दछु । अन्त्यमा, म यस तथ्याङ्क सङ्कलन कार्यमा सहयोग पुर्‍याउने सबै गणक र नेपाली जनताहरूलाई हार्दिक धन्यवाद दिन चाहन्छु जसको सहभागिता बिना यो सर्वेक्षण कार्य सम्भव थिएन।

**एकु माया पुन**
एसोसिएट प्रोफेसर/का.मु. डीन
स्कुल अफ आर्टस्, काठमाडौं विश्वविद्यालय

# विषयसुची


| | | |
|---|---|---|
| प्राक्कथन | | छ |
| अध्याय १ | **परिचय** | ४ |
| अध्याय २ | **देशको समग्र अवस्थाप्रतिको बागमतीको धारणा** | ६ |
| | २.१. देशको अवस्था | ६ |
| | २.२. आशावादी हुनुका कारणहरू | ८ |
| | २.३ समस्या र चुनौतीहरू | ८ |
| | २.४. स्थानीय क्षेत्रको अवस्था | ९ |
| | २.५ स्थानीय क्षेत्रको अवस्थामा सुधारका कारणहरू | १० |
| | २.६ स्थानीय तहका समस्या र चुनौतीहरू | ११ |
| | २.७ घरपरिवारको अवस्था | १३ |
| | २.८. घरायसी अनुभवहरू | १४ |
| अध्याय ३ | **व्यक्तिगत सुरक्षा र विवाद समाधान** | १५ |
| | ३.१. हिंसा, अपराध र न्यायसम्बन्धी घरपरिवारका अनुभवहरू | १५ |
| | ३.२ विवाद समाधानका अनुभव | १६ |
| अध्याय ४ | **पहिचान** | १९ |
| | ४.१ मातृभाषा | १९ |
| | ४.२ नेपालीबाहेक अन्य भाषा मातृभाषा हुँदाका असुविधाहरू | १९ |
| | ४.३ जात/जातीयताको कारण हुने असुविधाहरू | २० |
| | ४.४ लैङ्गिक कारण भोग्नुपरेको असहजता | २१ |
| | ४.५ सामाजिक सम्बन्ध | २२ |
| | ४.६ नेपाली समाजमा महिलाको स्थान | २३ |
| | ४.७ नेतृत्वदायी भूमिकामा लैंगिक प्राथमिकता | २४ |
| अध्याय ५ | **सुशासन र राजनीतिक सहभागीता** | २६ |
| | ५.१ स्थानीय निकायको पुनर्संरचना | २६ |
| | ५.२ सामाजिक सुरक्षा | २७ |
| | ५.३ संस्थाप्रतिको विश्वास | २८ |
| | ५.४ सार्वजनिक सेवाहरूप्रतिको जानकारी | २९ |
| | ५.५ सार्वजनिक सेवाहरु लिंदाको अनुभव | ३१ |
| | ५.६ शिक्षाप्रतिको धारणा | ३२ |
| | ५.७ कोरोना महामारीमा शैक्षिक अवस्था | ३५ |
| | ५.८ सार्वजनिक स्वास्थ्य सेवाप्रतिको धारणा | ३६ |
| | ५.९ सडक सम्बन्धी धारणा | ३८ |
| | ५.१० कर | ४१ |
| | ५.११ भ्रष्टाचार | ४४ |
| | ५.१२ स्थानीय शासन प्रक्रियामा जनसहभागिता | ४५ |
| | ५.१३ स्थानीय निर्वाचन र निर्वाचित अधिकारीहरूबारे दृष्टिकोण | ४८ |
| | ५.१४ स्थानीय सरकारको उत्तरदायित्वप्रतिको धारणा | ४९ |
| | ५.१५ स्थानीय निर्वाचन | ५१ |
| अध्याय ६ | **आर्थिक दृष्टिकोण र सूचनामा पहुँच** | ५५ |
| | ६.१ स्थानीय आर्थिक अवस्थाप्रतिको धारणा | ५५ |
| | ६.२ व्यक्तिगत तथा पारिवारीक आम्दानी | ५६ |
| | ६.३ वैदेशिक रोजगार र विप्रेषण | ५९ |
| | ६.४ बीमाको बारेमा जानकारी र पहुँच | ६३ |
| | ६.५ रोजगारी र आयआर्जनका अवसरहरू | ६४ |
| | ६.६ सूचनाको स्रोत | ६५ |
| अध्याय ७ | **कोरोना महामारीको अनुभव र असर** | ६८ |
| | ७.१ कोरोना महामारी व्यवस्थापनमा सरकारको भूमिका | ६८ |
| | ७.२. स्थानीय स्तरमा महामारी व्यवस्थापन गर्न सक्रिय भएर लाग्ने व्यक्ति वा निकाय | ७० |
| | ७.३ कोरोना महामारीको समयमा भोग्नुपरेका मुख्य समस्याहरू र सामना गर्ने रणनीतिहरू | ७० |

# चित्रसुची


चित्र २.१.१ *Q-B1a.* देशेका समग्र दिशा, वर्षअनुसार ६
चित्र २.१.२ *Q-B1b-f.* देशको समग्र दिशा, बर्ष अनुसार ७
चित्र २.२.१ *Q-B2.* आशावादी हुनुका कारणहरू, बर्ष अनुसार ८
चित्र २.३.१ *Q-B3.* देशले भोगिरहेका मुख्य समस्या तथा चुनौतीहरूबारे धारणा, बर्ष अनुसार ९
चित्र २.४.१ *Q-B4a.* स्थानीय क्षेत्रको अवस्था, बर्ष अनुसार १०
चित्र २.५.१ *Q-B5.* स्थानीय अवस्थाहरूमा आशावादी हुनुका कारणहरू, बर्ष अनुसार ११
चित्र २.६.१ *Q-B6.* स्थानीय क्षेत्रका समस्या तथा चुनौतीहरू, बर्ष अनुसार १२
चित्र ३.२.१ *Q-C8A-E.* विवाद समाधानका लागि सहयोग खोज्ने उत्तरदाताहरू, बर्ष अनुसार १७
चित्र ३.२.२ *Q-C8a2-e2.* विवाद समाधान नतिजा, बर्ष अनुसार १८
चित्र ४.५.१ *Q-D9.* अन्तर-जातीय विवाहको स्वीकृति, बर्ष अनुसार २३
चित्र ५.१.१ *Q-E4.* स्थानीय निकायको पुनर्संरचनाप्रतिको दृष्टिकोण, बर्ष अनुसार २६
चित्र ५.४.१ *Q-E10AM-AO1.* सरकारी सेवा सुबिधाहरूप्रतिको जानकारी, बर्ष अनुसार २९
चित्र ५.४.२ *Q-E10AM.3_1.* स्थानीय सरकारले प्रदान गरेका सेवाहरूको बारेमा जानकारी प्रवाह गर्ने प्रभावकारी माध्महरू ३०
चित्र ५.६.१ *Q-E11b* र *Q-E11Aii.* शिक्षाको गुणस्तरप्रतिको धारणा, बर्ष अनुसार ३३
चित्र ५.७.१ *Q-E11f_1_A* र *Q-E11g.1.* कोरोना महामारीको समयमा वैकल्पिक शिक्षा प्रदान गर्ने विद्यालयहरू ३५
चित्र ५.८.१ *Q-E12a.* नजिकको सार्वजनिक स्वास्थ्य चौकी/अस्पताल सम्मको दुरी, बर्ष अनुसार ३६
चित्र ५.८.२ *Q-E12b.* सार्वजनिक स्वास्थ्य सेवाको गुणस्तरप्रतिको धारणा, बर्ष अनुसार ३७
चित्र ५.८.३ *Q-E12c.* स्वास्थ्य सेवाको गुणस्तर कायम गर्ने जिम्मेवार निकाय, बर्ष अनुसार ३७
चित्र ५.८.४ *Q-E12d.* सार्वजनिक स्वास्थ्य सेवाको गुणस्तरप्रतिको धारणा, बर्ष अनुसार ३८
चित्र ५.९.१ *Q- E13a.* सडकको गुणस्तरप्रतिको दृष्टिकोण, बर्ष अनुसार ३९
चित्र ५.९.२ *Q-E13b.* सडक मर्मत सम्भारको लागि जिम्मेवार निकाय, बर्ष अनुसार ३९
चित्र ५.९.३ *Q- E13c.* गाउँपालिका/नगरपालिकामा सडकको गुणस्तरमा भएको परिवर्तन, बर्ष अनुसार ४०
चित्र ५.९.४ *Q-E13f.* सडक सेवाको गुणस्तर सुधारका लागि सुझाव ४१
चित्र ५.१०.४ *Q-E16.* राम्रो सेवाको लागि थप स्थानीय कर तिर्न इच्छुकता, बर्ष अनुसार ४४
चित्र ५.१२.१ *Q-E18.* स्थानीय सरकारको विकास परियोजनाहरूको बारे जानकार, बर्ष अनुसार ४५
चित्र ५.१२.२ *Q-E19.* स्थानीय सरकारका सेवाहरूमा प्राथमिकतामा, बर्ष अनुसार ४६
चित्र ५.१२.३ *Q-E20.* नगरपालिका/गाउँपालिका/वडामा सार्वजनिक सुनुवाइको सचेतना, बर्ष अनुसार ४७
चित्र ५.१२.४ *Q-E23.* स्थानीय विकास योजनाहरूमा जनसहभागीता, बर्ष अनुसार ४८
चित्र ५.१४.१ *Q-F1A.* जनताका आवश्यकताहरूप्रति स्थानीय सरकारको तदारूकताप्रतिको धारणा, बर्ष अनुसार ४९
चित्र ५.१४.२ *Q-E13g.* स्थानीय सरकारले प्रदान गरेका सेवाहरूप्रतिको सन्तुष्टि, बर्ष अनुसार ५०
चित्र ५.१४.३ *Q-E10H_a,b,c.* शिक्षा, स्वास्थ्य र सडक सम्बन्धी सेवाहरू प्रतिको औसत सन्तुष्टि, बर्ष अनुसार (अंक) ५१
चित्र ५.१५.१ *Q-F6.* स्थानीय चुनावले जनताको जीवनस्तरमा आशातित सुधारहुने कारणहरू ५२
चित्र ५.१५.२ *Q-F7.1.* मतदान गर्ने निर्णयको आधार, बर्ष अनुसार ५३
चित्र ५.१५.३ *Q-F8.* निर्वाचित स्थानीय प्रतिनिधिहरूसंगको सम्पर्क र सम्पर्कको नतिजा, बर्ष अनुसार ५४
चित्र ६.१.१ *Q-G1.* स्थानीय आर्थिक अवस्थाप्रतिको धारणा, बर्ष अनुसार ५५
चित्र ६.२.१ *Q-G4.* औसत मासिक घरायसी आम्दानी, बर्ष अनुसार ५७
चित्र ६.२.२ *Q-G5.* घरपरिवारको आम्दानीमा आएको परिवर्तन, बर्ष अनुसार ५८
चत्र ६.२.३ *Q-G6C.* व्यक्तिगत आम्दानी, बर्ष २०२२ ५९
चित्र ६.३.१ *Q-G12.* वैदेशिक रोजगारीमा जानको लागि प्रोत्साहित गर्ने, वर्ष अनुसार ६०
चित्र ६.३.२ *Q-G12.4.* वैदेशिक रोजगारीको लागि प्रोत्साहन, बर्ष अनुसार ६०
चित्र ६.३.३ *Q-G14A.* रेमिट्यान्स (विप्रेषण)मा परिवर्तन, बर्ष अनुसार ६२
चित्र ६.३.४ *Q-G14B.* रेमिट्यान्सको प्रयोग, बर्ष अनुसार ६३
चित्र ६.४.१ *Q-G21.a.* बीमाको बारेमा सचेतना, बर्ष अनुसार ६३
चित्र ६.५.१ *Q-G23a* र *Q-G23b.* स्थानीय क्षेत्रमा रोजगारी र आय आर्जनका अवसरहरू, बर्ष अनुसार ६५
चित्र ६.६.१ *Q-H5.* स्थानीय सरकारका गतिविधिहरूको लागि जानकारीको स्रोत, बर्ष अनुसार ६६
चित्र ६.६.२ *Q-H6.* स्थानीय गाउँपालिका/नगरपालिकाहरूले सार्वजनिक गर्नुपर्ने सूचनाका प्रकारहरू ६७
चित्र ७.१.१ *Q-I3.* कोभिड-१९ व्यवस्थापनमा सरकारको भूमिका, बर्ष अनुसार ६८
चित्र ७.१.२ *Q-I6.* कोभिड-१९ बाट सामाजिक-आर्थिक पुनरूत्थान कार्य गर्न सरकारबाट अपेक्षा ७०

# तालिकासुची

तालिका २.७.१ *Q-B7.* घरपरिवारको अवस्था, बर्ष अनुसार ..... १३
तालिका २.८.१ *Q-B8.* पैसा अभावका कारण घरायसी अनुभव,, बर्ष अनुसार ..... १४
तालिका ३.१.१ *Q-C3A–R.* विगतका बर्षहरूमा अनुभव गरिएका हिंसा तथा अपराधका घटनाहरू, बर्ष अनुसार ..... १५
तालिका ४.१.१ *Q-D1.* भौगोलिक क्षेत्र अनुसार मातृभाषा ..... १९
तालिका ४.२.१. *Q-D2a-e.* नेपाली भाषाभन्दा अन्य भाषा आफ्नो मातृभाषा भएको कारण असुविधाको महसुस, बर्ष अनुसार ..... २०
तालिका ४.३.१ *Q-D3a-e.* जात/जातीयताको कारण असुविधा, बर्ष अनुसार ..... २१
तालिका ४.४.१ *Q-D4a–g.* महिला र यौनिक तथा लैङ्गिक अल्पसंख्यक भएकै कारण असुविधा, बर्ष अनुसार ..... २१
तालिका ४.६.१ *Q-D10a–m.* लैङ्गिक समानताबारे धारणाः बर्ष अनुसार ..... २४
तालिका ४.७.१ *Q-D11a-l.* विभिन्न संस्थाहरुमा स्वीकार्य नेतृत्वदायी पदहरु, बर्ष अनुसार ..... २५
तालिका ५.२.१ *Q-E8a.1- E8a.10.* सामाजिक सुरक्षा कार्यक्रमहरु बारेमा जानकारी र कार्यक्रम बाट लाभ प्राप्ती, बर्ष अनुसार ..... २७
तालिका ५.३.१ *Q-E9a-v.* संस्थाहरुप्रतिको विश्वास, बर्ष अनुसार ..... २८
तालिका ५.५.१ *Q-E10a-E10p.* सेवाहरु लिंदाको अनुभव, बर्ष अनुसार ..... ३१
तालिका ५.६.१ *Q-E11.* सरकारी वा निजी विद्यालयमा बालबालिका भर्ना, वर्ष अनुसार ..... ३२
तालिका ५.६.२ *Q-E11c* र *Q-E11Aiii.* शिक्षाका गुणस्तर कायम गर्ने जिम्मेवार निकाय, बर्ष अनुसार ..... ३४
तालिका ५.६.३ *Q-E11g.* विद्यालयको शैक्षिक गुणस्तर सुधारका लागि सुझाव, बर्ष अनुसार ..... ३४
तालिका ५.१०.१ *Q-E15Ai-Mi.* हालको करप्रतिको दृष्टिकोण, बर्ष अनुसार ..... ४२
तालिका ५.१०.२ *Q-E16Ai-iv.* करमा विचार, बर्ष अनुसार ..... ४३
तालिका ५.११.१ *Q-E17a-g.* सेवाको लागि घुस दिनुपरेको, बर्ष अनुसार ..... ४५
तालिका ५.१३.१ *Q-F1i–iv.* स्थानीय जनताप्रति निर्वाचित पदाधिकारीको चासो ..... ४९
तालिका ६.३.१ *Q-G13.* रेमिट्यान्स (विप्रेशण) पाउने संख्या, बर्ष अनुसार ..... ६१
तालिका ६.४.१ *Q-G21B.A1-H1.* विभिन्न प्रकारका बिमाबारे सचेतना र स्वामित्व, बर्ष अनुसार ..... ६४
तालिका ७.१.१ *Q-I4.A-H.* कोरोना संक्रमण कम गर्न र फैलिन नदिन सरकारले गरेको प्रयासका मुल्यांकन ..... ६९
तालिका ७.३.१ *Q-I10.* कोरोना महामारीको सामना गर्न अपनाइएका रणनीतिहरु ..... ७१

# १. परिचय

नेपाली जनमत सर्वेक्षण २०२२, मुलुकका सातै प्रदेशका ५ सय ८८ वडाबाट प्रतिनिधिमूलक रूपमा छानिएका ७ हजार ५६ जना नेपालीजनमा गरिएको सर्वेक्षण हो । यो प्रतिवेदन बागमती प्रदेशका ८४ वडाबाट प्रतिनिधिमूलक रूपमा छानिएका १ हजार ८ जनामा गरिएको सर्वेक्षणमा आधारित छ । यस प्रतिवेदनमा प्रस्तुत नतिजाहरूले देशको समग्र दिशा, घरपरिवारको अवस्था, स्थानीय अवस्था, सुरक्षा, पहिचान र सामाजिक सम्बन्ध, सुशासन, सार्वजनिक सेवा प्रवाह, निर्वाचन, राजनीतिक सहभागीता, आर्थिक दृष्टिकोण र कोभिड-१९ ले सामाजिक-आर्थिक अवस्थामा पारेको प्रभावका बारेमा बागमती प्रदेशको नेपालीजनका धारणा प्रस्तुत गर्दछ ।

यो सर्वेक्षण शृंखला पहिलो पटक स्थानीय चुनाव सम्पन्न भएलगत्तै सन् २०१७ मा शुरू गरिएको थियो । त्यसपछिका सर्वेक्षणहरु सन् २०१८ र सन् २०२० मा सम्पन्न गरिएका थिए । सन् २०२० मा सम्पन्न सर्वेक्षणले कोभिड-१९ अघिको अवस्थालाई समेटेको थियो भने सन् २०२२ को यो श्रृत्तलाले कोभिड-१९ ले देशभर पारेको सामाजिक-आर्थिक प्रभावबारे नेपालीजनको विचारलाई प्रस्तुत गरेको छ । यस सर्वेक्षणको तथ्याङ्क संकलन कार्य मे १३, २०२२ मा सम्पन्न भएको दोस्रो स्थानीय निर्वाचन पछि सन् २०२२ अगष्टमा गरिएको थियो । त्यसकारण, यो सर्वेक्षणका निष्कर्षहरूलाई देशको संघीय, प्रादेशिक र स्थानीय सरकारका पाँच वर्षको अवधिलाई नेपालीजनले कसरी मुल्यांकन गरेका रहेछन् भनेर तिनै तहका सरकारको रिपोर्ट कार्डको रूपमा पनि लिन सकिन्छ ।

नेपाली जनमत सर्वेक्षण, २०२० यता नेपाल लगायत विश्वव्यापी रूपमा महत्त्वपूर्ण घटनाहरु घटेका छन् । नेपालमा संसद विघटन भयो र सर्वोच्च अदालतको आदेशपछि पुनःस्थापना पनि भयो । यसको साथै देशमा नयाँ चुनावी गठबन्धन बन्यो, प्रधानन्यायाधीश विरूद्धको महाअभियोग प्रस्ताव आयो, भ्रष्टाचार काण्डका श्रृत्त्ला देखा परे, राष्ट्रव्यापी रूपमा कोभिड-१९ ले निम्त्याएको बन्दाबन्दी भोग्नुपर्यो, आपूर्तिमा अवरोध आयो र विश्वव्यापी आर्थिक मन्दी र रूस-युक्रेन युद्धका कारण मुद्रास्फीति बढ्न गयो । यी घटनाहरूले नेपालको विकासको गति र नागरिकहरूको दैनिक जीवनमा ठूलो प्रभाव पारेका थिए, जुन कुरा सर्वेक्षणको निष्कर्षमा पनि झल्किएको छ । यद्यपि, सर्वेक्षणका निष्कर्षहरूले भने नमूनामा परेका नागरिकहरूले तथ्याङ्क सङ्कलनको समयमा व्यक्त विचारको मात्र प्रतिबिम्बित गर्दछ ।

नेकपा एमालेका अध्यक्ष केपी ओली नेतृत्वको सरकार विघटनपछि त्यसको धक्का बागमती प्रदेशमा पनि पर्यो । नेकपा एमाले बागमती प्रदेशका मुख्यमन्त्री तथा संसदीय दलको नेता डोरमणि पौडेलले राजीनामा दिएपछि पार्टीमा आएको आन्तरिक गुट सन्तुलनमा आएको बदलावले अष्टलक्ष्मी शाक्य संसदीय दलको नेतामा सर्वसम्मत रूपमा निर्वाचित भइन् । त्यसपछि प्रदेश प्रमुख विष्णुप्रसाद प्रसाईंले नेपालको संविधानको धारा १६८ (१) बमोजिम अष्टलक्ष्मी शाक्यलाई मुख्यमन्त्रीमा नियुक्त गर्नुभएको हो । त्यसपछि पनि बागमती प्रदेश सरकार प्रभावित भयो । एमालेबाट फुटेर माधवकुमार नेपालको नेतृत्वमा नेकपा (एकीकृत समाजवादी) बनेपछि र उक्त पार्टीले समर्थन नगरेपछि शाक्य सरकार पनि ढल्यो । त्यसपछि तत्कालीन सत्तारूढ दल नेपाली कांग्रेस र नेकपा माओवादीको समर्थनमा २७ अक्टोबर, सन् २०२१ मा राजेन्द्रप्रसाद पाण्डे प्रदेशको मुख्यमन्त्री नियुक्त भए । तथापि, सन् २०२२ मे १३ मा भएको स्थानीय निर्वाचन र त्यसको नतिजाले बागमती प्रदेशको जनमतलाई असर गरेको देखिन्छ ।

यसअघिका सर्वेक्षणहरूले संघीय संरचना र स्थानीय सरकारको कार्यशैली लगायत मुलुकको समग्र दिशाप्रति आशावादी रहेको धारणा राख्नेहरूको अनुपात स्थिर रहेको देखाएका थिए । यस बर्षको बागमती प्रदेशको सर्वेक्षणले भने अघिल्ला चरणहरूको नतिजा विपरीत देशको समग्र दिशा, आर्थिक अवस्था र राजनीतिक सहभागीता र सुशासनका सम्बन्धमा नेपालीजन कम आशावादी रहेको देखाएको छ।

बागमती प्रदेशमा गरिएको यस बर्षको सर्वेक्षणमा देश सही दिशामा अघि बढिरहेको छ भन्ने नेपालीको संख्या सबैभन्दा कम ३०.५% रहेको छ । कोभिड-१९ ले देश र व्यक्तिगत घरपरिवारमा पारेको सामाजिक-आर्थिक प्रभाव सर्वेक्षणको नतिजामा प्रस्ट देखिन्छ । यसबाट पुनर्स्थापना हुन नेपालीजनले सरकारबाट सुधारिएको स्वास्थ्य सेवा, नगद योजना, रोजगारीका अवसर र बालबालिकालाई शैक्षिक सहयोगको अपेक्षा गरेका छन् । बागमती प्रदेशमा थोरै नेपालीले मात्र आफ्नो घरको आर्थिक अवस्था अघिल्लो बर्षको तुलनामा राम्रो भएको बताएका छन् । बढ्दो भ्रष्टाचार, मुद्रास्फीति, बिग्रँदै गएको आर्थिक अवस्था, र जागिर पाउने कठिनाई जस्ता समस्याहरू भने सन् २०२२ को सर्वेक्षणमा जल्दोबल्दो समस्याको रूपमा देखापरेका छन् । राजनीतिक दलहरूमाथि जनताको विश्वास कम हुँदै गएको देखिन्छ । आर्थिक गतिविधिप्रति सकारात्मक दृष्टिकोण राख्नेहरूको अनुपात सन् २०२० मा ३९.५% रहेकोमा सन् २०२२ मा २१.०% मा झरेको पाइन्छ ।

बागमती प्रदेशमा देशको समग्र दिशाप्रति आशावादी हुनेहरूको अनुपात न्यून रहनुको बावजुद पनि स्थानीय क्षेत्र र स्थानीय सरकारप्रति भने जनताको अनुकूल धारणा रहेको सर्वेक्षण तथ्याङ्कले संकेत गरेको छ । सन् २०२० को तुलनामा स्थानीय अवस्था सुधार हुँदै गएको छ भनी विश्वास गर्नेहरूको प्रतिशतमा थोरै कमी आएको भएपनि देशको समग्र दिशाको दृष्टिकोणको तुलनामा यो सख्या अझै दोब्बरभन्दा बढी छ । संघीय र प्रदेश सरकारको तुलनामा स्थानीय सरकारप्रति नेपालीजनको विश्वास बढ्दै गएको देखिन्छ । त्यसैगरी, स्थानीय सरकारले प्रदान गर्ने सेवाप्रति समग्र सन्तुष्टि ४७% रहेको छ ।

बागमती प्रदेशमा स्थानीय सरकारबाट सेवा लिन सहज ठान्ने उत्तरदाताहरूको हिस्सा बढेको छ । कोभिड-१९ को व्यवस्थापनका लागि स्थानीय सरकारहरूले प्रभावकारी भूमिका खेलेको कुरा धेरैले उल्लेख गरेका छन् । लगभग आधा जति उत्तरदाताहरूले स्थानीय सरकारको भूमिका गत बर्ष जत्तिकै रहेको बताए । तर, स्थानीय शासन प्रक्रियामा जनचेतना र सहभागीताको स्तर भने न्यून रहेको छ । लिंग, जात/जाति र नेपालीबाहेक अन्य मातृभाषाका कारण सार्वजनिक सेवाहरु प्राप्त गर्दा र आफ्नो कार्यस्थलमा कार्य गर्दा अप्ठ्यारो महसुस गर्ने उत्तरदाताहरुको संख्या पछिल्ला केही बर्षहरूमा कमी हुँदै आएको देखिएको छ । आय, हिङ्खुल र निर्णय प्रकृयामा महिलाको नियन्त्रण हुनुपर्छ भन्ने सन्दर्भमा पनि अनुकूल विचार राख्नेहरूको अनुपातमा वृद्धि भएको पाइएको छ ।

जातीय, लिंग, शिक्षा र भौगोलिक स्थान जस्ता कुराले उत्तरदाताहरूको मतमा आउने भिन्नता सर्वेक्षणको निष्कर्षहरूमा प्रस्ट रुपमा देखिन्छन् । राष्ट्रिय प्रतिवेदनले मुख्य निष्कर्षहरु र चरहरु बीच महत्त्वपूर्ण भिन्नताहरूलाई मात्र प्रस्तुत गरेको छ । यस बागमती प्रदेशको संक्षिप्त प्रतिवेदनले विशेषगरी यस प्रदेशको प्रादेशिक भिन्नतालाई केही विस्तारमा प्रस्तुत गरेको छ । यो प्रादेशिक संक्षिप्त प्रतिवेदनले निम्न छ वटा बृहत् विषयहरुमा मुख्य निष्कर्षहरु प्रस्तुत गर्दछः

**जनताको दृष्टिकोण र राष्ट्रिय भावनाः** देशको सामान्य दिशाप्रति नेपालीजनका दृष्टिकोण, उनीहरु बसेको क्षेत्रको अवस्था र उनीहरुको घरपरिवारको अवस्थामा के सुधार भयो र के समस्याहरु अझै बाँकी छन् ।

**सुरक्षा र विवाद समाधानः** नेपालीजनको सुरक्षाको भावना, अपराध, हिंसाको अनुभव, विवाद समाधानका लागि प्राथमिकताका निकायहरु र ती निकायले न्याय प्रदान गर्दछन् भन्ने जनविश्वासको स्तर ।

**पहिचानः** भाषिक, जातिय र लैंगिक पहिचानले भेदभाव, सामाजिक मूल्य-मान्यताहरु र नेतृत्वसम्बन्धी धारणा ।

**सुशासन र राजनीतिक सहभागीताः** स्थानीय स्तरको पुनर्संरचना प्रति धारणा, संस्थाहरुप्रतिको विश्वास, सरकारी सेवाहरु, सार्वजनिक सेवा प्रवाह र तिनको गुणस्तर (शिक्षा, स्वास्थ्य सेवा, र सडक) बारे चेतना, स्थानीय चुनाव र कर सम्बन्धी धारणा ।

**आर्थिक दृष्टिकोण र सूचनामा पहुँचः** स्थानीय आर्थिक अवस्था, घरायसी आम्दानी, आप्रवास र विप्रेषण, सचेतना र बीमामा पहुँच र सूचना र जानकारीको रूचाइएका स्रोतहरु सम्बन्धी विचार ।


**कोभिड-१९ को प्रभावः** कोभिड-१९ व्यवस्थापन गर्न सरकारले निर्वाह गरेको भूमिका, सामना गर्ने रणनीतिहरु र सामाजिक-आर्थिक सुधारका लागि गर्नुपर्ने आवश्यक कार्य ।

# २. देशको समग्र अवस्थाप्रतिको बागमतीको धारणा

## २.१. देशको अवस्था

सन् २०२२ मा राष्ट्रव्यापी तथ्याङ्क र बागमती प्रदेशको तथ्याङ्क दुवैले बागमती प्रदेशका उत्तरदाताहरु देशको दिशाप्रति कम आशावादी रहेको देखाउँछ । समग्रमा दशमध्ये चार जना (४१.८%) नेपालीहरूले मात्र देश सही दिशामा अघि बढेको विश्वास गर्छन् भने बागमती प्रदेशका दशमध्ये तीन जना (३०.५%) उत्तरदाताहरूले मात्र देश सही दिशामा बढेको विश्वास गर्छन् । सर्वेक्षणका सबै बर्षहरूमा अन्य प्रदेशहरूको तुलनामा बागमती प्रदेशका बासिन्दाहरूमा समग्रमा देशले लिएको दिशाप्रति आशा औसतभन्दा निकै कम रहेको छ ।

विभिन्न बर्षको सर्वेक्षणले देशले लिएको दिशाप्रति आशावादी हुने बागमती प्रदेशका उत्तरदाताहरूको अंशमा उतारचढाव भएको देखाउँछ । सन् २०१७ को तुलनामा सन् २०१८ मा देश सही दिशातिर जाँदैछ भन्ने बागमती प्रदेशका उत्तरदाताहरूको अनुपात ५.३% अंकले घटेको मा, सन् २०२० मा भने १७.३% अंकले बृद्धी भएको थियो र सन् २०२२ मा उक्त अंशमा पुनः १४.१% अंकले गिरावट आएर ३०.५% पुगेको छ । समग्रमा देश गलत दिशातिर जाँदैछ भनेर सोच्ने उत्तरदाताहरूको अंश सन् २०१७ देखि सन् २०२२ सम्म १३.५% अंकले बढेको छ (सन् २०१७ मा ५४.२%, सन् २०२२ मा ६७.४%) ।





*चित्र २.१.१: Q-B1a. देशको समग्र (सामाजिक, आर्थिक, राजनीतिक, धार्मिक, सांस्कृतिक, भौतिक) अवस्थालाई विचार गर्दा तपाईंलाई देश सहि दिशातिर गइरहेको जस्तो लाग्छ छ कि, गलत दिशातिर गइरहेको जस्तो लाग्छ ? (संख्या = १००८)*

उत्तरदाताहरूको जनसांख्यिकीय आधारमा पनि केही विशेष भिन्नता रहेका छन् । उदाहरणका लागि, ५५ वर्ष र माथि उमेर समूहका (२८.७%) उत्तरदाताहरु भन्दा १८-२४ वर्ष उमेर समूहका अधिक (३५.४%) युवाहरूले देशले लिएको दिशा तर्फ सकारात्मक दृष्टिकोण राख्छन् । यसैबीच, औपचारिक शिक्षा नभएकाहरु (५२%) को तुलनामा उच्च शिक्षा (स्नातक र माथिको डिग्री) हासिल गरेका कम (१९.९%) उत्तरदाताहरु देशले लिएको दिशाप्रति आशावादी रहेको पाइएको छ । त्यसै गरी, बागमती प्रदेशका शहरी नगरपालिकाका (२६.७%) उत्तरदाताहरु भन्दा गाउँपालिकाका बढी (३८.८%) उत्तरदाताहरु देशले लिएको दिशाप्रति आशावादी रहेका छन् ।

बागमती प्रदेशका सामाजिक-जातीय समूहहरूको आधारमा हेर्दा पहाडी आदिवासी/जनजाति समूहका (३६.९%) उत्तरदाताहरूको तुलनामा पहाडी जाति समुदायका कम (२१.५%) सदस्यहरु देश सही दिशामा बढेको कुरामा आशावादी रहेका छन् । प्रादेशिक औसत (३०.६%) को तुलनामा, मधेसी (आदिवासी/जनजाति) समूदायका कम (२५%) उत्तरदाताहरु देश सही दिशातिर बढेको छ भन्नेमा सकारात्मक रहेको देखिन्छ । साथै बागमती प्रदेशमा सबैभन्दा बढी (७१.४%) मधेसी जाति (स्तर-२) समूदायका उत्तरदाताहरु देश सही दिशातिर बढेको छ भन्नेमा सकारात्मक रहेको देखिन्छ ।

उत्तरदाताहरूलाई देशको समग्र अवस्थाको साथ-साथै सामाजिक, आर्थिक, राजनीतिक, सांस्कृतिक र भौतिक स्थिति बारेमा पनि उनीहरूको दृष्टिकोण जान्न प्रश्नहरू राखिएको थियो । सन् २०२० को तुलनामा सन् २०२२ मा देशको सामाजिक, सांस्कृतिक, आर्थिक, राजनीतिक र भौतिक अवस्था सही दिशातिर गइरहेको छ भनेर बिश्वास गर्नेको संख्या प्रष्ट घटेको देखिन्छ (चित्र २.१.२) । बागमती प्रदेशका आधाभन्दा बढी उत्तरदाताहरू देशको सामाजिक (५४.२%), सांस्कृतिक (५४.७%) र भौतिक पूर्वाधारका (५१.५%) अवस्थाहरू प्रति सकारात्मक देखिएका छन् भने थोरै उत्तरदाताहरूले देश आर्थिक रूपमा (१९.१%) र राजनीतिक रूपमा (१६.०%) सही दिशामा अघि बढेको बताएका छन् ।





*चित्र २.१.२: Q-B1b-f. देशको सामाजिक, आर्थिक, राजनीतिक, धार्मिक, सांस्कृतिक, भौतिक अवस्थालाई विचार गर्दा तपाईंलाई देश सही दिशातिर गइरहेको छ जस्तो लाग्छ कि गलत दिशातिर गइरहेको जस्तो लाग्छ ? (संख्या = १००८)*

## २.२. आशावादी हुनुका कारणहरू

देश सही दिशामा अघि बढेको विश्वास गर्ने बागमती प्रदेशका ३०.५% उत्तरदाताहरूलाई आशावादी हुनुको मुख्य कारण बताउन आग्रह गरिएको थियो । धेरैजसो (४४.१%) उत्तरदाताहरूले बाटोघाटोको अवस्था राम्रो हुनु, शिक्षाको पहुँचमा वृद्धि हुनु (१८.३%), बिजुलीको आपूर्तिमा सुधार हुनु (१६.५%) र खानेपानी सेवा, सुविधामा सुधार हुनु (१२.३%) नै आशावादी हुनुको सबैभन्दा मुख्य कारणहरू भएको बताएका छन् ।

सन् २०१७, सन् २०१८, सन् २०२० र सन् २०२२ को सर्वेक्षण संस्करणमा हेर्ने हो भने, बागमती प्रदेशमा बाटोघाटोको अवस्था सुधार भएको उल्लेख गर्ने उत्तरदाताहरूको हिस्सामा वृद्धि भएको छ । उत्तरदाताहरूको यो हिस्सा सन् २०१७ मा रहेको १५.९% बाट बढेर सन् २०१८ मा २६.५% पुगेकोमा सन् २०२० मा उक्त हिस्सामा अझ वृद्धि भई २९.३% पुगेको र सन् २०२२ मा भने उक्त हिस्सामा १४.८% अंकले बृद्धी भई ४४.१% मा पुगेको छ । त्यस्तै, शिक्षाको पहुँचमा वृद्धि भएको उल्लेख गर्ने उत्तरदाताहरूको हिस्सा सन् २०१७ मा रहेको ७.१% बाट बढेर सन् २०२२ मा १८.३% पुगेको छ । नयाँ संविधानले देशमा सकारात्मक परिवर्तन ल्याएको, समग्रमा देशको आर्थिक स्थितिमा सुधार आएको र स्थानीय निर्वाचनले सकारात्मक परिवर्तन ल्याएको भनी उल्लेख गर्ने उत्तरदाताहरूको हिस्सा सन् २०१७ को तुलनामा सन् २०२२ मा घटेको पाइएको छ ।

**आशावादी हुनुका कारणहरू, बर्ष अनुसार**




*चित्र २.२.१: Q-B2 [यदि Q–B1 मा "देश समग्रमा सही दिशातिर गइरहेको छ" भन्ने जवाफ आएमा] तपाईलाई देश समग्रमा सही दिशातिर गए जस्तो किन लाग्छ ? (संख्या = ३०८)*[१]

## २.३ समस्या र चुनौतीहरू


सर्वेक्षणका क्रममा बागमती प्रदेशका उत्तरदाताहरूलाई देशले हाल भोगिरहेका समस्या तथा चुनौती के-के हुन् भनी केही प्रश्नहरु सोधिएको थियो । अत्यावश्यक वस्तुको मूल्यवृद्धि, भ्रष्टाचारमा बृद्धि र जीविकोपार्जनका लागि काम गर्न

१ सन् २०१७ र सन् २०१८ मा उत्तरदाताहरूलाई देश समग्रमा सही दिशातिर गए जस्तो लाग्छ भने किन का प्रमुख दुई कारणहरु उल्लेख गर्न भनिएको थियो तर सन् २०२० र सन् २०२२ मा उत्तरदाताहरूलाई देश समग्रमा सही दिशातिर जानुका धेरै कारणहरु उल्लेख गर्न अनुमति दिइएको थियो । विभिन्न सर्वेक्षणहरूमा देश समग्रमा सही दिशातिर गए जस्तो लाग्छ भने प्रमुख कारणहरु सही तरिकाले तुलना गर्नको लागि सन् २०२० र सन् २०२२ मा पनि उत्तरदाताहरूको पहिलो दुई प्रतिक्रियाहरु लिएर विश्लेषण गरिएको थियो।

कठिनाइलाई बागमती प्रदेशका जनताले समग्रमा मुलुकले भोग्नुपरेको प्रमुख समस्याका रूपमा लिएका छन् । करीब पाँचमध्ये दुई (४१.१%) उत्तरदाताहरूले अत्यावश्यक वस्तुहरूको मूल्य बढेको उल्लेख गरेका छन् भने ३९.४% उत्तरदाताहरूले बढ्दो भ्रष्टाचार देशको सबैभन्दा ठूलो समस्या भएको बताएका छन् । देशको बिग्रँदै गएको आर्थिक अवस्था (१५.१%) र कर वृद्धि (११.०%) अन्य सामान्य रूपमा उद्धृत गरिएका समस्याहरु हुन् ।

सर्वेक्षणको नतिजाले बागमती प्रदेशमा बसोबास गर्ने उत्तरदाताहरूमा देशले भोगिरहेका मुख्य समस्या तथा चुनौतीहरू बारेको धारणा समयसँगै बदलिएको देखाएको छ । उदाहरणका लागि, सन् २०१७ र सन् २०१८ मा धेरै व्यक्तिहरूले बढ्दो भ्रष्टाचारलाई प्रमुख समस्याको रूपमा उल्लेख गरेका थिएन्न तथापि सन् २०२० मा भने ६२% उत्तरदाताहरूले यसलाई मुख्य समस्याको रूपमा उद्धृत गरेका थिए भने सन् २०२२ मा उत्तरदाताहरूको यो अंशमा २२.७% अंकले घटेर ३९.४%  पुगेको छ । त्यसैगरी, अत्यावश्यक वस्तुहरूको मूल्यवृद्धिलाई देशले सामना गरिरहेको प्रमुख समस्याको रूपमा उल्लेख गर्ने उत्तरदाताहरूको अंशमा भने हरेक बर्ष वृद्धि भएको छ । सन् २०१७ मा ११.९% र सन् २०१८ मा २०% उत्तरदाताहरूले अत्यावश्यक वस्तुहरूको मूल्यवृद्धिलाई देशले सामना गरिरहेको प्रमुख समस्याको रूपमा उल्लेख गरेका थिए भने उत्तरदाताहरूको यो हिस्सा सन् २०१८ को तुलनामा सन् २०२२ मा झण्डै दुई गुणाले बढेर (४१.१%) पुगेको छ । सर्वेक्षणका बर्षहरूमा, ठूलो संख्यामा बागमती प्रदेशमा मानिसहरूले जिविकोपार्जन गर्न र काम पाउन गाह्रोलाई देशले सामना गरिरहेको प्रमुख समस्याको रूपमा उल्लेख गरेका थिए । यसो भन्ने उत्तरदाताहरूको अंश सन् २०२० मा १९.७% रहेकोमा सन् २०२२ मा भने लगभग उस्तै २१.९% मा रहेको छ ।

**देशले भोगिरहेका मुख्य समस्या तथा चुनौतीहरूबारे धारणा, बर्ष अनुसार**




*चित्र २.३.१: Q–B3. तपाईंलाई अहिले देशले भोगिराखेको प्रमुख समस्याहरु के के हुन् जस्तो लाग्छ ? (संख्या = १००८)*[२]

## २.४ स्थानीय क्षेत्रको अवस्था


सन् २०२२ मा, बागमती प्रदेशका उत्तरदाताहरूलाई उनीहरूको स्थानीय क्षेत्र (जहाँ उनीहरु धेरै जसो बस्छन् र काम गर्छन) को अवस्था सुध्रिएको छ वा बिग्रदै गईरहेको छ भनेर प्रश्न सोधिएको थियो, बागमती प्रदेशमा बसोबास गर्ने दुई

२ सन् २०१७ र सन् २०१८ मा उत्तरदाताहरूलाई देशले हाल भोगिरहेका प्रमुख दुई समस्या तथा चुनौती के-के हुन् उल्लेख गर्न भनिएको थियो तर सन् २०२० र सन् २०२२ मा उत्तरदाताहरूलाई देशले हाल भोगिरहेका समस्या तथा चुनौतीका धेरै कारणहरु उल्लेख गर्न अनुमति दिइएको थियो । विभिन्न सर्वेक्षणहरूमा देशले हाल भोगिरहेका समस्या तथा चुनौती के-के हुन् भने प्रमुख कारणहरु सही तरिकाले तुलना गर्नको लागि सन् २०२० र सन् २०२२ मा पनि उत्तरदाताहरूको पहिलो दुई प्रतिक्रियाहरु लिएर विश्लेषण गरिएको थियो ।

तिहाई (६७%) उत्तरदाताहरूले आफ्नो स्थानीय क्षेत्रको समग्र अवस्थाप्रति आशावादी रहेको उल्लेख गरे भने दशमध्ये तीन जना (३०.७%) उत्तरदाताहरूले आफ्नो स्थानीय क्षेत्रको अवस्था बिग्रँदै गइरहेको बताएका छन् ।

सन् २०१७ मा ४१.४% र सन् २०१८ मा अलि कम ३९.७% उत्तरदाताहरूले आफ्नो स्थानीय क्षेत्रको समग्र अवस्थाप्रति आशावादी रहेको उल्लेख गरका थिए । सन् २०२० मा आफ्नो स्थानीय क्षेत्रमा सुधार भइरहेको छ भनेर उल्लेख गर्ने उत्तरदाताहरूको अनुपात सन् २०१८ को तुलनामा लगभग दुई गुणाले बढेता पनि सन् २०२२ मा सो अंशमा १२% अंकले गिरावट आएको छ ।

**स्थानीय क्षेत्रको अवस्था, बर्ष अनुसार**




*चित्र २.४.१: Q-B4a. समग्रमा, यहाँको स्थानीय ठाउँको (गाउँपालिका/नगरपालिका) अवस्था कस्तो लाग्छ ?*
*[सामाजिक, आर्थिक, राजनीतिक, धार्मिक, सांस्कृतिक, भौतिक पूर्वाधारको आधारमा] (संख्या= १००८)*

५५ वर्ष र माथिका उमेर समूहका (६२.९%) उत्तरदाताहरु भन्दा १८-२४ वर्ष उमेर समूहका धेरै (७५.०%) युवाहरु, आफ्नो स्थानीय क्षेत्रप्रति आशावादी रहेका छन् । त्यसैगरी, औपचारिक शिक्षा नभएका (७१.१%) उत्तरदाताहरुको तुलनामा स्नातक र सोभन्दा माथि अध्ययन गरेका कम (५६.४%) उत्तरदाताहरु आफ्नो स्थानीय क्षेत्र प्रति आशावादी रहेको देखियो । त्यस्तै, ग्रामीण नगरपालिका (६७.८%) र शहरी नगरपालिका (६६.६%) को उत्तरदाताहरु बीच आफ्नो स्थानीय क्षेत्रप्रति आशावादीतामा कुनै महत्त्वपूर्ण भिन्नता देखिएन ।


पहाडी जातिको तुलनामा मधेसी समुदायका धेरै सदस्यहरूले आफ्नो स्थानीय क्षेत्रमा सुधार भइरहेको बताएका छन् । प्रादेशिक औसत (६७.०%) को तुलनामा, कम (५५.१%) पहाडी दलितहरु आफ्नो स्थानीय क्षेत्रप्रति आशावादी रहेका छन् ।

## २.५ स्थानीय क्षेत्रको अवस्थामा सुधारका कारणहरू

स्थानीय तहको समग्र अवस्था सुधार हुँदै गएको उल्लेख गर्ने बागमती प्रदेशका (६७.०%) उत्तरदाताहरूलाई त्यसको कारण सोध्दा अधिकांशले बाटोघाटोको अवस्थामा सुधार हुनु, खानेपानी आपूर्तिमा सुधार आउनु र विद्युत आपूर्तिमा सुधार आउनुलाई आफ्नो स्थानीय क्षेत्रको अवस्थामा सुध्रिएको विश्वास गरेका छन् । झण्डै आधा (४९.७%) उत्तरदाताहरूले सडक र बाटोघाटोमा सुधार भएको उल्लेख गरेका छन् भने झण्डै पाँचमध्ये एक (१९.६%) ले खानेपानी आपूर्तिमा सुधार भएको विश्वास गरेका छन् । विद्युत आपूर्तिमा सुधार हुन (१३.३%), सामाजिक पक्षहरु राम्रो हुनु (११.६%) र शिक्षा पहुँच बढ्नु (११.१%) उत्तरदाताहरूले उद्धृत गरेका अन्य कारण रहेका छन् ।

लगातारका चार सर्वेक्षण बर्षहरूमा बागमती प्रदेशका उत्तरदाताहरूमा बाटोघाटोको अवस्थामा सुधार हुनुनै स्थानीय क्षेत्रको अवस्थाहरु प्रति आशावादी हुनुको प्रमुख कारण रहेको देखिन्छ । सर्वेक्षणका चारवटै संस्करणमा बाटोघाटोमा सुधार हुनु सबैभन्दा बढी उल्लेख गरिएको कारण रहेको छ । सन् २०१७ मा ४८.७% उत्तरदाताहरूले बाटोघाटोको अवस्थामा सुधार रहेको उल्लेख गरेका थिए, सन् २०१८ मा उक्त हिस्सामा १५.६% अंकले वृद्धि भई ६४.३% भएको थियो, सन् २०२० मा भने उक्त हिस्सामा १३.९% अंकले गिरावट आई ५०.४% पुगेको र सन् २०२२ मा लगभग उस्तै रह्यो । त्यस्तै, खानेपानीको आपूर्तिमा सुधार भएको विश्वास गर्ने उत्तरदाताहरूमा पनि उतार-चढावको प्रवृति रहेको देखाउँछ । सन् २०१७ मा ९.७% उत्तरदाताहरूले, सन् २०१८ मा २०.५% उत्तरदाताहरूले, सन् २०२० मा फेरि ९% उत्तरदाताहरूले र सन् २०२२ मा १९.६% उत्तरदाताहरूले खानेपानीको आपूर्तिमा सुधार भएको विश्वास गरेको देखिन्छ ।

**स्थानीय अवस्थाहरूमा आशावादी हुनुका कारणहरू, बर्ष अनुसार**




*चित्र २.५.१: Q-B5. [यदि Q-B4a. मा "सुध्रिरहेको छ" भन्ने जवाफ आएमा] समग्रमा गएको एक बर्ष र अहिलेको अवस्थालाई तुलना गर्दा तपाई बसेको स्थानीय (गाउँपालिका/नगरपालिका) ठाउँमा के के कुराहरूमा सुधार भएको जस्तो लाग्छ? (संख्या= ६७५)*[3]

## २.६ स्थानीय तहका समस्या र चुनौतीहरू


बागमती प्रदेशका जनताले व्यक्त गरेका स्थानीय तहका प्रमुख समस्या र चुनौतीहरूमा अत्यावश्यक वस्तुको मूल्यवृद्धि, बाटोघाटोको बिग्रँदो अवस्था, काम पाउन र जीविकोपार्जनमा कठिनाइ, खानेपानी सुविधाको पर्याप्त सुधार नहुनु, फोहोरमैला व्यवस्थापन सेवा कमजोर हुनु र स्थानीय कर बढ्नु जस्ता रहेका छन् ।

दशमध्ये तीन (३०.७%) उत्तरदाताहरूले अत्यावश्यक वस्तुको मूल्यवृद्धि भएको, २०.९% उत्तरदाताहरूले सडकको अवस्था बिग्रिएको उल्लेख गरेका छन् । त्यसै गरी उत्तरदाताहरूको समान अंशले भने काम पाउन कठिनाई हुनु (१८%), पर्याप्त

३ सन् २०१७ र सन् २०१८ मा उत्तरदाताहरूलाई स्थानीय क्षेत्रमा सुधार हुनुका प्रमुख दुई कारणहरु उल्लेख गर्न भनिएको थियो तर सन् २०२० र सन् २०२२ मा उत्तरदाताहरूलाई स्थानीय क्षेत्रमा सुधार हुनुका धेरै कारणहरु उल्लेख गर्न अनुमति दिइएको थियो । विभिन्न सर्वेक्षणहरूमा स्थानीय क्षेत्रमा सुधार हुनुका प्रमुख कारणहरु सही तरिकाले तुलना गर्नको लागि सन् २०२० र सन् २०२२ मा पनि उत्तरदाताहरूको पहिलो दुई प्रतिक्रियाहरु लिएर विश्लेषण गरिएको थियो ।

खानेपानी सुविधा नहुनु (१७%) र फोहोर व्यवस्थापन कमजोर हुनु (१६.७%) ईत्यादी स्थानीय क्षेत्रमा देखिएका प्रमुख समस्या र चुनौतीहरु भएको बताए ।

सर्वेक्षणका वर्षहरूमा स्थानीय क्षेत्रमा अत्यावश्यक वस्तुको मूल्य वृद्धिलाई प्रमुख समस्याको रूपमा उल्लेख गर्ने बागमती प्रदेशका जनताहरूको हिस्सामा निरन्तर बृद्धी भएको छ । सन् २०१७ मा रहेको ८.७% बाट बृद्धी भएर सन् २०१८ मा १३.२% र सन् २०२० मा २५.८% पुगेकोमा सन् २०२२ मा उक्त अनुपातमा बृद्धी भएर ३०.७% पुगेको छ । बिग्रिएको सडक अवस्थालाई समस्याको रूपमा उल्लेख गर्ने उत्तरदाताहरूको अंशमा तीव्र गिरावट आएको छ (सन् २०१७ मा रहेको ५९.३% बाट सन् २०२२ मा २०.९%) । त्यसैगरी, पर्याप्त पिउने पानी सुविधा नभएको उल्लेख गर्ने उत्तरदाताहरूको अनुपात सन् २०१७ मा रहेको ४५.९% बाट सन् २०२२ मा १७% मा झरेको छ । अघिल्ला वर्षहरूमा भन्दा भिन्दै उत्तरदाताहरूले सन् २०२२ मा फोहोर व्यवस्थापन कमजोर रहेको पनि उल्लेख गरेका छन्, जुन स्थानीय तहमा नयाँ चुनौतीको रुपमा रहेको छ ।




*चित्र २.६.१: Q-B6. तपाईंको विचारमा यहाँका स्थानीय स्तरका प्रमुख समस्याहरु के के हुन् ? (संख्या = १००८)*[४]

भौगोलिक आधारमा उत्तरदाताहरूको प्रतिक्रियाहरूमा केही भिन्नताहरु देखिएका छन् । हिमाली क्षेत्रका (३७.६%) उत्तरदाताहरूले बाढी र पहिरो जस्ता प्राकृतिक प्रकोपहरु भएको, सडकको अवस्था बिग्रिएको (३३.४%), स्थानीय स्तरमा आधारभूत कृषि र पशु स्वास्थ्य सेवाहरूमा पहुँच नभएको (२८.५%) र अन्य क्षेत्रहरूका मानिसहरु भन्दा यस क्षेत्रका मानिसहरु अझै पनि आधारभूत स्वास्थ्य सेवा सुविधाहरु बाट बन्चित भएको (२०.६%) जस्ता समस्याहरु उल्लेख गरेका छन्, भने पहाडी क्षेत्रका

४ सन् २०१७ र सन् २०१८ मा उत्तरदाताहरूलाई स्थानीय क्षेत्रका प्रमुख दुई समस्याहरु उल्लेख गर्न भनिएको थियो तर सन् २०२० र सन् २०२२ मा उत्तरदाताहरूलाई स्थानीय क्षेत्रका धेरै समस्याहरु उल्लेख गर्न अनुमति दिइएको थियो । विभिन्न सर्वेक्षणहरूमा स्थानीय क्षेत्रका प्रमुख समस्याहरु सही तरिकाले तुलना गर्नको लागि, सन् २०२० र सन् २०२२ मा पनि उत्तरदाताहरूको पहिलो दुई प्रतिक्रियाहरु लिएर विश्लेषण गरिएको थियो ।

उत्तरदाताहरूले अत्यावश्यक वस्तुहरूको मूल्य बृद्धी भएको (३३.५%), फोहोरमैलाको उचित व्यवस्थापन नभएको (२०.४%), खानेपानी आपूर्ति/सुविधाहरूमा पर्याप्त सुधार नभएको (२०%) जस्ता समस्याहरु उल्लेख गरेका छन् । तराई क्षेत्रका उत्तरदाताहरूको उच्च अनुपातले स्थानीय करमा निरन्तर बृद्धी भएको (४३%), बढ्दो गरिबी (३१.७%), बढ्दो भ्रष्टाचार (२७.३%) र जिविकोपार्जन र काम पाउन कठिनाई हुनु (२१.९%) लाई स्थानीय क्षेत्रका प्रमुख समस्याको रूपमा चित्रण गरेका छन् ।

गाउँपालिकाका १३.१% उत्तरदाताहरूले अझै पनि आधारभूत शिक्षा उपलब्ध नभएको, सडकको अवस्था बिग्रिएको (३०.६%) र आधारभूत स्वास्थ्य सेवामा पहुँच नभएको (१३.१%) उल्लेख गरेका छन् । शहरी नगरपालिकाका उत्तरदाताहरूले जीविकोपार्जन गर्न र काम पाउन गाह्रो भएको (१९.६%), अत्यावश्यक वस्तुहरूको मूल्य बढेको (३३.५%), स्थानीय करमा बृद्धि हुनु (१७.१%) र फोहोर व्यवस्थापन कमजोर रहनु (२४.१%) लाई स्थानीय क्षेत्रमा समस्याको रूपमा रहेको उल्लेख गरेका छन् । लिंग, उमेर समूह, शिक्षा र आयस्तरको आधारमा उत्तरदाताहरूको प्रतिक्रियाहरूमा भने खासै भिन्नता देखिएन ।

## २.७ घरपरिवारको अवस्था

अघिल्ला तीन बर्ष जस्तै सन् २०२२ को सर्वेक्षणमा पनि सम्पूर्ण उत्तरदाताहरूसँग उनीहरूको घरपरिवारको अवस्थाका विभिन्न पक्षहरु सुध्रिएको छ कि, उस्तै छ कि वा बिग्रिएको छ भनी सोधिएको थियो । जस अन्तरगत आर्थिक अवस्था, वासस्थानको भौतिक अवस्था, शारीरिक तथा स्वास्थ्य अवस्था, समुदायका अन्य मानिसहरूसंगको सम्बन्ध, सरकार र अधिकारीहरूसँगको सम्बन्ध, बिजुलीमा उनीहरूको पहुँच र खानेपानी आपूर्तिमा पहुँच लगायत नौ वटा शीर्षकमा प्रश्नहरू समावेश गरिएको थियो । उत्तरदाताहरूलाई नौ वटा शीर्षकमा आफ्नो राय दिदा एक देखि तीनको स्केलमा एक बर्षको अवधिलाई सम्झेर दिनुहोला भनी भनीएको थियो जसमध्ये १ ले "सुध्रिएको", २ ले "उस्तै रहेको" र ३ ले "अघिल्लो बर्ष भन्दा बिग्रिएको" भन्ने जनाउँद थियो ।

बागमती प्रदेशका अधिकांश उत्तरदाताहरूले सन् २०२२ मा आफ्नो समग्र घरायसी अवस्था अघिल्लो बर्षको जस्तै रहेको बताए । सन् २०२० मा आफ्नो घरपरिवारको आर्थिक अवस्था सुध्रिएको उल्लेख गर्ने उत्तरदाताहरूको हिस्सा २९.९% थियो, सन् २०२२ मा उत्तरदाताहरूको यो हिस्सा घटेर १७.७% सीमित भएको छ । त्यसैगरी, आफ्नो घरको भौतिक अवस्था सुध्रिएको उल्लेख गर्ने उत्तरदाताहरूको अनुपात सन् २०२० मा रहेको २४.४% को तुलनामा सन् २०२२ मा ५.४% अंकले गिरावट आएको छ । यसको विपरीत, घरको भौतिक अवस्था उस्तै रह्यो र बिग्रिएको छ भनी उल्लेख गर्ने उत्तरदाताहरूको हिस्सामा थोरै वृद्धि भएको छ भने बाँकी सबै घरपरिवारको अवस्थाको सुचांकहरूमा सुध्रिएको छ, उस्तै छ वा बिग्रिएको छ भनी उल्लेख गर्नेहरूको अंश सन् २०२० र सन् २०२२ मा केही हदसम्म स्थिर नै रहेको छ ।

### घरपरिवारको अवस्था, बर्ष अनुसार

| | बर्ष | सुध्रिएको छ | उस्तै छ | बिग्रिएको छ |
|---|---|---|---|---|
| घरको आर्थिक अवस्था | सन् २०१७ | २५.३% | ६०.७% | १४.०% |
| | सन् २०१८ | २२.२% | ७३.२% | ४.५% |
| | सन् २०२० | २९.९% | ६२.१% | ८.०% |
| | सन् २०२२ | १७.७% | ७१.५% | १०.८% |
| घर/वासस्थानको भौतिक अवस्था | सन् २०१७ | १४.०% | ७२.३% | १३.६% |
| | सन् २०१८ | २०.०% | ७८.३% | १.७% |
| | सन् २०२० | २४.४% | ७२.६% | २.९% |
| | सन् २०२२ | १९.०% | ७७.८% | ३.२% |
| घरका सदस्यहरूको स्वास्थ्यको अवस्था | सन् २०१७ | १२.५% | ७१.७% | १५.८% |
| | सन् २०१८ | १५.३% | ७८.७% | ६.०% |
| | सन् २०२० | १८.९% | ६९.८% | ११.३% |
| | सन् २०२२ | १८.४% | ७०.७% | १०.९% |
| समुदायका अन्य मानिसहरू संगको सम्बन्ध | सन् २०१७ | ३०.३% | ६८.३% | १.२% |
| | सन् २०१८ | १६.४% | ८२.९% | ०.७% |
| | सन् २०२० | १८.६% | ८०.७% | ०.७% |
| | सन् २०२२ | १७.१% | ८०.३% | २.६% |

| | बर्ष | सुध्रिएको छ | उस्तै छ | बिग्रिएको छ |
|---|---|---|---|---|
| स्थानीय सरकार र सरोकारवाला संगको सम्बन्ध | सन् २०१७ | २६.३% | ७१.२% | १.७% |
| | सन् २०१८ | १२.५% | ८६.८% | ०.७% |
| | सन् २०२० | १२.८% | ८६.७% | ०.६% |
| | सन् २०२२ | १४.०% | ८४.३% | १.७% |
| विधुत आपुर्तिको पहुँच | सन् २०१७ | ४१.५% | ५२.६% | ५.८% |
| | सन् २०१८ | ३३.६% | ६३.६% | २.८% |
| | सन् २०२० | ५५.०% | ४३.३% | १.७% |
| | सन् २०२२ | २०.२% | ७७.३% | २.५% |
| खानेपानीमा पहुँच | सन् २०१७ | ९.८% | ६२.८% | २७.४% |
| | सन् २०१८ | १३.९% | ७३.४% | १२.७% |
| | सन् २०२० | १७.८% | ६४.१% | १८.१% |
| | सन् २०२२ | १६.४% | ६९.४% | १४.२% |
| बजारहरूमा पहुँच | सन् २०२२ | १५.६% | ८१.६% | २.८% |
| सार्वजनिक यातायातमा पहुँच | सन् २०२२ | १५.०% | ८०.४% | ४.७% |

*तालिका २.७.१: Q-B7. गएको एक बर्ष र अहिलेको अवस्थालाई तुलना गर्दा अहिले निम्नको सन्दर्भमा तपाईँको घरपरिवारको अवस्था कस्तो छ, सुध्रिएको छ, उस्तै छ वा बिग्रिएको छ ? (संख्या= १००८) ('थाहा छैन', 'भन्न चाहन्न' र 'लागू नहुने' भन्ने उत्तरलाई समावेश गरिएको छैन)*

## २.८ घरायसी अनुभवहरू

गएको एक वर्षमा पैसा नभएको कारण खाना खान नपाएको वा औषधी उपचार गर्न नपाएको अथवा बच्चालाई विद्यालय पठाउन नपाएको अवस्था भोग्नु पर्यो भनी सोध्दा बहुसंख्यक उत्तरदाताहरूले यस्तो अवस्था भोग्नु नपरेको बताएका छन् । तर, सन् २०२२ मा विगतका बर्षहरूको तुलनामा गएको एक वर्षमा पैसा नभएको कारण "कहिलेकाहीँ" खाना खान नपाएको (६.४%), औषधी उपचार गर्न नपाएको (६.८%) र बालबालिकालाई विद्यालय पठाउन नपाएको (७.४%) अवस्था आइपर्यो भन्ने उत्तरदाताहरूको संख्यामा वृद्धि भएको छ ।

### पैसाको अभावको कारण घरायसी अनुभव, बर्ष अनुसार

| | वर्ष | सधैजसो | प्राय जसो | कहिले | कहिल्यै भएन |
|---|---|---|---|---|---|
| काहीँ पैसा नभएको कारण खाना किन्न नपाएर खाना नखाएको | सन् २०१८ | ०.०% | ०.०% | १.९% | ९८.१% |
| | सन् २०२० | ०.०% | ०.०% | १.२% | ९८.८% |
| | सन् २०२२ | ०.०% | ०.०% | ६.४% | ९३.६% |
| पैसा नभएको कारण औषधी उपचार गर्न नपाएको | सन् २०१८ | ०.०% | ०.०% | ४.६% | ९५.४% |
| | सन् २०२० | ०.०% | १.०% | ७.१% | ९१.८% |
| | सन् २०२२ | ०.४% | ३.०% | ६.८% | ८९.८% |
| पैसा नभएको कारण बालबालिकालाई विद्यालय पठाउन नपाएको | सन् २०१८ | ०.०% | ०.१% | २.४% | ९७.५% |
| | सन् २०२० | ०.०% | ०.५% | ३.९% | ९५.६% |
| | सन् २०२२ | ०.२% | ३.१% | ७.४% | ८९.३% |

*तालिका २.८.१: Q-B8. गत १२ महिनामा तपाई वा तपाईको घरपरिवारले पैसा नभएको कारणले तल उल्लेखित समस्याहरू कतिको सामना गर्नु पर्यो? (संख्या = १००८)*

# ३. व्यक्तिगत सुरक्षा र विवाद समाधान

## ३.१. हिंसा, अपराध र न्यायसम्बन्धी घरपरिवारका अनुभवहरू

बागमती प्रदेशमा विभिन्न प्रकारका हिंसा र आपराधिक गतिविधिहरू प्रति घरपरिवारको अनुभवलाई बुझ्न सर्वेक्षणमा विभिन्न प्रश्नहरु सोधिएको थियो । विभिन्न १७ किसिमका हिंसा वा अपराधबारे पढेर सुनाई उत्तरदाताहरू आफै वा परिवारका अन्य कुनै सदस्यहरूले विगत एक बर्षमा त्यस्ता कुनै अपराधिक घटना भोग्नुपर्‍यो कि परेन भनेर सोधिएको थियो ।

सर्वेक्षणमा बागमती प्रदेशका बहुसंख्यक (९०.३%) उत्तरदाताहरूले विगत एक बर्षमा कुनै किसिमका हिंसा वा अपराधको अनुभव नगरेको बताएका छन् । यद्यपि, ९.७% उत्तरदाताहरू वा उनीहरूका परिवारका सदस्यहरूले विगत एक बर्षमा हिंसा र अपराधको घटनाहरू मध्ये कम्तिमा एक घटना सामना गरेको बताएका छन् । उदाहरणका लागि, ४% उत्तरदाताहरु वा उनीहरूका परिवारका सदस्यहरूले विगत एक बर्षमा चोरीको अनुभव गरेको बताएका छन् । त्यसैगरी, पछिल्लो एक बर्षमा ३.५% उत्तरदाताहरू वा उनीहरूका परिवारका कुनै सदस्य उधारो वा लेनदेनमा ठगिएको र १.२% ले शारीरिक आक्रमण वा कुटपिटको सामना गरेको बताएका छन् ।

अघिल्लो बर्षको तुलनामा, सन् २०२२ मा हिंसा र अपराध सँग सम्बन्धित केहि घटनाहरूमा बाहेक अन्य घटनाहरूमा उत्तरदाताहरू वा उनीहरूका परिवारका कुनै सदस्यहरू हिंसा वा अपराधको अनुभव गरेको उल्लेख गर्ने उत्तरदाताहरूको अनुपात केही हदसम्म उस्तै रहेको छ । उदाहरणका लागि, आफ्नो घरपरिवार चोरीको शिकार भएको उल्लेख गर्नेहरूको अंश सन् २०२० मा ५.७% रहेको मा सन् २०२२ मा ४% रहेको छ । त्यस्तै उधारो वा लेनदेनमा ठगिएको उल्लेख गर्नेहरूको हिस्सा सन् २०२० मा ४.०% रहेको र सन् २०२२ मा ३.५% मा रहेको छ । यद्यपि, वैदेशिक रोजगारीका क्रममा आर्थिक शोषण भोग्नुपरेको बताउने उत्तरदाताहरूको अनुपात सन् २०१८ मा रहेको ०.३% बाट लगातार बढ्दै गई सन् २०२० मा ०.८% पुगेको र सन् २०२२ मा १.३% पुगेको छ । विगतका बर्षहरूमा अनुभव गरिएका हिंसा तथा अपराधका घटनाहरूका विस्तृत बिवरण तलको तालिका ३.१.१ मा प्रस्तुत गरिएको छ ।

**विगतका बर्षहरूमा अनुभव गरिएका हिंसा तथा अपराधका घटनाहरू, बर्ष अनुसार**

| | सन् २०१७ | सन् २०१८ | सन् २०२० | सन् २०२२ |
|---|---|---|---|---|
| चोरी | ३.९% | २.८% | ५.७% | ४.०% |
| कुटपिट/शारिरिक दुर्व्यवहार | ०.८% | ०.०% | १.१% | १.२% |
| हात हतियारबाट प्रहार | ०.३% | ०.०% | ०.२% | ०.२% |
| लेनदेनमा ठगिनु | ०.०% | ०.०% | ४.०% | ३.५% |
| डकैती, लुट | ०.३% | ०.०% | ०.४% | ०.५% |
| चन्दा आतंक | १.५% | ०.७% | ०.४% | ०.६% |

| | सन् २०१७ | सन् २०१८ | सन् २०२० | सन् २०२२ |
|---|---|---|---|---|
| सवारी साधन वा पार्टपुर्जा वा सवारीबाट समानको चोरी | ०.६% | ०.२% | ०.९% | ०.८% |
| गाई-बस्तु चोरी | ०.४% | ०.४% | ०.४% | ०.५% |
| राजनैतिक सभा सम्मेलन-याली, बन्द, हडतालमा कुनै किसिमको हिंसाको शिकार हुनुपरेको | ०.२% | ०.०% | ०.२% | ०.१% |
| अपहरण | ०.०% | ०.०% | ०.०% | ०.१% |
| हत्या वा हत्याको प्रयास | ०.३% | ०.०% | ०.१% | ०.१% |
| यौनजन्य दुर्व्यवहार | ०.०% | ०.२% | ०.०% | ०.४% |
| मानव बेचबिखन | ०.०% | ०.०% | ०.०% | ०.१% |
| लैगिक हिंसा (घरेलु हिंसा, कुरिती जस्तै बोक्सीको आरोप, छाउपढि, दाइजो) | ०.०% | ०.१% | ०.४% | ०.५% |
| वैदेशिक रोजगारीको सिलसिलामा व्यहोरेको शारीरिक शोषण | ०.०% | ०.०% | १.०% | ०.१% |
| वैदेशिक रोजगारीको सिलसिलामा व्यहोरेको यौनजन्य शोषण | ०.०% | ०.०% | ०.०% | ०.१% |
| वैदेशिक रोजगारीको सिलसिलामा व्यहोरेको आर्थिक शोषण | ०.०% | ०.३% | ०.८% | १.३% |

*तालिका ३.१.१: Q-C3A–R. गएको वर्ष भित्रमा तपाई वा तपाईका परिवारका कोही सदस्यहरू तलकामध्ये कुनै किसिमका चोरी, अपराध वा हिंसाबाट पिडित हुनुपरेको थियो? (संख्या = १००८)*

## ३.२ विवाद समाधानका अनुभव

सर्वेक्षणमा बागमती प्रदेशका उत्तरदाताहरूले विभिन्न किसिमका विवादहरू जस्तैः जग्गा सम्बन्धी, लेनदेन/ऋण सम्बन्धी, घरेलु हिंसा सम्बन्धी, कुनै अपराधबाट पिडित हुँदा वा मानहानी/झुटो आरोप अनुभव गर्दा त्यसको समाधानको लागि कुन व्यक्ति वा कुन संस्था बाट सहयोग लिनु भयो भनी पत्ता लगाउन प्रश्नहरु सोधियो थियो । यस प्रश्नको उत्तरमा अधिकांश उत्तरदाताहरूले प्रश्नावलीमा उल्लेख गरिए अनुसारका कुनै पनि प्रकारका विवादहरु सामना नगरेकोले उनीहरूमा यो प्रश्न लागु नहुने बताएका छन् ।


उत्तरदाताहरूको एकदमै थोरै अनुपात (०.१% देखि १.१% सम्म) ले विगत एक वर्षमा विभिन्न किसिमका विवादहरू समाधानका लागि मद्दत लिन आफू वा आफ्नो परिवारका सदस्यहरु कुनै न कुनै संस्था, अधिकारी वा व्यक्तिसँग गएको बताएको छन् । उधारो/ऋण सम्बन्धी विवादहरूको समाधानका लागि मद्दत खोज्ने उत्तरदाताहरूको अंश सन् २०२२ मा अपेक्षाकृत उच्च (१.१%) रहेको छ । त्यसैगरी, १% भन्दा कम उत्तरदाताहरूले मात्र आफू वा आफ्ना परिवारका सदस्यहरूले सन् २०२२ मा जग्गा सम्बन्धी विवाद, घरेलु हिंसा, अन्य प्रकारका हिंसा र मानहानीका मुद्दाहरु को समाधानका लागि मद्दत खोजेको उल्लेख गरेका छन् ।

सन् २०२२ मा ४६.३% उत्तरदाताहरूले आफूहरूले कहिल्यै पनि जग्गा सम्बन्धी विवादको सामना नगरेकोले आफुहरूमा उक्त प्रश्नहरू लागु नहुने बताएका छन् । सन् २०२० को तुलनामा सन् २०२२ मा भने आफूहरूमा जग्गा सम्बन्धी विवादका प्रश्नहरू लागु नहुने बताउने उत्तरदाताहरूको हिस्सा घटेको छ । सन् २०२० मा ७४.३% उत्तरदाताहरूले आफूले वा आफ्नो परिवारका सदस्यहरूले कहिल्यै पनि जग्गा विवादको सामना नगरेको बताएका छन् भने सन् २०२२ मा यो संख्या २८% अंकले घटेको छ ।

सन् २०२२ मा बागमती प्रदेशका आधाभन्दा बढी (५२.८%) उत्तरदाताहरूले आफूले वा आफ्नो परिवारका सदस्यहरूले जग्गा सम्बन्धी विवादको सामना गरेता पनि कुनै पनि संस्थाबाट सहयोग नखोजेको बताएका छन् । सन् २०२२ मा कुनै पनि संस्थाबाट सहयोग नखोज्ने उत्तरदाताहरू सन् २०२० मा रहेको (२२.९%) भन्दा दोब्बरले बढेको छ । यसै गरी लेनदेन/ऋण सम्बन्धी, घरेलु हिंसा सम्बन्धी, कुनै अपराधबाट पिडित हुँदाको बारेमा सोध्दा यस्तै प्रतिक्रिया उल्लेख गरिएको थियो । जग्गा सम्बन्धी विवाद बाहेकका अन्य विवादहरूमा भने र सन् २०२२ मा विवादहरूको समाधानका लागि मद्दत खोज्ने उत्तरदाताहरूको अंश समानै रहेको छ ।

विगत एक वर्षमा आफू वा आफ्ना परिवारका सदस्यहरूले विभिन्न किसिमका विवादहरू सामना गरेता पनि अधिकांशले विवाद समाधान गर्न कुनै पनि व्यक्ति वा संस्थाबाट सहयोग नलिएको बताएका छन् । उल्लेख गरीएका प्रत्येक विवादहरूमा दशमध्ये पाँच जना उत्तरदाताहरूले विवाद समाधान गर्न कुनै पनि संस्थाबाट सहयोग नलिएको बताएका छन् ।

**विवाद समाधानका लागि सहयोग खोज्ने उत्तरदाताहरू, बर्ष अनुसार**




*चित्र ३.२.१: Q-C8A-E. विगत एक वर्षमा तपाई वा तपाईको परिवारका सदस्यहरु निम्नलिखित विवाद वा झै-झगडा समाधानका लागि कुनै संस्था, अधिकारी वा व्यक्तिसँग विवाद समाधानका लागि मद्दत लिन जानुभएको छ? (संख्या = १००८)*


### विवाद समाधान संयन्त्र

बागमती प्रदेशका विवाद समाधान गर्न संस्था वा अधिकारीसंग मद्दत मागेका (२.३%) उत्तरदाताहरूलाई उनीहरूले सम्पर्क गरेका संस्था र अधिकारीहरूको बारेमा थप प्रश्न गरिएको थियो । अधिकांश उत्तरदाताहरूले जग्गा, ऋण, घरेलु हिंसा र अन्य अपराध वा हिंसाको विवाद समाधान गर्नको लागि औपचारिक संस्थाहरु जस्तैः प्रहरी र वडाध्यक्षको सहयोग लिने गरेको बताए ।

जग्गा सम्बन्धी विवाद समाधान गर्न धेरैजसो (४१.८%) ले प्रहरी र ३५% ले वडाध्यक्ष/सदस्यलाई सम्पर्क गरेको बताएका छन् । यस्तै, उधारो/ऋण सम्बन्धी विवाद समाधान गर्नको लागि (५५.७%), घरेलु हिंसा सम्बन्धी विवाद समाधान गर्नको लागि (१००%), अन्य हिंसा वा अपराध सम्बन्धी विवाद समाधान गर्नको लागि (१००%) र मानहानी/झूटो आरोप सम्बन्धी विवाद समाधान गर्नको लागि (१००%) उत्तरदाताहरू मद्दत लिन प्रहरीमा पुगेको बताउँछन् ।

### विवाद समाधान प्रक्रियाको नतिजा

विवाद समाधान गर्न गर्नको लागि विभिन्न संस्था वा अधिकारीहरू संग सहयोग माग्ने उत्तरदाताहरूलाई विवाद समाधानको लागि आफ्नो रोजाईमा परेको निकायबाट न्याय पाउनुभयो भनेर सोध्दा अधिकांशले उक्त संस्थाबाट न्याय पाएको उल्लेख गरेका छन् । जग्गा सम्बन्धी विवादका लागि विवाद समाधान संयन्त्रमा पुगेका ०.९% उत्तरदाताहरूमध्ये करिब ५८.३% ले न्याय पाएको, ९.३% ले प्रक्रियामा रहेको र ३२.४% ले न्याय नपाएको बताएका छन् । लेनदेन, उधारो/ऋण सम्बन्धी विवाद समाधान संयन्त्रमा पुगेका १.१% उत्तरदाताहरूमध्ये आधाभन्दा बढी (५१.८%) ले न्याय नपाएको, २०.१% ले प्रक्रियामा रहेको र २८.१% ले न्याय पाएको बताएका छन् । घरेलु हिंसा सम्बन्धी विवाद समाधान संयन्त्रमा पुगेका ०.३% उत्तरदाताहरूमध्ये करिब ५५.६% ले न्याय नपाएको, ४४.४% ले प्रक्रियामा रहेको उल्लेख गरेका छन् (चित्र ३.२.२) ।




*चित्र ३.२२: Q-C8a2-e2. [यदि Q-C8a-d.1 "छ" भने मा] समग्रमा उक्त निकायबाट न्याय पाउनु भयो कि भएन ?*

# ४. पहिचान

## ४.१ मातृभाषा

सन् २०२२ को सर्वेक्षणमा बागमती प्रदेशका उत्तरदाताहरूलाई उनीहरूको मातृभाषाको बारेमा सोध्दा आधाभन्दा बढी (५६.७%) ले आफ्नो मातृभाषा नेपाली भएको बताए[५] भने बाँकी ४३.३% ले नेपालीबाहेक अन्य भाषा आफ्नो मातृभाषा भएको बताएका छन् । उत्तरदाताहरूको सबैभन्दा बढी हिस्सा (२२.२%) ले तामा भाषालाई आफ्नो मातृभाषाको रूपमा उल्लेख गरेका छन्, त्यसपछि (१६.७%) ले नेवारी/नेपाल भाषा मातृभाषा भएको बताएका छन् ।

### भौगोलिक क्षेत्र अनुसार मातृभाषा

| | | समग्र | भौगोलिक क्षेत्र | | |
|---|---|---|---|---|---|
| | | | हिमाल | पहाड | तराई |
| देशभरि | नेपाली | ४८.३% | ६९.६% | ६६.९% | २९.४% |
| | नेपाली बाहेक अरू | ५१.७% | ३०.४% | ३३.१% | ७०.६% |
| बागमती प्रदेश | नेपाली | ५६.७% | ४२.३% | ५४.९% | ८५.०% |
| | नेपाली बाहेक अरू | ४३.३% | ५७.७% | ४५.१% | १५.०% |

*तालिका ४.१.१: Q-D1. तपाईको मातृभाषा के हो ? (संख्या = १००८)*

## ४.२. नेपालीबाहेक अन्य भाषा मातृभाषा हुँदाका असुविधाहरू

नेपाली बाहेक अन्य भाषा आफ्नो मातृभाषा भएको बताउने ४३.३% बागमती प्रदेशका उत्तरदाताहरूलाई आफ्नो मातृभाषाको सट्टा नेपाली भाषा बोल्नु पर्दा काम गर्ने ठाउँमा सहकर्मी वा अरू मानिसहरूसंग कुराकानी गर्दा, प्रहरीमा उजुरी गर्न जाँदा, सरकारी कार्यालयमा कुनै सेवा लिन जाँदा, स्वास्थ्य चौकी वा अस्पतालमा उपचार गर्न जाँदा, विद्यालय वा विश्वविद्यालयमा पढ्दा र सार्वजनिक कार्यक्रममा भाग लिँदा के-कस्ता असुविधा भोग्नु परेको छ भनी सोधिएको थियो ।

सन् २०२२ मा बागमती प्रदेशका अधिकांश उत्तरदाताहरूले सर्वेक्षणले उल्लिखित पाँच अवस्थाहरूमा आफ्नो मातृभाषाको सट्टा नेपाली भाषा बोल्नु पर्दा कुनै पनि प्रकारको अप्ठ्यारो महसुस गर्नु नपरेको बताएका छन् । यद्यपि, करीब १% देखि ३% उत्तरदाताहरूले आफ्नो मातृभाषाको सट्टा नेपाली भाषा बोल्नु पर्दा आफूहरूले अप्ठ्यारो महसुस गरेको बताउँछन् । आफ्नो मातृभाषाको सट्टा नेपाली भाषा बोल्नु पर्दा काम गर्ने ठाउँमा सहकर्मी वा अरू मानिसहरूसंग कुराकानी/अन्तरक्रिया गर्दा (३.४%) उत्तरदाताहरूले असुविधा महसुस गरेको बताएका छन् ।  काम गर्ने ठाउँमा सहकर्मी वा अरू मानिसहरूसंग कुराकानी/अन्तरक्रिया गर्दा नेपाली नेपाली भाषा बोल्नुपर्दा अप्ठ्यारो अनुभव गर्ने उत्तरदाताहरूको अनुपात तुलनात्मक रूपमा उच्च छ भने विद्यालय वा विश्वविद्यालयमा अध्ययन गर्दा अप्ठ्यारो अनुभव गर्नेको संख्या सबैभन्दा कम (०.५%) रहेको छ ।

---

५ २०११ को जनगणना अनुसार नेपाली कुल जनसंख्याको ४४.६% ले मातृभाषाको रूपमा बोल्छन् । तर सन् २०२१ को जनगणनाको प्रारम्भिक नतिजामा मातृभाषाको सन्दर्भमा पछिल्लो जनगणनाको तथ्याङ्क उपलब्ध छैन ।

सर्वेक्षणका चार बर्षको तथ्यांकलाई हेर्दा, आफ्नो मातृभाषाको सट्टा नेपाली बोल्नुपर्दा उल्लिखित पाँच अवस्थाहरूमा असुविधा महसुस गर्नेहरूको अनुपात सन् २०१७ को तुलनामा सन् २०२२ मा उल्लेखनीय रूपमा घटेको पाइएको छ । उदाहरणका लागि, सन् २०१७ मा लगभग २०% उत्तरदाताहरूले काम गर्ने ठाउँमा सहकर्मी वा अरू मानिसहरूसंग कुराकानी/अन्तरक्रिया गर्दा अप्ठ्यारो महसुस भएको बताएको थिए भने उत्तरदाताहरु यो अनुपात सन् २०२२ मा ३.४% मा झरेको छ । त्यसैगरी, सन् २०१७ मा १६.९% उत्तरदाताहरूले सार्वजनिक सेवा लिन सरकारी कार्यालयमा जाँदा आफ्नो मातृभाषाका कारण अप्ठ्यारो महसुस भएको उल्लेख गरेका थिए; यद्यपि, यो अंश सन् २०२२ मा घटेर २.३% पुगेको छ ।

**नेपाली भाषाभन्दा अन्य भाषा आ□नो मातृभाषा भएको कारण असुविधाको महसुस, बर्ष अनुसार**

| | असुविधा महसुस | सन् २०१७ | सन् २०१८ | सन् २०२० | सन् २०२२ |
|---|---|---|---|---|---|
| काम गर्ने ठाउँमा सहकर्मी वा अरू मानिसहरूसंग कुराकानी गर्दा (संख्या = ४२७) | भएको छ | २०.२% | ७.८% | ११.८% | ३.४% |
| | भएको छैन | ७९.८% | ९२.२% | ८८.२% | ९६.६% |
| आफुलाई परेको समस्या प्रहरीमा उजुरी गर्दा (संख्या = २७३) | भएको छ | १६.०% | १.६% | ७.६% | १.८% |
| | भएको छैन | ८४.०% | ९८.४% | ९२.४% | ९८.२% |
| सरकारी कार्यालयमा नागरिकता जन्मदर्ता, विवाहदर्ता आदि सेवा प्राप्त गर्न (संख्या = ४२२) | भएको छ | १६.९% | ४.३% | ११.६% | २.३% |
| | भएको छैन | ८३.१% | ९५.७% | ८८.४% | ९७.७% |
| स्वास्थ्य चौकी, अस्पतालमा सेवा वा उपचार गर्न (संख्या = ४२९) | भएको छ | १४.९% | ६.८% | ११.१% | ३.२% |
| | भएको छैन | ८५.१% | ९३.२% | ८८.९% | ९६.८% |
| विद्यालय वा विश्वविद्यालय विश्वविद्यालयमा अध्ययन गर्न (संख्या = २८०) | भएको छ | १४.२% | २.४% | ९.५% | ०.५% |
| | भएको छैन | ८५.८% | ९७.६% | ९०.५% | ९९.५% |
| सार्वजनिक कार्यक्रममा सहभागी हुँदा (संख्या = ३६६) | भएको छ | - | - | - | ०.९% |
| | भएको छैन | - | - | - | ९९.१% |

*तालिका ४.२.१: Q-D2a–e. [यदि Q-D1 मा मातृभाषा "नेपाली होइन" भन्ने आएमा] तलका बिभिन्न अवस्थामा तपाईको आफ्नो मातृभाषाको साट्टो नेपाली भाषा बोल्नुपर्दा असुविधा महसुस भएको छ? ('थाहा छैन', 'भन्न चाहन्न' र 'लागू नहुने' भन्ने उत्तरलाई समावेश गरिएको छैन)*

सर्वेक्षणमा उल्लेख गरिएका परिदृश्यहरूमा बागमती प्रदेशका मैथली, नेवारी/नेपाल र तामाङ भाषा मातृभाषा भएका उत्तरदाताहरूले खासगरी काम गर्ने ठाउँमा सहकर्मी वा अरू मानिसहरूसंग कुराकानी/अन्तरक्रिया गर्दा (मैथली १४.३%, नेवारी ४.६% र तामाङ २.५%), सार्वजनिक सेवा लिन सरकारी कार्यालयमा जाँदा (मैथली १४.३%, मैथली १.७% र तामाङ २.३%) र स्वास्थ्य चौकी, अस्पतालहरूमा स्वास्थ्य सेवाहरु पहुँच गर्दा (मैथली १४.३%, मैथली २.९% र तामाङ ३.८%) उत्तरदाताहरूले अप्ठ्यारो महसुस भएको बताएका छन् । त्यसैगरी आफ्नो मातृभाषा मगर बताउने ५.९% उत्तरदाताहरूले सार्वजनिक सेवा लिन सरकारी कार्यालयमा जाँदा अप्ठ्यारो महसुस भएको बताएका छन् ।

## ४.३. जात/जातीयताको कारण हुने असुविधाहरू

सर्वेक्षणमा बागमती प्रदेशका उत्तरदाताहरूलाई आफ्नो जात/जातीयताको कारणले काम गर्ने ठाउँमा सहकर्मी वा अरू मानिससंग कुराकानी गर्दा, प्रहरीमा उजुरी गर्दा, सरकारी कार्यालयमा नागरिकता जन्मदर्ता, विवाहदर्ता आदि बनाउन जाँदा, स्वास्थ्य चौकी वा अस्पतालमा उपचार गर्न जाँदा र विद्यालय वा विश्वविद्यालयमा पढ्दा कुनै असुविधा महसुस गर्नु परेको छ कि भनेर सोधिएको थियो ।

सन् २०२२ को तथ्यांक अनुसार, उल्लिखित पाँच अवस्थाहरूमा उल्लेखनीय संख्यामा उत्तरदाताहरूले आफ्नो जात/जातिको कारणले अप्ठ्यारो महसुस गर्नु नपरेको बताएका छन् । बागमती प्रदेशका (९९.८%) उत्तरदाताहरूले आफ्नो जात/जातिको कारणले काम गर्ने ठाउँमा सहकर्मी वा अरू मानिसहरूसंग कुराकानी गर्दा आफूले अप्ठ्यारो महसुस नगरेको उल्लेख गरेका छन् । यस्तैगरी, प्रहरीमा गएर उजुरी गर्दा (९९.७%), स्वास्थ्य चौकी वा अस्पतालमा उपचार गर्न जाँदा (१००.०%), विद्यालय वा विश्वविद्यालयमा पढ्दा (९९.८%) र सरकारबाट सार्वजनिक सेवाहरु प्राप्त गर्दा ( ९९.७%) उत्तरदाताहरूले आफ्नो जात/जातिको कारणले अप्ठ्यारो महसुस गर्नु नपरेको बताएका छन् ।

जात/जातीयताको कारणले बिभिन्न कार्यहरू गर्न अप्ठ्यारो महसुस गर्ने मानिसहरूको अनुपात समयसँगै घट्दै गएको छ (तालिका ४.३.१) । विगतका बर्षहरूको तुलनामा सन् २०२२ मा जात/जातीयताको कारणले काम गर्ने ठाउँमा सहकर्मी वा

अरू मानिसहरूसंग कुराकानी गर्दा असहज महसुस भएको उल्लेख गर्ने उत्तरदाताहरूको संख्या घटेको छ । उदाहरणका लागि, सन् २०१७ मा ४.५% उत्तरदाताहरूले काम गर्ने ठाउँमा सहकर्मी वा अरू मानिसहरूसंग कुराकानी गर्दा आफूलाई अप्ठ्यारो महसुस भएको प्रतिक्रिया दिएका थिए भने सन् २०२२ मा यस्तो प्रतिक्रिया दिने उत्तरदात्ताहरूको हिस्सा ०.२% मा झरेको छ । त्यस्तै, आफुलाई परेको समस्या आफ्नो जात/जातीयताको कारणले प्रहरीमा गएर उजुरी गर्न अप्ठ्यारो महसुस गर्ने उत्तरदाताहरूको अनुपात सन् २०१७ मा रहेको २.८% संग तुलना गर्दा सन् २०२२ मा घटेर ०.३% पुगेको छ ।

**जात/जातीयताको कारण असुविधा, बर्ष अनुसार**

| | असुविधा महसुस | सन् २०१७ | सन् २०१८ | सन् २०२० | सन् २०२२ |
|---|---|---|---|---|---|
| काम गर्ने ठाउँमा सहकर्मी वा अरू मानिसहरूसंग कुराकानी गर्दा (संख्या = ९८६) | भएको छ | ४.५% | १.०% | ३.०% | ०.२% |
| | भएको छैन | ९५.५% | ९९.०% | ९७.०% | ९९.८% |
| आफुलाई परेको समस्या प्रहरीमा उजुरी गर्दा (संख्या = ६५४) | भएको छ | २.८% | १.०% | १.३% | ०.३% |
| | भएको छैन | ९७.२% | ९९.०% | ९८.७% | ९९.७% |
| सरकारी कार्यालयमा नागरिकता जन्मदर्ता, विवाहदर्ता आदि सेवा प्राप्त गर्न (संख्या = ९७३) | भएको छ | ३.३% | ०.९% | ३.०% | ०.३% |
| | भएको छैन | ९६.७% | ९९.१% | ९७.०% | ९९.७% |
| स्वास्थ्य चौकी, अस्पतालमा सेवा वा उपचार गर्न (संख्या = ९९१) | भएको छ | २.५% | ०.९% | २.३% | |
| | भएको छैन | ९७.५% | ९९.१% | ९७.७% | १००.०% |
| विद्यालय वा विश्वविद्यालय अध्ययन गर्न (संख्या = ७०६) | भएको छ | २.३% | ०.५% | २.०% | ०.२% |
| | भएको छैन | ९७.७% | ९९.५% | ९८.०% | ९९.८% |

*तालिका ४.३.१: Q-D3a-e. उल्लेखित विभिन्न अवस्थामा तपाईंको आफ्नो जातजाति/समुदायको पहिचानले गर्दा तपाईंलाई असुविधा महसुस भएको छ ? ("भन्न चाहन्न भन्ने" र "लागू नहुने भन्ने" उत्तरलाई समावेश गरिएको छैन)*

बागमती प्रदेशको तराई क्षेत्रका गाउँपालिकाहरूमा बसोबास गर्ने मानिसहरूले विभिन्न निकायबाट सेवा लिँदा आफ्नो जात/जातीयताको कारणले असुविधाको महसुस भएको बढी उल्लेख गरेको देखिन्छ । २.१% पहाडी दलितहरूले काम गर्ने ठाउँमा सहकर्मी वा अरू मानिसहरूसंग कुराकानी गर्दा उनीहरूको जात/जातिको कारणले अप्ठ्यारो महसुस भएको प्रतिक्रिया दिएका थिए ।

## ४.४. लैङ्गिक कारण भोग्नुपरेको असहजता

महिला उत्तरदाताहरूको एक सानो अनुपातले सर्वेक्षणमा उल्लेख गरिएका विभिन्न परिस्थितिहरूमा महिला भएकै कारणले असुविधा महसुस गरेको उल्लेख गरेका छन्[६] । सार्वजनिक यातायातमा यात्रा गर्दा (५.६%) र सार्वजनिक स्थानहरूमा घुमफिर गर्दा (३%) महिला उत्तरदाताहरूले आफ्नो लैङ्गिक कारणले बढी अप्ठ्यारो महसुस गरेको बताए ।

विगतका बर्षको तुलनामा विभिन्न कार्यहरू गर्दा लिंगको कारण अप्ठ्यारो महसुस भएको उल्लेख गर्ने महिलाहरूको हिस्सामा गिरावट आएता पनि प्रहरी चौकीमा रिपोर्ट गर्दा २.३% र सरकारी सार्वजनिक सेवा प्राप्त गर्दा १.०% महिलाले महिला भएकै कारण अप्ठ्यारो महसुस गरेको बताएका छन् । यसैगरी आफ्नो कार्यस्थलमा सहकर्मी वा अरू मानिसहरूसंग कुराकानी गर्दा (१.१%), स्वास्थ्य सेवा लिंदा (०.८%) र विद्यालय/विश्वविद्यालयमा अध्ययन गर्दा (०.६%) महिलाहरूले महिला भएकैले असहज महसुस गरेको बताएका छन् ।

**महिला वा यौनिक तथा लैङ्गिक अल्पसंख्यक भएकै कारण असुविधा, बर्ष अनुसार**

| | असुविधा महसुस | सन् २०१७ | सन् २०१८ | सन् २०२० | सन् २०२२ |
|---|---|---|---|---|---|
| काम गर्ने ठाउँमा सहकर्मी वा अरू मानिसहरूसंग कुराकानी गर्दा (संख्या = ४९६) | भएको छ | ४.९% | ०.४% | ०.८% | १.१% |
| | भएको छैन | ९५.१% | ९९.६% | ९९.२% | ९८.९% |
| आफुलाई परेको समस्या प्रहरीमा उजुरी गर्दा (संख्या = २९४) | भएको छ | ३.७% | १.०% | ०.३% | २.३% |
| | भएको छैन | ९६.३% | ९९.०% | ९९.७% | ९७.७% |

६ यो प्रश्न महिला उत्तरदाताहरूलाई मात्र सोधिएको थियो ।

| | असुविधा महसुस | सन् २०१७ | सन् २०१८ | सन् २०२० | सन् २०२२ |
|---|---|---|---|---|---|
| सरकारी कार्यालयमा नागरिकता जन्मदर्ता, विवाहदर्ता आदि सेवा प्राप्त गर्न (संख्या = ४८८) | भएको छ | ३.९% | ०.८% | १.९% | १.०% |
| | भएको छैन | ९६.१% | ९९.२% | ९८.१% | ९९.०% |
| स्वास्थ्य चौकी, अस्पतालमा सेवा वा उपचार गर्न (संख्या = ५००) | भएको छ | २.३% | १.३% | १.३% | ०.८% |
| | भएको छैन | ९७.७% | ९८.७% | ९८.७% | ९९.२% |
| विद्यालय वा विश्वविद्यालय अध्ययन गर्न (संख्या = ३३०) | भएको छ | २.२% | ०.५% | १.५% | ०.६% |
| | भएको छैन | ९७.८% | ९९.५% | ९८.५% | ९९.४% |
| सार्वजनिक यातायातमा यात्रा गर्न (संख्या = ५०७) | भएको छ | - | २.१% | ८.८% | ५.६% |
| | भएको छैन | - | ९७.९% | ९१.२% | ९४.४% |
| सार्वजनिक स्थानहरूमा घुम्न/हिँड्न (संख्या = ५०५) | भएको छ | - | - | ६.२% | ३.०% |
| | भएको छैन | - | - | ९३.८% | ९७.०% |

*तालिका ४.४.१: Q-D4a–g. [महिला र यौनिक तथा लैङ्गिक अल्पसंख्यक महिलालाई मात्र सोधिएको] महिला वा यौनिक तथा लैङ्गिक अल्पसंख्यक भएकै कारणले उल्लेखित बिभिन्न अवस्थामा तपाईंलाई असुविधा महसुस भएको छ ? ('थाहा छैन', 'भन्न चाहन्न' र 'लागू नहुने' भन्ने उत्तरलाई समावेश गरिएको छैन)*

बागमती प्रदेशमा न्यून आय भएका घरपरिवारका महिलाहरु र पहाडी आदिवासी/जनजाति समुदायका महिलाहरूले उल्लेखित सबै परिस्थितिमा महिला भएकै कारण अप्ठ्यारो महसुस गरेको उल्लेख गरेका छन् । उदाहरणका लागि, ५.९% पहाडी आदिवासी/जनजाति महिलाहरूले सार्वजनिक यातायातमा यात्रा गर्न र सार्वजनिक स्थानहरूमा घुम्न/हिँड्न (२.९%) आफू महिला भएकोले अप्ठ्यारो महसुस गरेको उल्लेख गरेका छन् ।


## ४.५ सामाजिक सम्बन्ध

**अन्तर-जातीय विवाहप्रतिको धारणा**

सर्वेक्षणमा बागमती प्रदेशका उत्तरदाताहरूलाई अन्तरजातीय विवाहबारे उनीहरूको धारणा पनि सोधिएको थियो । अधिकांश उत्तरदाताहरु (८५%) ले आफ्नो छोरा वा छोरीले आफ्नो भन्दा फरक जात वा समुदायको केटा वा केटीसंग विवाह गरेमा स्वीकार गर्ने बताए । उत्तरदाताहरूको सानो अंश ८.५% ले भने अन्तरजातीय विवाहलाई स्वीकार नगर्ने कुरा उल्लेख गरे ।

आफ्नो छोराछोरीले अर्को जातिको छोराछोरीसंग विवाह गरेमा स्वीकार गर्ने भन्नेहरूको अनुपात विगतका सर्वेक्षण बर्षहरूमा थोरै उतार-चढावको ढाँचामा रहेका छ । अन्तर-जातीय विवाहलाई स्वीकार गर्ने उत्तरदाताहरूको अनुपात सन् २०१७ मा ७७.०% रहेकोमा सन् २०१८ मा थोरै अंकले बृद्धि भई ८४.८% पुगेको र सन् २०२० मा घटेर पुनः ७७.२% कायम रहेको थियो भने हाल सन् २०२२ मा उक्त अनुपात बृद्धि भई ८५% पुगेको छ । अर्कोतर्फ, आफ्ना छोराछोरीलाई आफ्नो जात बाहिर विवाह गर्न स्वीकार नगर्नेहरूको अनुपात सन् २०१७ मा उच्चतम (२२.१%) रहेकोमा सन् २०२२ मा न्युनत्तम (८.५%) रहेको छ ।

**अन्तरजातीय विवाहको स्वीकृति, बर्ष अनुसार**




*चित्र ४.५.१: Q-D9. तपाईंको सन्तानले आफ्नो भन्दा फरक जातसंग बिहे गरेका खण्डमा स्वीकार गर्नुहुन्छ कि गर्नुहुन्न ? (संख्या =१००८)*
*('भन्न चाहन्न' र 'लागू नहुने' भन्ने उत्तरलाई समावेश गरिएको छैन)*

बागमती प्रदेशमा पहाडी दलित समुदायका बढीनै (९२%), पहाडी आदिवासी/जनजाति समुदायका (८६.७%) र पहाडी जाति समुदायका (८२.७%) उत्तरदाताहरूले अन्तरजातीय विवाहलाई स्वीकार गरेको देखिन्छ । यसको विपरीत ५७.१% मुस्लिम उत्तरदाताहरु र २८.६% मधेसी आदिवासी/जनजाति समुदायका उत्तरदाताहरूले आफ्ना छोराछोरीले अर्को जातको व्यक्तिसँग विवाह गरेमा अस्वीकार गर्ने बताएका छन् ।

## ४.६ नेपाली समाजमा महिलाको स्थान

महिलाको स्थितिबारे नेपालीहरूको धारण बुझ्न उत्तरदाताहरूलाई महिलाहरूको अवस्था, लैंगिक समानता, लैंगिक पहिचान र लैंगिक भूमिकासंग सम्बन्धित आठ वटा कथनहरू प्रस्तुत गरिएको थियो । जसमाथि उनीहरूले "पुर्ण सहमत", "केहि सहमत", "केहि असहमत" र "पुर्ण असहमत" भनी आफ्नो प्रतिक्रिया दिन सक्थे ।

बागमती प्रदेशका दशमध्ये नौ जना (९६.६%) उत्तरदाताहरूले महिलाहरु राजनीतिमा संलग्न हुन सुहाउछ भन्ने कुरामा सहमती राख्दछन्[७] । ९७.४% उत्तरदाताहरूले महिलाहरूलाई घर बाहिर काम गर्न प्रोत्साहित गरिनुपर्छ भन्ने धारणा व्यक्त गर्छन । उत्तरदाताहरूको एक महत्त्वपूर्ण अनुपात निम्न कथनहरूमा असहमत[८] रहेका छन्: छोराहरु छोरीहरूभन्दा बढी महत्त्वपूर्ण छन् (८१.८%), सीमित कामहरु हुँदा पुरूषहरूलाई प्राथमिकता दिनुपर्छ (९३.३%) र श्रीमानबाहेक परिवारका अन्य पुरूष सदस्यहरूलाई (जस्तैः ससुरा, जेठाजु, देवर,..) आफुले भनेको नमानेको खण्डमा बुहारीलाई सजाय दिने अधिकार हुन्छ (९२.२%) (तालिका ४.६.१) ।

सर्वेक्षणका बर्षहरूमा, महिलाहरूको आफ्नो आय र निर्णयहरूमा नियन्त्रण हुनुहुँदैन भन्ने भनाइसंग असहमत हुने उत्तरदाताहरूको अनुपातमा विगतका वर्षहरूदेखि नै निरन्तर वृद्धि भएको देखिन्छ । सन् २०१८ मा यो संख्या ४४.८% थियो, सन् २०२० मा ६९.२% र सन् २०२२ मा वृद्धि भएर ८७.२% पुगेको देखिन्छ । त्यस्तै, आफ्नो परिवारको आर्थिक आवश्यकताहरु पुरा गर्ने जिम्मेवारी पुरूषको मात्रै हो भन्ने भनाइसंग असहमत हुने उत्तरदाताहरूको अनुपातमा विगतका वर्षहरूदेखि नै निरन्तर वृद्धि भएको देखिन्छ । यो हिस्सा सन् २०१८ मा ५६.९% रहेकोमा सन् २०२० मा वृद्धि भएर ७९.०% पुगेको र, अहिले सन् २०२२ मा फेरि वृद्धि भएर ८९.९% मा पुगेको पाइन्छ ।

---

७ उत्तरदाताहरूले भनेको 'केहि सहमत' र' पुर्ण सहमत' दुवै पक्षलाई जोडेर यहाँ 'सहमत' मात्र भनिएको छ।

८ उत्तरदाताहरूले भनेको 'केहि असहमत' र' पुर्ण असहमत' दुवै पक्षलाई जोडेर यहाँ 'असहमत' मात्र भनिएको छ।

**लैङ्गिक समानताबारे धारणा, बर्ष अनुसार**

| | बर्ष | एकदम सहमत | केहि सहमत | केहि असहमत | एकदम असहमत | थाहा छैन |
|---|---|---|---|---|---|---|
| परिवारमा छोरीभन्दा छोरा महत्वपूर्ण हुन्छ | सन् २०१७ | ०.९% | ८.५% | ४०.३% | ५०.४% | ०.०% |
| | सन् २०१८ | ३.७% | ७.०% | ३९.७% | ४९.७% | ०.०% |
| | सन् २०२० | ५.७% | ९.२% | १०.४% | ७४.८% | ०.०% |
| | सन् २०२२ | ४.५% | १३.६% | १७.८% | ६४.०% | ०.२% |
| महिलालाई घरबाहिर काम गर्न प्रोत्साहन गर्नु हुँदैन | सन् २०१७ | ०.१% | १.४% | ३४.१% | ६४.४% | ०.१% |
| | सन् २०१८ | ०.७% | १.८% | ५०.३% | ४७.०% | ०.२% |
| | सन् २०२० | ०.५% | १.७% | ७.६% | ९०.२% | ०.१% |
| | सन् २०२२ | ०.१% | २.५% | २६.५% | ७०.९% | ०.०% |
| महिलाहरूले राजनीतीमा संलग्न हुन सुहाउँदैन | सन् २०१७ | ७.०% | ७.६% | ३३.१% | ५२.१% | ०.०% |
| | सन् २०१८ | ५.४% | ८.४% | ५१.०% | ३५.०% | ०.२% |
| | सन् २०२० | ०.४% | १.३% | ९.३% | ८९.०% | ०.१% |
| | सन् २०२२ | ०.२% | ३.१% | २७.२% | ६९.४% | ०.०% |
| आय आर्जन गर्ने,घुमफिर गर्ने तथा अन्य निर्णय प्रक्रियामा महिलाहरूको नियन्त्रण हुनुहुँदैन | सन् २०१८ | १७.४% | ३७.३% | २५.१% | १९.७% | ०.४% |
| | सन् २०२० | १९.२% | ११.७% | ५.६% | ६३.६% | ०.०% |
| | सन् २०२२ | ३.०% | ९.८% | २०.०% | ६७.२% | ०.०% |
| यदि पत्नीले आफ्नो पतिको आज्ञा पालन गर्दैन भने, पतिले पत्नीलाई सजाय दिने अधिकार छ | सन् २०१८ | २.२% | ९.३% | ३९.६% | ४८.१% | ०.७% |
| | सन् २०२० | २.०% | ५.९% | ११.१% | ८१.१% | ०.०% |
| | सन् २०२२ | ०.३% | ९.७% | २२.७% | ६७.३% | ०.०% |
| जब रोजगारीका अवसरहरु सीमित हुन्छन्, पुरुषहरूलाई काममा बढी अधिकार हुनुपर्छ | सन् २०१८ | ३.४% | १५.५% | ४१.२% | ३९.०% | ०.९% |
| | सन् २०२० | १.२% | ५.९% | १०.१% | ८२.५% | ०.२% |
| | सन् २०२२ | ०.८% | ५.९% | २५.८% | ६७.५% | ०.०% |
| आफ्नो परिवारको आर्थिक आवश्यकता पूरा गर्ने जिम्मेवारी पुरूषको हो | सन् २०१८ | १४.९% | २८.३% | ३६.९% | २०.०% | ०.०% |
| | सन् २०२० | ७.९% | १३.०% | ११.६% | ६७.४% | ०.१% |
| | सन् २०२२ | १.८% | ८.४% | २३.४% | ६६.५% | ०.०% |
| श्रीमानबाहेक परिवारका अन्य पुरूष सदस्यहरूले (जस्तैः ससुरा, जेठाजु, देवर,..) भनेको नमानेको खण्डमा तिनमा बुहारीलाई सजाय दिनेअधिकार हुन्छ | सन् २०२० | २.१% | ३.९% | ६.४% | ८७.६% | ०.०% |
| | सन् २०२२ | ०.०% | ७.७% | २३.५% | ६८.७% | ०.०% |

*तालिका ४.६.१ः Q-D10a–m. नेपाली समाजमा रहेका महिला र पुरूषहरूको स्थानका बारेमा केही भनाइहरू पढेर सुनाईन्छ, ती भनाईप्रति तपाईं सहमत हुनुहुन्छ कि असहमत? (संख्या =१००८) ('भन्न चाहन्न' भन्ने उत्तरलाई समावेश गरिएको छैन)*

## ४.७ नेतृत्वदायी भूमिकामा लैगिक प्राथमिकता

राष्ट्रिय देखि स्थानीय स्तरसम्मका विभिन्न सरकारी र गैरसरकारी संस्थाहरूका दशवटा फरक-फरक तहको नेतृत्वदायी पदमा उत्तरदाताहरूले कसको नेतृत्वलाई स्वीकार गर्छन भनेर बुझ्न केही प्रश्नहरू सोधिएको थियो । जसमा उत्तरदाताहरूलाई "पुरूष", "महिला" वा "मुख्य कुरा व्यक्तिको सक्षमता हो, महिला पुरूष जो भएपनि हुन्छ" भन्ने कुरा रोज्न लगाइएको थियो ।

बागमती प्रदेशका अधिकांश उत्तरदाताहरूले विभिन्न संस्था वा संस्थाहरूमा कुनै पनि नेतृत्व पदका लागि व्यक्तिको लिंग महत्वपूर्ण मापदण्ड होइन भन्ने विश्वास गर्छन् । सबै दशवटा निकाय वा संस्थाका नेतृत्वदायी पदमा लैंगिक हिसाबले भन्दा पनि सक्षम व्यक्ति रोज्नेतिर उत्तरदाताहरूले झुकाव राखेका छन । सबै दश स्थानका लागि उत्तरदाताहरूको पाँचमध्ये चार भाग (८४.४%) ले सरकार देखि निजी क्षेत्र र सरकारी समूहसम्म विभिन्न संस्था/संस्थाहरूको नेतृत्व गर्न पुरूष र महिला दुवै समान रूपमा सक्षम छन् भनी विश्वास गर्छन् ।

यद्यपि, नेतृत्वदायी भूमिकाका लागि व्यक्तिको लिङ्ग महत्वपूर्ण कारक हो भन्ने विश्वास गर्नेहरूबीच उल्लेखनीय भिन्नता रहेको छ । नेतृत्वदायी पदमा पुरूषभन्दा महिलाहरू हुनुपर्छ भन्नेमा आफ्नो विचार राख्ने उत्तरदाताहरूको संख्या सर्वेक्षणमा

अनुपातको हिसाबले बढी रहेको छ । संघीय सरकारको प्रमुख कार्यकारी पदका लागि ३.८% उत्तरदाताहरूले पुरूषलाई र ७.२% उत्तरदाताहरूले महिलालाई प्राथमिकता दिएका छन् । त्यसैगरी, बचत तथा ऋण सहकारी संस्थाको अध्यक्ष पदका लागि पुरूषलाई ३.०% उत्तरदाताहरूले र बढी ११.९% उत्तरदाताहरूले महिलालाई प्राथमिकता दिएका छन् । सर्वेक्षण बर्षहरूमा, व्यक्तिको लिंग जस्तोसुकै भएपनि नेतृत्वको भूमिकामा रहने व्यक्ति सक्षम हुनुपर्छ भन्ने विश्वास गर्ने उत्तरदाताहरूको हिस्सामा उल्लेखनीय वृद्धि भएको छ । उदाहरणका लागि, संघीय सरकारको नेतृत्व पदमा सक्षम व्यक्ति हुनुपर्छ भनेर सोच्ने उत्तरदाताहरूको हिस्सा सन् २०१८ मा रहेको ३९.२% बाट बृद्धि भई सन् २०२० मा ७९.३% हुँदै सन् २०२२ मा ८७.७% पुगेको छ (तालिका ४.७.१) ।

### विभिन्न संस्थाहरूमा स्वीकार्य नेतृत्वदायी पदहरू, बर्ष अनुसार

| | बर्ष | महिला | पुरुष | सक्षम | थाहा छैन |
|---|---|---|---|---|---|
| व्यक्ति संघीय सरकारको कार्यकारी प्रमुखको पदमा | सन् २०१८ | २९.२% | ३१.५% | ३९.२% | ०.०% |
| | सन् २०२० | १३.१% | ७.६% | ७९.३% | ०.०% |
| | सन् २०२२ | ७.२% | ३.८% | ८७.७% | १.४% |
| प्रदेश सरकारको कार्यकारी प्रमुखको पदमा | सन् २०१८ | ३१.२% | २९.१% | ३९.७% | ०.०% |
| | सन् २०२० | ११.८% | ७.५% | ८०.८% | ०.०% |
| | सन् २०२२ | ६.६% | ४.०% | ८८.०% | १.५% |
| स्थानीय सरकारको कार्यकारी प्रमुखको पदमा | सन् २०१८ | ३५.९% | २४.५% | ३९.७% | ०.०% |
| | सन् २०२० | १३.८% | ४.६% | ८१.६% | ०.०% |
| | सन् २०२२ | ७.७% | २.९% | ८८.८% | ०.७% |
| वडाध्यक्ष पदमा | सन् २०१८ | ४०.५% | २३.६% | ३५.९% | ०.०% |
| | सन् २०२० | १३.३% | ५.८% | ८०.९% | ०.०% |
| | सन् २०२२ | ८.८% | २.६% | ८८.३% | ०.३% |
| राजनीतिक दलको अध्यक्ष पदमा | सन् २०१८ | ३०.८% | ३१.८% | ३७.४% | ०.०% |
| | सन् २०२० | १०.७% | ६.२% | ८३.१% | ०.०% |
| | सन् २०२२ | ७.८% | २.७% | ८८.९% | ०.५% |
| उपभोक्ता समूहहरूको अध्यक्ष पदमा | सन् २०१८ | ५०.२% | १५.२% | ३४.५% | ०.०% |
| | सन् २०२० | १९.०% | ३.०% | ७८.०% | ०.०% |
| | सन् २०२२ | १०.९% | २.८% | ८५.६% | ०.७% |
| बचत तथा ऋण सहकारी संस्थाको अध्यक्ष पदमा | सन् २०१८ | ५७.०% | ९.३% | ३३.८% | ०.०% |
| | सन् २०२० | २१.१% | २.२% | ७६.७% | ०.०% |
| | सन् २०२२ | ११.९% | ३.०% | ८४.८% | ०.३% |
| विद्यालय व्यवस्थापन समितिको अध्यक्ष पदमा | सन् २०१८ | ४०.३% | २४.७% | ३५.०% | ०.०% |
| | सन् २०२० | १३.३% | ५.६% | ८१.२% | ०.०% |
| | सन् २०२२ | ८.९% | ३.८% | ८६.७% | ०.६% |
| निजी कम्पनी/ संस्थाको कार्यकारी प्रमुख पदमा | सन् २०१८ | ३१.९% | ३०.२% | ३७.९% | ०.०% |
| | सन् २०२० | १२.१% | ४.१% | ८३.८% | ०.०% |
| | सन् २०२२ | ८.०% | ३.१% | ८८.१% | ०.८% |

*तालिका ४.७.१: Q-D11a-l. विभिन्न संघ संस्थामा नेतृत्वको बारेमा सोच्दा, उल्लेखित विभिन्न संघ संस्थाहरूमा तपाईंलाई महिला वा पुरुष कसको नेतृत्व बढी स्वीकार्य हुन्छ जस्तो लाग्छ? (संख्या = १००८)*


# ५. सुशासन र राजनीतिक सहभागीता

## ५.१ स्थानीय निकायको पुनर्संरचना

बागमती प्रदेशका उत्तरदाताहरूलाई स्थानीय निकायको पुनर्संरचनापछि स्थानीय सरकारको सेवा प्रवाहमा कुनै परिवर्तन आएको छ कि छैन भनी सोधिएको थियो । बागमती प्रदेशका पाँचमध्ये दुई (४२.९%) उत्तरदाताहरूले पुनर्संरचनाले स्थानीय सरकारको कार्यसम्पादन र सेवा प्रवाह क्षमतामा सुधार ल्याएको महसुस गरेका छन् । जबकि, आधाभन्दा कम (४८.७%) उत्तरदाताहरूले स्थानीय निकायको सेवा प्रवाह गर्ने क्षमतामा न त सुधार भएको र न बिग्रिएको बताए भने उत्तरदाताहरूको सानो हिस्सा (६.१%) ले भने स्थानीय निकायको सेवा प्रवाह क्षमताको स्तर खस्किएको धारणा राखेका छन् ।

स्थानीय निकायको पुनर्संरचनाले स्थानीय सरकारको सेवा प्रवाहको क्षमता अभिवृद्धिमा सहयोग पुगेको विश्वास गर्ने बागमती प्रदेशका उत्तरदाताहरूको हिस्सा सन् २०२० मा सबैभन्दा बढी (४७.६%) रहेकोमा सन् २०२२ मा यो हिस्सामा ४.७% अंकले घट्नगई ४२.९% पुगेको छ । अर्कोतर्फ, सर्वेक्षणका बर्षहरूमा स्थानीय निकायको सेवा प्रवाह गर्ने क्षमतामा न त सुधार भएको र न बिग्रिएको धारणा राख्ने उत्तरदाताहरूको अनुपात घट्बढ भएको देखिन्छ । सन् २०१७ मा २७.३% मा रहेको यो हिस्सा सन् २०१८ मा बढेर ५४.५% पुगेकोमा सन् २०२० मा १९.८% अंकले घट्नगई २८.९% पुगेकोमा सन् २०२२ मा यो हिस्सामा १९.८% अंकले बृद्धि भई ४८.७% मा पुगेको छ । त्यस्तै 'अहिले नै भन्न सकिन्न' भनेर विचार राख्ने उत्तरदाताहरूको अनुपात सन् २०१७ मा रहेको २१.६% बाट निरन्तर घट्दै सन् २०२० मा ७.४% मा झरेको मा सन् २०२२ मा यस हिस्सामा अझ ५.९% अंकले घट्नगई १.५% पुगेको छ ।

**स्थानीय निकायको पुनर्संरचनाप्रतिको दृष्टिकोण, बर्ष अनुसार**




*चित्र ५.१.१: Q-E4. तपाइको विचारमा पुनर्संरचनापछि जनतालाई सेवा प्रदान गर्ने स्थानीय सरकारको क्षमतामा कस्तो परिवर्तन भएको छ जस्तो लाग्छ ? (संख्या = १००८)*

बागमती प्रदेशमा उच्च आय भएका घरपरिवार, रोजगारीमा आबद्द र पहाडी तथा शहरी नगरपालिकामा बसोबास गर्ने उत्तरदाताहरूले स्थानीय निकायको पुनर्संरचनाले स्थानीय सरकारको सेवा प्रवाहको क्षमता अभिवृद्धिमा टेवा पुगेको विश्वास बढी गरेका छन् ।

## ५.२ सामाजिक सुरक्षा

**सचेतना र सामाजिक सुरक्षाका लाभ**

बागमती प्रदेशका उत्तरदाताहरूलाई सरकारले शुरू गरेका विभिन्न नौ सामाजिक सुरक्षा भत्ताबारे जानकारी छ वा छैन भनेर बुझ्न प्रश्नहरू सोधिएको थियो । सरकारले लागु गरेका विभिन्न नौ प्रकारका सामाजिक सुरक्षा कार्यक्रमहरु मध्ये अधिकांश (९८.२%) उत्तरदाताहरूले ज्येष्ठ नागरिक भत्ता, एकल महिला भत्ता (९६%), अपाङ्गता भत्ता (८९%) र स्वास्थ्य बीमा सुविधा (७८.३%) बारे सुनेको पाइएको छ । त्यस्तै, आधाभन्दा बढी (५१.३%) ले बेरोजगारी भत्ता बारे सुनेको बताएका छन् भने आधाभन्दा केहि कम (४२%) ले बाल संरक्षण अनुदान, लोपोनमुख आदिवासी अनुदान (४८.७%) र बाल पोषण (४२.८%) अनुदानबारे सुनेको बताएका छन् ।

सन् २०२० को तुलनामा सन् २०२२ मा स्वास्थ्य बीमा सुविधा, बाल संरक्षण अनुदान, बाल पोषण अनुदान र लोपोन्मुख आदिवासी अनुदानको बारेमा सुनेका व्यक्तिहरूको हिस्सा बढेको छ भने बाँकी ६ प्रकारका सामाजिक सुरक्षा लाभको बारेमा सुनेका उत्तरदाताहरूको प्रतिशतमा कुनै ठूलो भिन्नता देखिएको छैन ।

सरकारले ल्याएको सामाजिक सुरक्षा कार्यक्रमबारे सचेत रहेका उत्तरदाताहरूलाई आफू वा आफ्नो परिवारका सदस्यहरूले यी मध्ये कुनै सामाजिक सुरक्षा सुविधा पाएका छन् वा छैनन् भनी सोधिएको थियो । सामाजिक सुरक्षा कार्यक्रम बारे सचेत रहेका करीब पाँचमध्ये एक (१९.५%) उत्तरदाताहरूले आफ्नो परिवारको सदस्यले ज्येष्ठ नागरिक भत्ता अन्तर्गत लाभ प्राप्त गरेको र १८% ले स्वास्थ्य बीमा अन्तर्गत लाभ प्राप्त गरेको बताएका छन् । त्यसैगरी दलित, गर्भवती तथा सीमान्तकृत सामाजिक सुरक्षा (१०.४%), एकल महिला भत्ता (८.४%), बाल पोषण अनुदान (६.५%), रोजगारीबाट योगदानमा लाभ (४.७%) र अपाङ्गता भत्ता (३.६%) अन्तर्गत लाभहरु प्राप्त गरेको बताएका छन् । सन् २०२० को तुलनामा सन् २०२२ मा स्वास्थ्य बीमा सुविधा पाउने र दलित, गर्भवती तथा सीमान्तकृत सामाजिक सुरक्षा भत्ता पाउनेको संख्या बढेको छ । त्यसैगरी, अपाङ्गता भत्ता, रोजगारीबाट हुने योगदानमा पनि सामान्य वृद्धि भएको छ । यसको विपरित, २०२२ मा ज्येष्ठ नागरिक भत्ता, एकल महिला भत्ता, बाल संरक्षण अनुदान र बाल पोषण अनुदान पाउने उत्तरदाताको संख्यामा कमी आएको छ (तालिका ५.२.१) ।

### सामाजिक सुरक्षा कार्यक्रमहरू बारेमा जानकारी र कार्यक्रम बाट लाभ प्राप्ती, बर्ष अनुसार

| | हो, मैले सुनेको छु | | हो, हामीले प्राप्त गरेका छौं | |
|---|---|---|---|---|
| | सन् २०२० | सन् २०२२ | सन् २०२० | सन् २०२२ |
| ज्येष्ठ नागरिक भत्ता | ९९.२% | ९८.२% | २९.३% | १९.५% |
| एकल महिला भत्ता | ९७.९% | ९६.०% | २०.४% | ८.४% |
| अशक्तता भत्ता | ९१.९% | ८९.०% | ४.७% | ३.६% |
| बेरोजगारी भत्ता | ५५.४% | ५१.३% | ०.०% | ०.७% |
| स्वास्थ्य बीमा लाभ | ४६.९% | ७८.३% | १०.३% | १८.०% |
| बाल संरक्षण अनुदान | ३३.४% | ४२.०% | ८.१% | २.१% |
| रोजगारमा योगदान गरे वापतको लाभ | १७.६% | २९.२% | ३.१% | ४.७% |
| बाल पोषण अनुदान | ३५.३% | ४२.८% | १२.५% | ६.५% |
| लोपोन्मुख आदिवासीका लागि अनुदान | २७.२% | ४८.७% | ४.२% | ०.५% |
| अन्य (दलित, गर्भवती, सीमान्तकृत) सामाजिक सुरक्षा | ०.०% | १.७% | ०.०% | १०.४% |

*तालिका ५.२.१: Q-E8a.1- E8a.10. तपाईंले बिभिन्न प्रकारका सामजिक सुरक्षा कार्यक्रमहरूको बारेमा सुन्नुभएको छ? (संख्या = १००८) । E8-b.1-E8b.10. तपाईले वा परिवारका सदस्यहरूले उक्त सामजिक सुरक्षा कार्यक्रमहरूको लाभ लिनुभएको छ ?*

**सामाजिक सुरक्षा लाभहरू प्रतिको सन्तुष्टि स्तर**

आफू वा आफ्नो परिवारका कोही सदस्यहरूले सामाजिक सुरक्षा सुविधा पाएको बताउने उत्तरदाताहरूलाई शून्य देखि दशको स्केलमा सामाजिक सुरक्षा लाभहरु प्रति उनीहरूको सन्तुष्टिको स्तरबारे सोधिएको थियो । शून्यले 'अत्यधिक असन्तुष्ट' र दशले 'अत्यन्तै सन्तुष्ट' रहेको जनाउँछ । बागमती प्रदेशमा सामाजिक सुरक्षा कार्यक्रमप्रति उत्तरदाताहरूको सन्तुष्टिको स्तर औसत (६.९ अंक) रहेको छ, जुन औसत स्तरभन्दा माथि छ । यो औसतले सरकारले शुरू गरेका विभिन्न प्रकारका सामाजिक सुरक्षा लाभहरूप्रति जनताको सन्तुष्टिको स्तर सन्तोषजनक रहेको देखाउँछ ।

## ५.३. संस्थाप्रतिको विश्वास

बागमती प्रदेशका उत्तरदाताहरूलाई चारै सर्वेक्षणका वर्षहरूमा विभिन्न व्यक्ति, निकाय र संघ/संस्थाहरु प्रति उनीहरूको कतिको विश्वास रहेको छ भनेर मापन गर्न प्रश्न सोधिएको थियो । सन् २०२२ मा अधिकांश (९१.८%) उत्तरदाताहरूले नेपाली सेना, त्यसपछि क्रमशः मिडिया (टेलिभिजन, रेडियो, पत्रपत्रिका (८१.०%) र सशस्त्र प्रहरी बल (८०.४%) प्रति विश्वास रहेको बताए । उत्तरदाताहरूको ठूलो हिस्साले लोकसेवा आयोग (७९.२%), समुदायमा आधारित संस्था-(आमा समूह, बचत तथा ऋण समूह, वन प्रयोगकर्ता समूह) (७९.०%) प्रति विश्वास रहेको बताए । त्यसैगरी, उत्तरदाताहरूको तीन चौथाईले प्रहरी (७४.६%) र नगरपालिकाका वडाहरु (७२.९%) मा विश्वास रहेको उल्लेख गरेका छन् ।

त्यस्तै, दुई तिहाई उत्तरदाताहरूले स्थानीय सरकार (६७.२%) र स्थानीय समुदायका नेताहरूमा (६२.२%) विश्वास रहेको बताएका छन् । उत्तरदाताहरूको पाँचमध्ये दुई (४१.६%) ले संघीय सरकार र करिब एक तिहाई (३४.८%) ले प्रादेशिक सरकारप्रति विश्वास व्यक्त गरेका छन् । सर्वेक्षणले सरकार र स्वतन्त्र संस्थाहरूसहित १९ विभिन्न निकायहरूप्रति उत्तरदाताहरूको विश्वासको स्तर मापन गर्दा राजनीतिक दलहरु प्रति एकदम कम (२९.०%) उत्तरदाताहरूको विश्वास रहेको पाइयो (तालिका ५.३.१) ।

सर्वेक्षणले उत्तरदाताहरूले संघीय र प्रदेश सरकारहरु भन्दा समुदायमा आधारित संस्थाहरु, स्थानीय सरकार र स्थानीय समुदायका नेताहरु प्रति बढी विश्वास गरेको देखाएको छ । यद्यपि, विभिन्न व्यक्ति र संस्थाहरूप्रति आफ्नो विश्वास देखाउने उत्तरदाताहरूको हिस्सामा सर्वेक्षणका बर्षहरूमा खासै परिवर्तन नभएता पनि सन् २०२२ मा भने सबै संस्थाहरु प्रति समग्रमा विश्वासको स्तर घटेको देखिन्छ ।

**संस्थाहरूप्रति विश्वास[९], बर्ष अनुसार**

| | सन् २०१७ | सन् २०१८ | सन् २०२० | सन् २०२२ |
|---|---|---|---|---|
| संघीय सरकार | ५३.७% | ५६.५% | ५३.४% | ४१.६% |
| प्रदेश सरकार | लागु नहुने | ५८.२% | ५१.०% | ३४.८% |
| जिल्ला समन्वय समिति | लागु नहुने | ६७.९% | ६२.६% | ४५.२% |
| नगरपालिका/गाउँपालिका/स्थानीय सरकार | लागु नहुने | लागु नहुने | लागु नहुने | ६७.२% |
| गाउँपालिका/नगरपालिको वडा | लागु नहुने | लागु नहुने | लागु नहुने | ७२.९% |
| स्थानीय समुदायका नेताहरु | लागु नहुने | लागु नहुने | लागु नहुने | ६२.२% |
| राजनीतिक दल | ५४.१% | ५५.६% | ४८.८% | २९.०% |
| अदालत | ८०.०% | ८१.९% | ८७.१% | ५९.५% |
| न्यायिक समिति | लागु नहुने | ७४.०% | ८४.५% | ५६.२% |
| नेपाल प्रहरी | ८१.७% | ७८.६% | ८०.५% | ७४.६% |
| सशस्त्र प्रहरी | ८१.८% | ८४.४% | ८४.६% | ८०.४% |
| नेपाली सेना | ८६.२% | ८७.७% | ९१.१% | ९१.८% |
| सञ्चार माध्यम (रेडियो, टि.भि, पत्रपत्रिका) | ८७.३% | ९३.८% | ९३.३% | ८१.०% |
| गैह्रसरकारी संस्था | ७४.४% | ७८.१% | ७४.६% | ५९.८% |
| धार्मिक वा जातीय संगठन | ६५.३% | ७६.७% | ७७.३% | ६०.७% |

९ उत्तरदाताहरूले भनेको 'केही विश्वास' र' पुर्ण विश्वास' दुवै पक्षलाई जोडेर यहाँ 'विश्वास' मात्र भनिएको छ।


| | सन् २०१७ | सन् २०१८ | सन् २०२० | सन् २०२२ |
|---|---|---|---|---|
| समुदायमा आधारित सामजिक समूहहरू जस्तैः आमा समूह, ऋण तथा बचत समूह, वन उपभोक्ता समूह | ८९.८% | ९३.९% | ९२.५% | ७९.०% |
| लोक सेवा आयोग | लागु नहुने | ८५.३% | ८९.८% | ७९.२% |
| सामाजिक संजाल (फेसबुक, ट्वीटर आदि) | लागु नहुने | लागु नहुने | ७३.०% | ५०.३% |
| सरकारी कर्मचारी | लागु नहुने | लागु नहुने | ७५.६% | ५९.५% |

*तालिका ५.३.१: Q-E9a-v. अब तपाईंलाई नेपालका विभिन्न संघ/संगठन, संस्थाहरूको बारेमा सोधिन्छ । तपाई यी संघ/संगठन, संस्थाहरूलाई कत्तिको विश्वास गर्नुहुन्छ ? (धरै विश्वास, केही विश्वास, त्यति विश्वास गर्दिन, पटक्कै विश्वास गर्दिन) (संख्या = १००८) ("भन्न चाहान्न" र "थाहा छैन" भन्ने उत्तरलाई समावेश गरिएको छैन)*

## ५.४. सार्वजनिक सेवाहरूप्रतिको जानकारी

बागमती प्रदेशका सबै उत्तरदाताहरूलाई तीन तहका सरकारहरूले प्रदान गर्ने सेवाहरूबारे उनीहरू सचेत छन् वा छैनन् भनेर पनि प्रश्न गरिएको थियो । सर्वेक्षणमा सहभागी उत्तरदाताहरूमध्ये आधाभन्दा अलि बढी (५५.१%) ले आफ्नो स्थानीय सरकारले प्रदान गर्ने सार्वजनिक सेवाको बारेमा जानकारी रहेको बताए । त्यसैगरी, १८.९% ले आफूलाई प्रादेशिक सरकारले दिने सेवाहरूबारे जानकारी भएको बताएका छन् भने २२.४% ले संघीय सरकारले दिने सेवाहरूबारे जानकारी भएको बताएका छन् ।

सन् २०१८ को तुलनामा सन् २०२२ मा प्रादेशिक र संघीय सरकारले प्रदान गर्ने सेवाहरूबारे सचेत रहेको बताउने उत्तरदाताहरूको अंश अलिकति घटेको छ । यसको विपरीत, स्थानीय सरकारले दिने सेवाहरूको बारेमा थाहा पाएको उल्लेख गर्ने उत्तरदाताहरूको प्रतिशत समयसँगै बढेको छ । सन् २०१८ मा रहेको ५१.५% बाट बढेर सन् २०२० मा ५३.६% पुगेको थियो भने सन् २०२२ मा १.५% अंकले बढेर ५५.१% मा पुगेको छ ।




*चित्र ५.४.१: Q-E10AM-AO1. तपाईंको स्थानीय, प्रदेश र संघीय सरकारले प्रदान गर्ने सार्वजनिक सेवाहरूको बारेमा जानकार हुनुहुन्छ ? (संख्या = १००८)*

बागमती प्रदेशमा स्थानीय सरकारबाट प्रदान गरिने सेवाको बारेमा पुरुष (६१.१%) उत्तरदाताहरूको तुलनामा कम (४९.४%) महिला उत्तरदाताहरु सचेत रहेको देखिन्छ । त्यसैगरी, शहरी क्षेत्रका (५७.६%) उत्तरदाताहरु भन्दा गाउँपालिकाका कम (४९.८%) उत्तरदाताहरु स्थानीय सरकारबाट प्रदान गरिने सेवाको बारेमा सचेत रहेका छन् । पहाडमा बसोबास गर्ने (५९.६%) को तुलनामा तराईमा बसोबास गर्ने कम (२०.०%) उत्तरदाताहरु स्थानीय सरकारले उपलब्ध गराउने सेवाहरूको बारेमा सचेत छन् र मुस्लिम समुदायका (२८.६%) उत्तरदाताहरूको तुलनामा मधेसी जाति स्तर-१ समुदायका बढी (१००.०%) उत्तरदाताहरु स्थानीय सरकारबाट प्रदान गरिने सेवाको बारेमा सचेत देखिन्छन् ।

**सरकारले प्रदान गरेका विभिन्न सेवाहरू**


सर्वेक्षणमा प्रत्येक तहका सरकारले दिएका सेवाहरूबारे जानकार छु भन्ने उत्तरदाताहरूलाई ती सेवाहरूको नाम उल्लेख गर्न भनिएको थियो । स्थानीय सरकारले प्रदान गरेका विभिन्न सेवाहरू मध्ये सबैभन्दा बढी (८४.९%) उत्तरदाताहरूले सडक/भौतिक पूर्वाधार सम्बन्धी सेवाहरूको नाम उल्लेख गरेका छन् त्यसपछी उनीहरूले खानेपानी सम्बन्धी सेवा (६४.८%), स्वास्थ्य सम्बन्धी सेवा (४४.७%), शिक्षा सम्बन्धी सेवा (४०.९%) र फोहोर व्यवस्थापन सम्बन्धी (३६.२%) सेवाहरूको नाम उल्लेख गरेका छन् । करीब एक तिहाई उत्तरदाताहरू (३४.७%) ले आफूहरु विद्युत सम्बन्धी सेवाबारे सचेत रहेको बताए ।

प्रदेश सरकारले प्रदान गर्ने सेवाहरूको बारेमा पनि उत्तरदाताहरूमा जानकारीको समान ढाँचा रहेको छ, अधिकांश (७०.५%) उत्तरदाताहरूले सडक/भौतिक पूर्वाधारहरु सम्बन्धी सेवालाई प्रदेश सरकारले प्रदान गर्ने सेवा भनि उल्लेख गरेका छन्, त्यसपछि क्रमशः खानेपानी सम्बन्धी सेवाहरु (५०.०%), शिक्षा (४८.५%), स्वास्थ्य (४६.२%) र रोजगार सम्बन्धी (४३.०%) सेवाहरूको नाम उल्लेख गरेको देखिन्छ । दशमध्ये दुईले बिजुली सम्बन्धी सेवाहरु (२१.९%) उल्लेख गरेका छन् ।

संघीय सरकारले प्रदान गर्ने सेवाहरूको सन्दर्भमा, अधिकांश (५९.९%) उत्तरदाताहरूले उच्च शिक्षा, त्यसपछि रोजगार सम्बन्धी सेवा (४८.७%), राष्ट्रिय राजमार्ग/भौतिक पूर्वाधार (४४.७%), सामाजिक सुरक्षा (४२.५%), स्वास्थ्य सम्बन्धी सेवा (३२.७%), नागरिकता तथा राहदानीसम्बन्धी सेवा (३०.१%) र ठुला जलविद्युत आयोजनाहरु (२५.६%) आदि सेवाहरूको नाम उल्लेख गरेका छन् ।

स्थानीय सरकारले प्रदान गरेका सेवाहरूको बारेमा जानकारी नभएको बताउने उत्तरदाताहरूलाई स्थानीय सरकारले प्रदान गरेका सेवाहरूको बारेमा जनतासम्म जानकारी पुर्याउन प्रभावकारी माध्यम के हुन्छ होला भनी सुझाव दिन अनुरोध गरिएको थियो । त्यस सन्दर्भमा धेरैजसो (४२.६%) उत्तरदाताहरूले अनौपचारिक स्रोतहरु जस्तै साथीहरु, परिवार र छिमेकीहरु, त्यसपछि क्रमशः टेलिभिजन (३०.१%), पर्चा र पोस्टरहरु (२५.८%), स्थानीय समुदायका नेताहरु (२५.२%) स्थानीय सरकारले प्रदान गरेका सेवाहरूको बारेमा सूचना प्रवाहको प्रभावकारी माध्यमहरु हुने उल्लेख गरेका छन् । साथै करीब पाँचमध्ये एकले सामाजिक सञ्जाल (२१.९%) र रेडियो सूचना (१८.६%) स्थानीय सरकारले प्रदान गरेका सेवाहरूको बारेमा जनतासम्म जानकारी पुर्याउन प्रभावकारी माध्यम हुने उल्लेख गरेका छन् ।

**स्थानीय सरकारले प्रदान गरेका सेवाहरूको बारेमा जानकारी प्रवाह गर्ने प्रभावकारी माध्यमहरू**




*चित्र ५४२: Q-E10AM.3_1. [यदि Q-E10AM.1 मा "थाहा छैन" भन्ने जवाफ आएमा] तपाईंको क्षेत्रमा स्थानीय सरकारले प्रदान गर्ने सेवाहरु बारे तपाईंलाई सजिलैसँग सचेत गराउन के गर्नुपर्छ ? (संख्या = ४५२)*

अधिल्लो बर्षको तुलनामा सन् २०२२ मा परिवार, साथीभाई र छिमेकीहरूका साथै रेडियो, टेलिभिजन र स्थानीय समुदायका नेताहरूलाई स्थानीय सरकारले प्रदान गरेका सेवाहरूको बारेमा जानकारी प्रवाह गर्ने प्रभावकारी माध्यमको रूपमा उल्लेख गर्ने उत्तरदाताहरूको अंश उल्लेख्य रूपमा घटेको छ । सन् २०२२ को सर्वेक्षणमा टेलिभिजनलाई स्थानीय सरकारले प्रदान गरेका सार्वजनिक सेवाहरूको जानकारी प्रवाह गर्ने प्रभावकारी माध्यमको रूपमा भनेर उल्लेख गर्ने उत्तरदाताहरूको हिस्सा ५२.७% बाट उल्लेखनीय रूपमा घटेर ३०.१% मा झरेको छ । त्यसैगरी, सामाजिक सञ्जाल, साथीभाई, परिवार र छिमेकीहरु सार्वजनिक सेवाहरूको जानकारी प्रवाह गर्ने प्रभावकारी माध्यम हुन भनी उल्लेख गर्ने उल्लेख गर्ने व्यक्तिको अनुपातमा भने खासै भिन्न छैन । अर्कोतर्फ, सामाजिक सञ्जाल र पर्चा/पम्प्लेट/पोष्टरलाई स्थानीय सरकारले प्रदान गरेका सेवाहरूको बारेमा जानकारी प्रवाह गर्ने प्रभावकारी माध्यमको रूपमा उल्लेख गर्ने उत्तरदाताहरूको अंश बर्षै पिच्छे बढ्दै गएको छ ।

## ५.५ सार्वजनिक सेवाहरू लिंदाको अनुभव

सर्वेक्षणमा उत्तरदाताहरूलाई स्थानीय सरकारबाट प्राप्त हुने बिभिन्न १५ वटा सेवाहरूको नाम उल्लेख गर्दै विगत एक वर्षमा उनीहरूले उक्त कुनै सेवा लिए कि लिएनन् भनेर सोधिएको थियो । सेवाहरु जस्तैः नागरिकताको लागि सिफारिस, सामाजिक सुरक्षा सेवाहरु (अपाङ्गता, ज्येष्ठ नागरिक, आदि) को लागि सिफारिस, एकल महिला, ज्येष्ठ नागरिक र अपाङ्गका लागि सामाजिक सुरक्षा भत्ता, जन्म प्रमाणपत्र, मृत्यु प्रमाणपत्र, विवाह प्रमाणपत्र, सम्बन्ध-विच्छेद प्रमाणपत्र, अपाङ्गता परिचय पत्र, सरकारी विद्यालयमा भर्ना, सरकारी स्वास्थ्य चौकी/अस्पताल आदिमा स्वास्थ्य जाँच गराउन लगायत सेवाहरू प्रश्नावलीमा समावेश थिए । साथै, उनीहरूलाई यी सेवाहरु प्राप्त गर्न कतिको सजिलो छ भनेर पनि सोधिएको थियो ।

सन् २०२२ मा अधिकांश उत्तरदाताहरूले आफूले उल्लिखित कुनै पनि सेवा नलिएको उल्लेख गरेका छन् । तर, आफ्नो गाउँ/नगरपालिकाबाट कम्तीमा एउटा सेवा प्राप्त गरेका अधिकांशले भने सेवा प्राप्त गर्न "सजिलो" भएको बताए । बागमती प्रदेशमा दशमध्ये आठ (८५.५%) उत्तरदाताहरूले नागरिकताको लागि सिफारिस प्राप्त गर्ने सम्बन्धित सेवानै नलिएको बताएका छन् । नागरिकताको लागि सिफारिस प्राप्त गर्ने सम्बन्धित सेवा लिएकाहरु मध्ये ८४.३% ले उक्त सेवा प्राप्त गर्न सजिलो भएको र १५.७% ले सिफारिस प्राप्त गर्न गाह्रो भएको बताएका छन् । समग्रमा, स्थानीय नगरपालिकाबाट प्रदान गरिएका सेवाहरु प्राप्त गरेका दुई तिहाईभन्दा बढी उत्तरदाताहरु (न्याय समितिले उपलब्ध गराएको सेवा ६६.१% देखि सरकारी विद्यालयमा भर्नाका लागि १००% सम्म) ले सेवा लिन सजिलो भएको बताए ।

सन् २०२२ मा नागरिकताका लागि सिफारिस (८९.०% देखि ८४.३%), सामाजिक सुरक्षा भत्ता (एकल महिला, ज्येष्ठ नागरिक, अपाङ्गता भएका, (९६.८% देखि ९४.७%) र जन्म प्रमाणपत्र, मृत्यु प्रमाणपत्र, विवाह प्रमाणपत्र (९२.१% देखि ९१.८%), न्यायिक समिति द्वारा प्रदान सेवाहरु (८५.५% देखि ६६.१%) र कर सम्बन्धी काम (९६.७% देखि ९४.०%), बाहेक अन्य विभिन्न सार्वजनिक लिन सजिलो भएको उल्लेख गर्ने उत्तरदाताहरूको हिस्सा बढेको छ (तालिका ५.५.१) ।

### सेवाहरू लिंदाको अनुभव, बर्ष अनुसार

| सेवाको प्रकार | विगत एक बर्षमा स्थानीय सरकारबाट प्राप्त सेवाहरू | | सेवा पाएको खण्डमा, शहरी नगरपालिका/गाउँपालिकामा सेवाहरू प्राप्त गर्न सहजता[10] | |
|---|---|---|---|---|
| | सन् २०२० | सन् २०२२ | सन् २०२० | सन् २०२२ |
| नागरिकताको लागि सिफारिस | १०.१% | १४.५% | ८९.०% | ८४.३% |
| सामाजिक सुरक्षा भत्ता (एकल महिला, ज्येष्ठ नागरिक, शारीरिक रूपमा अशक्त) | १४.६% | ११.५% | ९६.८% | ९४.७% |
| जन्मदर्ता, मृत्युदर्ता, विवाहदर्ता, बसाईसराई प्रमाणपत्र | ९.६% | १२.३% | ९२.१% | ९१.८% |
| बसाईसराई सम्बन्धित प्रमाणपत्र | लागु नहुने | ०.४% | लागु नहुने | ७८.५% |
| रोजगारीसँग सम्बन्धित सेवाहरु | ५.४% | १.५% | ४४.२% | ७०.३% |
| न्यायिक समिति द्वारा प्रदान सेवाहरु | १.०% | ०.६% | ८५.५% | ६६.१% |
| भूमि कर/राजस्व सम्बन्धित सेवाहरु | २७.५% | ३२.२% | ९५.३% | ९६.८% |
| सरकारी विद्यालयमा भर्नाको लागि | १८.९% | १७.४% | ९८.१% | १००.०% |

१० उत्तरदाताहरूले भनेको "धेरै सजिलो" र "सजिलो" दुवै पक्षलाई जोडेर यहाँ "सजिलो" मात्र भनिएको छ ।

| सेवाको प्रकार | विगत एक बर्षमा स्थानीय सरकारबाट प्राप्त सेवाहरू | | सेवा पाएको खण्डमा, शहरी नगरपालिका/गाउँपालिकामा सेवाहरू प्राप्त गर्न सहजता[10] | |
|---|---|---|---|---|
| | सन् २०२० | सन् २०२२ | सन् २०२० | सन् २०२२ |
| सरकारी स्वास्थ्य चौकी/अस्पतालमा स्वास्थ्य जाँचको लागि | ५२.३% | ४५.३% | ९३.०% | ९५.८% |
| प्रहरीबाट सेवा लिँदा | ५.९% | ३.६% | ८७.२% | ९१.१% |
| ब्यापार अनुमति पत्र लिँदा | ७.९% | ६.९% | ८७.१% | ९१.२% |
| कर सम्बन्धी काम | ५०.१% | ३५.१% | ९६.७% | ९४.०% |
| अन्य सरकारी कामको लागि सिफारिस | ११.३% | ६.८% | ८९.२% | ९७.३% |
| असक्षमता विशेष सेवाहरूको लागि | लागु नहुने | २.७% | लागु नहुने | ८९.१% |

*तालिका ५.५.१: Q-E10A-P गत १ वर्षमा तपाईले आफ्नो गाउँपालिका/नगरपालिकामा प्राप्त हुने बिभिन्न सेवा सुबिधा लिनुभएको छ ? तपाईको विगत एक बर्षको अनुभवका आधारमा स्थानीय तहमा निम्न सार्वजनिक सेवाहरु प्राप्त गर्न कतिको सहज वा कठिन छ ?*

स्थानीय सरकारबाट सेवा प्राप्त गर्दा गाह्रो अनुभव गर्ने उत्तरदाताहरूले सेवा लिन गाह्रो हुनुका निम्न कारणहरु उल्लेख गरेका छन् "सेवा प्राप्त गर्न जटिल प्रक्रिया/झन्झटिलो", "सेवामा ढिलाई" र "अधिकारीहरूको गैरजिम्मेवार मनोवृत्ति" । यी बाहेक अन्य कारणहरूमा पुलिससंग सेवाहरु लिँदा भेदभावपूर्ण व्यवहार भोग्नुपरेको, रोजगारीसम्बन्धी सेवाहरूमा राजनीतिक प्रभाव देखिएको र सरकारी स्वास्थ्य चौकी/अस्पतालहरूमा स्वास्थ्य सेवा लिन जाँदा भौतिक पूर्वाधार नभएको कारणले गाह्रो भएको उल्लेख गरेका छन् ।

## ५.६. शिक्षाप्रतिको धारणा

### सरकारी र निजी विद्यालय

बागमती प्रदेशमा धेरै (४२.२%) उत्तरदाताहरूले आफ्ना बालबालिका सरकारी विद्यालयमा भर्ना गरेको र (५४.३%) उत्तरदाताहरूले आफ्ना छोराछोरीलाई निजी विद्यालयमा भर्ना गरेको उल्लेख गरेका छन् । बागमती प्रदेशमा सरकारी विद्यालयहरूमा भन्दा निजी विद्यालयहरूमा बालबालिका बढी भर्ना भएको उल्लेख गरेका छन् । शहरी नगरपालिकाका (१९.८%) उत्तरदाताहरू भन्दा गाउँपालिकाका बढी (९४.६%) उत्तरदाताहरूले आफ्ना बालबालिकाहरूलाई सरकारी विद्यालयमा भर्ना गरेका छन् । त्यसैगरी, हिमालका (४०.५%) र तराईका (१७.७%) भन्दा पहाडी क्षेत्रका धेरै (९८.१%) मानिसहरूले सरकारी विद्यालयमा आफ्ना बालबालिका भर्ना भएको जानकारी दिएका छन् । तीन-चौथाइ भन्दा अलि कम पहाडी दलित (७३.०%) ले आफ्ना छोराछोरीलाई सरकारी विद्यालयमा भर्ना गराएका उल्लेख गरेका छन् भने करीब उत्तिकै हिस्सा ७३.४% पहाडी जातिले आफ्ना छोराछोरीलाई निजी विद्यालयमा भर्ना गरेको उल्लेख गरेका छन् ।

### सरकारी वा निजी विद्यालयमा बालबालिका भर्ना, वर्ष अनुसार

| | सरकारी विद्यालय | | | निजी विद्यालय | | | दुवै (सरकारी र निजी ) | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | सन् २०१८ | सन् २०२० | सन् २०२२ | सन् २०१८ | सन् २०२० | सन् २०२२ | सन् २०१८ | सन् २०२० | सन् २०२२ |
| समग्र देश | ५६.६% | ५५.३% | ५७.२% | ३५.७% | ३६.८% | ३५.६% | ७.७% | ७.९% | ७.२% |
| बागमती प्रदेश | ४२.७% | ३७.४% | ४२.२% | ५४.६% | ६०.२% | ५४.३% | २.७% | २.४% | ३.५% |


*तालिका ५.६.१: Q-E11. तपाईको परिवारमा सरकारी विद्यालयमा पढिरहेका बालबालिका छन् ? Q-E11A. तपाईँको परिवारमा निजी विद्यालय मा पढिरहेका बच्चाहरु छन् ? (संख्या = ५२९) ("लागू नहुने" भन्ने उत्तरलाई समावेश गरिएको छैन)*

### विद्यालय पुग्न लाग्ने समय

सरकारी (९०.४%) वा निजी (९७.९%) विद्यालयमा भर्ना भएका अधिकांश बालबालिका विद्यालयबाट एक घण्टाको दुरीमा बसोबास गरेको देखियो । उत्तरदाताहरूको थोरै अनुपातले मात्र आफ्ना छोराछोरीहरूलाई घरबाट विद्यालय पुग्न एक घण्टाभन्दा बढी वा सोभन्दा बढी समय लाग्ने उल्लेख गरे ।

### शिक्षाको गुणस्तर

सन् २०२० मा सरकारी विद्यालय शिक्षाको गुणस्तरको मूल्याङ्कनमा गिरावट आएपनि सन् २०२२ मा भने यसमा थोरै बृद्धी भएको देखिन्छ । सन् २०२२ मा सरकारी विद्यालयहरूमा शिक्षाको गुणस्तरलाई "धेरै राम्रो" भनेर मूल्याङ्कन गर्ने उत्तरदाताहरूको अनुपात सन् २०१८ मा ७.२% रहेको मा सन् २०२२ मा उक्त अनुपातमा गिरावटआई १.७% मा झरेको छ । त्यसैगरी निजी विद्यालयहरूमा शिक्षाको गुणस्तरलाई "धेरै राम्रा" भनेर मूल्याङ्कन गर्ने उत्तरदाताहरूको अनुपातमा पनि गिरावट आएको छ (सन् २०१८ मा रहेको ३२.७% बाट सन् २०२२ मा ११.६%) ।




*चित्र ५.६.१: Q-E11b र Q-E11Aii. त्यस विद्यालयको शिक्षाको गुणस्तरलाई कसरी मूल्याङ्कन गर्नुहुन्छ ?*[11] *(संख्या = २३४ सरकारी विद्यालयमा जाने बालबालिका र संख्या = २९५ निजी विद्यालयमा जाने बालबालिकाका अभिभावकहरूसँग सोधिएको)*

### शिक्षाको गुणस्तरको लागि जिम्मेवार निकायहरू

धेरैजसो अभिभावकहरूले सरकारी र निजी विद्यालयहरूमा (क्रमशः ९६.४% र ७७.०%) शिक्षाको गुणस्तर कायम राख्न स्थानीय सरकारलाई जिम्मेवार सरकारी निकायको रूपमा मानेका छन् । आफ्नो क्षेत्रमा शिक्षाको गुणस्तर कायम राख्ने प्रमुख जिम्मेवार स्थानीय सरकार नै हो भन्ने उत्तरदाताहरूको संख्या क्रमशः बढ्दै गएको देखिन्छ । उत्तरदाताहरूमध्ये थोरैले सरकारी विद्यालयहरूमा शिक्षाको गुणस्तर कायम राख्न अन्य निकायहरु (विद्यालय व्यवस्थापन समिति, शिक्षक वा अभिभावकहरु) लाई जिम्मेवार निकायको रूपमा हेरेका छन् ।

११ उत्तरदाताहरूलाई सन् २०१७ मा निजी विद्यालय शिक्षाको गुणस्तर मूल्याङ्कन गर्न सोधिएको थिएन ।

### शिक्षाको गुणस्तर कायम गर्ने जिम्मेवार निकाय, बर्ष अनुसार

| | सरकारी विद्यालय | | | | निजी विद्यालय[१२] | | |
|---|---|---|---|---|---|---|---|
| | सन् २०१७ | सन् २०१८ | सन् २०२० | सन् २०२२ | सन् २०१८ | सन् २०२० | सन् २०२२ |
| स्थानीय सरकार | ८७.२% | ८७.६% | ८७.६% | ९६.४% | ८३.३% | ७७.४% | ७७.०% |
| प्रदेश सरकार | ०.५% | ४.७% | ६.८% | | १.७% | ४.२% | |
| संघीय सरकार | ४.४% | १.१% | ३.२% | १.८% | १.२% | ५.५% | १.३% |
| अन्य | | ०.९% | ०.०% | | ३.१% | १.२% | १४.८% |
| थाहा छैन | ७.९% | ५.८% | २.३% | १.८% | १०.७% | ११.७% | ७.०% |

*तालिका ५.६.२: Q-E11c र Q-E11Aiii. तपाईको छोरा/छोरी अध्ययन गरिरहेको विद्यालयमा शिक्षाको गुणस्तर राम्रो बनाउने प्रमुख जिम्मेवारी कस्को हो ? (संख्या = २३४ सरकारी विद्यालयमा जाने बालबालिका र संख्या = २९५ निजी विद्यालयमा जाने बालबालिकाका अभिभावकहरूसँग सोधिएको)*

#### विद्यालयको गुणस्तर सुधारका लागि सुझाव

सर्वेक्षणमा सबै उत्तरदाताहरूलाई विद्यालय शिक्षाको गुणस्तर सुधार्न के गर्नुपर्छ भनेर उनीहरूको राय मागिएको थियो । धेरैजसो (५४.४%) उत्तरदाताहरूले शिक्षाको गुणस्तर सुधार्न शिक्षण विधिहरु राम्रो हुनुपर्ने, विद्यालय व्यवस्थापन प्रभावकारी हुनुपर्ने (४८.०%) र कर्मचारीको उचित व्यवस्थापन गर्नुपर्ने (३५.२%) राय ब्यक्त गरेका थिए । सन् २०२२ मा, शिक्षण विधि र विद्यालय व्यवस्थापनको गुणस्तर राम्रो हुनुपर्छ भन्ने महसुस गर्ने उत्तरदाताहरूको अनुपात सन् २०२० देखि क्रमशः ४.३% अंक र १०.६% अंकले बढेको छ ।

### विद्यालयको शैक्षिक गुणस्तर सुधारका लागि सुझाव, बर्ष अनुसार

| सुझावहरू | बर्ष | बागमती प्रदेश |
|---|---|---|
| शिक्षण विधिहरु राम्रो/सुधारिएको हुनुपर्छ | सन् २०२० | ५०.१% |
| | सन् २०२२ | ५४.४% |
| विद्यालय व्यवस्थापनको गुणस्तर राम्रो हुनुपर्छ | सन् २०२० | ३७.४% |
| | सन् २०२२ | ४८.०% |
| विद्यालयमा कर्मचारी व्यवस्थापन राम्रो हुनुपर्छ | सन् २०२० | ३१.३% |
| | सन् २०२२ | ३५.२% |
| पाठ्यक्रम/पाठ्यक्रमको गुणस्तर सुधार गर्नुपर्छ | सन् २०२० | ३९.८% |
| | सन् २०२२ | ३९.७% |
| आवश्यक परेका विद्यार्थीले छात्रवृत्ति पाउनुपर्छ | सन् २०२० | २७.५% |
| | सन् २०२२ | २७.५% |
| किताब, कपी र विद्यालय ड्रेसको मूल्य कम हुनुपर्छ | सन् २०२० | ३५.१% |
| | सन् २०२२ | ४०.३% |
| विद्यालय भवनको गुणस्तर राम्रो हुनुपर्छ | सन् २०२० | १४.७% |
| | सन् २०२२ | २५.०% |
| बच्चाहरूले अंग्रेजीमा सिक्न सक्षम हुनुपर्छ | सन् २०२० | १६.९% |
| | सन् २०२२ | १०.६% |
| बच्चाहरु जाने विद्यालयहरु नजिकै हुनुपर्छ | सन् २०२० | १०.७% |
| | सन् २०२२ | १८.०% |
| शिक्षकहरूलाई समावेशी शिक्षामा तालिम दिनुपर्छ र विभिन्न अपाङ्गता भएका बालबालिकाहरूलाई पढाउन सक्षम हुनुपर्छ | सन् २०२२ | १३.०% |


१२ उत्तरदाताहरूलाई सर्वेक्षण २०१७ मा निजी विद्यालय शिक्षाको गुणस्तर कायम राख्न जिम्मेवार निकाय को हो भन्ने कुरा उल्लेख गर्न सोधिएन ।

| | | |
|---|---|---|
| विभिन्न अपाङ्गता भएका बालबालिकाहरूको पनि विविध आवश्यकतालाई सम्बोधन गर्न पर्याप्त लचिलो हुनुपर्छ | सन् २०२२ | १.१% |
| विभिन्न आवश्यकता भएका बालबालिकाको आवश्यकतालाई सम्बोधन गर्न शिक्षण सिकाइ विधिहरु पहुँचयोग्य र लचिलो हुनुपर्छ | सन् २०२२ | १.६% |
| अपाङ्गता भएका बालबालिका सहित सबै बालबालिकाको लागि पहुँचयोग्य हुनुपर्छ । | सन् २०२२ | १.१% |
| थाहा छैन | सन् २०२२ | ०.९% |

*तालिका ५.६.३: Q-E11g. तपाईंको क्षेत्रका सामुदायिक/निजी विद्यालयहरूको गुणस्तर सुधार गर्न के के गर्नुपर्छ ? (संख्या = १००८)*

## ५.७. कोरोना महामारीमा शैक्षिक अवस्था

यस बर्षको सर्वेक्षणमा विद्यालय जाने बालबालिकाहरु भएका घरका उत्तरदाताहरूलाई कोरोना-१९ को महामारीको बेला उनीहरूको बालबालिकाहरु पढ्न जाने विद्यालयले वैकल्पिक कक्षाको व्यवस्था गरे नगरेको बारेमा सोधिएको थियो । महामारीका बेला सरकारी विद्यालयहरु (३०.४%) ले भन्दा तीन गुणाले बढी निजी विद्यालयहरु (८४.७%) ले वैकल्पिक कक्षाहरु सञ्चालन गरेको पाइयो । बागमती प्रदेशका सरकारी र निजी विद्यालयहरूले समग्र राष्ट्रको सरकारी २३%, र निजी ५३.८% को तुलनामा बढी वैकल्पिक कक्षाहरु सञ्चालन गरेको देखिन्छ । महामारीको समयमा बागमती प्रदेशमा शहरी नगरपालिकाका विद्यालयहरूले गाउँपालिकाको विद्यालयहरूको तुलनामा बढी वैकल्पिक कक्षाहरु सञ्चालन गरेको पाइयो । त्यसैगरी, तराईका विद्यालयहरूले हिमाली र पहाडी क्षेत्रको विद्यालयहरूको तुलनामा वैकल्पिक कक्षाहरु कम सञ्चालन गरेको पाइयो ।




*चित्र ५.७.१: Q-E11f_1_A र Q-E11g.1. तपाईंको बच्चा पढ्ने स्कुलले कोरोना महामारीको समयमा कुनै अरू विधिबाट पठनपाठन गराएको थियो ? (जस्तै- अनलाइन कक्षा, शिक्षक घरमै आएर वा समुदायमा आधारित) (संख्या = २३४ सरकारी विद्यालयमा जाने बालबालिका र संख्या = २९५ निजी विद्यालयमा जाने बालबालिकाका अभिभावकहरूसँग सोधिएको)*


आफ्ना छोराछोरीहरूले विद्यालयबाट वैकल्पिक शिक्षा पाएको उल्लेख गर्ने धेरैजसो उत्तरदाताहरूले कोरोना महामारीको समयमा सरकारी र निजी दुबै विद्यालयहरूले कोरोना महामारीको बेला अनलाइन कक्षाहरु सञ्चालन गरेको उल्लेख गरेका छन् । केही सरकारी विद्यालयहरूले भने शिक्षकलाई घरमा पठाएर र समुदायमा आधारित शिक्षाको माध्यमबाट पनि वैकल्पिक शिक्षा उपलब्ध गराएको पाइयो । निजी विद्यालय मा छोराछोरी पढाउने (६०.२%) उत्तरदाताहरूको तुलनामा सरकारी विद्यालयमा छोराछोरी पढाउने धेरै (६४.२%) उत्तरदाताहरूले विद्यालयले उपलब्ध गराएको वैकल्पिक कक्षाको सकारात्मक मूल्याङ्कन गरेको देखिन्छ ।

## ५.८. सार्वजनिक स्वास्थ्य सेवाप्रतिको धारणा

**नजिकको सार्वजनिक स्वास्थ्य चौकी/अस्पताल सम्मको दुरी**

बागमती प्रदेशको वार्षिक तथ्याङ्कलाई हेर्दा, आफ्नो घरबाट एक घण्टा भित्र को दुरीमा सार्वजनिक स्वास्थ्य चौकी/अस्पताल रहेको उल्लेख गर्ने उत्तरदाताहरूको संख्या बढ्दै गएको देखिन्छ । सार्वजनिक स्वास्थ्य चौकी/अस्पताल बाट एक घण्टा भित्र को दुरीमा बसोबास गर्ने उत्तरदाताहरूको संख्या सन् २०१७ मा रहेको ६९.०% बाट बढेर सन् २०२२ मा ९१.०% पुगेको छ । त्यस्तै, नजिकैको स्वास्थ्य संस्थामा पुग्न लाग्ने समयमा पनि निकै कमी आएको छ ।

**नजिकको सार्वजनिक स्वास्थ्य चौकी/अस्पताल सम्मको दूरी, बर्ष अनुसार**




*चित्र ५.८.१: Q-E12a. सबैभन्दा सहज माध्यमको प्रयोग गरी (हिडेर वा गाडी चढेर वा दुबैको प्रयोग गरी), तपाईलाई आफनो घरबाट नजिकको स्वास्थ्य सेवा केन्द्र (स्वस्थ्य चौकी, अस्पताल) पुग्न कति समय लाग्छ ? (संख्या = १००८)*


**स्वास्थ्य सेवाको गुणस्तरप्रतिको धारणा**

बागमती प्रदेशमा तीन चौथाईभन्दा धेरै (८१.८%) उत्तरदाताहरूले आफ्नो स्थानीय क्षेत्रमा (गाउँपालिका/नगरपालिकामा) रहेका स्वास्थ्य सेवा केन्द्रको सेवाको गुणस्तर "राम्रो" भनेका छन् भने ३.७% ले यसलाई "धेरै राम्रो" भन्ने उत्तर दिएका छन् । यसको विपरीत, ९.३% ले आफ्नो स्थानीय क्षेत्रमा रहेका स्वास्थ्य सेवा केन्द्रको सेवाको गुणस्तर "नराम्रो" र १.१% ले "धेरै नराम्रो" भन्ने जवाफ दिएका छन् ।

स्थानीय क्षेत्रमा (गाउँपालिका/नगरपालिकामा) रहेका स्वास्थ्य सेवा केन्द्रको सेवाको गुणस्तरप्रति आशावादी हुने उत्तरदाताहरूको अनुपात क्रमशः बढदै गएको छ । उत्तरदाताहरूको यो हिस्सा सन् २०१७ मा ७५% बाट सन् २०२२ मा ८५.५% पुगेको छ भने सन् २०१८ मा यो अत्याधिक बढेर ९१.२% पुगेको थियो[१३] (चित्र ५.८.२) । स्वास्थ्य सेवाको गुणस्तर "धेरै राम्रा" भन्ने उत्तरदाताहरूको अनुपातमा तुलनात्मक रूपमा कमी आएको छ । त्यस्तै, स्वास्थ्य सेवाको गुणस्तर "नराम्रो" भएको विश्वास गर्ने उत्तरदाताको अनुपात सन् २०१८ को तुलनामा कम छ । त्यसैगरी, स्वास्थ्य सेवाको गुणस्तर "नराम्रो" भएको विश्वास गर्ने उत्तरदाताहरूको अनुपात घट्दै गएको छ (सन् २०१७ मा रहेको १६.५% बाट घटेर सन् २०२२ मा १०.४%) ।

१३ उत्तरदाताहरूले भनेको "धेरै राम्रो " र " राम्रो " दुवै पक्षलाई जोडेर यहाँ " राम्रो " मात्र भनिएको छ।

### सार्वजनिक स्वास्थ्य सेवाको गुणस्तरप्रतिको धारणा, बर्ष अनुसार





*चित्र ५.८.२: Q-E12b. यहाँको स्थानीय क्षेत्रमा (गाउँपालिका/नगरपालिकामा) रहेका स्वास्थ्य सेवा केन्द्रको सेवा गुणस्तर कस्तो लाग्छ ? (संख्या = १००८)*

**स्वास्थ्य सेवाको गुणस्तर कायम राख्न जिम्मेवार निकाय**

स्वास्थ्य सेवाको गुणस्तर कायम राख्ने दायित्व स्थानीय सरकारको हो भन्ने उत्तरदाताहरूको संख्या वर्षैपिच्छे बढ्दै गएको पाइन्छ (सन् २०१७ मा ६८.७%, सन् २०२० मा ७६.७% र सन् २०२२ मा ८५.६%) । उत्तरदाताहरूको सानो संख्याले भने स्वास्थ्य सेवाको गुणस्तर कायम राख्ने दायित्व प्रदेश र संघीय सरकारको हो भन्ने जवाफ दिएका छन् (चित्र ५.८.३) ।


### स्वास्थ्य सेवाको गुणस्तर कायम गर्ने जिम्मेवार निकाय, बर्ष अनुसार




*चित्र ५.८.३: Q-E12c. तपाईलाई यहाँका स्थानीय क्षेत्रमा रहेका स्वास्थ्य सेवा केन्द्रको गुणस्तरको लागि विभिन्न सरकारी निकायमध्ये प्रमुख जिम्मेवारी कसको हो जस्तो लाग्छ ? (संख्या = १००८)*

बागमती प्रदेशमा जनस्वास्थ्य सेवाको गुणस्तरमा सकारात्मक परिवर्तन भएको मान्ने उत्तरदाताहरूको हिस्सा घटदै गएको छ । सन् २०२२ मा, पाँचमध्ये दुई (२७.४%) उत्तरदाताहरूले सार्वजनिक स्वास्थ्य सेवाको गुणस्तरमा सकारात्मक परिवर्तन आएको विश्वास गरेका छन् । उत्तरदाताहरूको यो अनुपात सन् २०१७ मा रहेको ३१.३% बाट थोरै अंकले बढेर सन् २०१८ मा ३७.६% पुगेको थियो भने सन् २०२० मा ३७.१% कायम रहेको थियो ।

**सार्वजनिक स्वास्थ्य सेवाको गुणस्तरप्रतिको धारणा, बर्ष अनुसार**





*चित्र ५.८४: Q-E12d. विगत एक बर्षमा यहाँका स्थानीय क्षेत्रमा (गाउँपालिका/नगरपालिकामा) रहेका स्वास्थ्य सेवा केन्द्रको गुणस्तरमा कुनै किसिमको परिवर्तन भएको छ जस्तो लाग्छ? (संख्या = १००८)*

## ५.९. सडक सम्बन्धी धारणा

### सडकको गुणस्तर


बागमती प्रदेशमा धेरैजसो उत्तरदाताहरु आफ्नो नगरपालिका/गाउँपालिकाको सडकको गुणस्तरसंग सन्तुष्ट रहेको पाइएको छ । लगभग दुई तिहाई (६५.४%) उत्तरदाताहरूले सडकको गुणस्तर "राम्रो" रहेको बताए तर एक चौथाई (२५.६%) उत्तरदाताहरूले भने सडकको गुणस्तर "नराम्रो" र केही (०.९%) ले "धेरै नराम्रो" भएको बताएका छन् ।

सन् २०१७ देखि सन् २०२२ सम्म हेर्दा, हरेक सर्वेक्षण बर्षमा उत्तरदाताहरूको उच्च हिस्साले सडकको गुणस्तर राम्रो भनी उल्लेख गरेका छन् । यद्यपि, सन् २०२० मा रहेको ७१.८% को तुलनामा उत्तरदाताहरूको यो अंश सन् २०२२ मा भने ६.४% अंकले गिरावट आएको छ । त्यसैगरी, सन् २०२२ मा स्थानीय क्षेत्रमा सडकको गुणस्तर "नराम्रो" भन्ने उत्तरदाताहरूको अनुपातमा सन् २०२० मा रहेको १६.६% मा ९% अंकले वृद्धि भई २५.६% पुगेको देखिन्छ ।




*चित्र ५.९.१: Q-E13a. तपाई आफ्नो नगरपालिका/गाउँपालिकामा सडकको गुणस्तर कसरी मूल्याङ्कन गर्नुहुन्छ ? (संख्या = १००८)*

अधिकांश (९५.७%) उत्तरदाताहरूले स्थानीय सरकार नै सडकको निर्माण र मर्मत सम्भारको लागि प्रमुख जिम्मेवार निकाय भएको उल्लेख गरेका छन् । यसो भन्ने उत्तरदाताहरूको अनुपात प्रत्येक सर्वेक्षणमा निकै र लगभग उस्तै रहेको छ । सन् २०१८ मा ९५.७% र सन् २०२० मा ९१.६% उत्तरदाताहरूले पनि यस्तै प्रतिक्रिया ब्यक्त गरेका थिए ।





*चित्र ५.९.२: Q- E13b. तपाईको स्थानीय क्षेत्रमा सडक निर्माण र मर्मत सम्भारको लागि मुख्यरूपमा कुन सरकारको प्रमुख जिम्मेवारी हो जस्तो लाग्छ ? (संख्या = १००८)*

### सडक सेवाको गुणस्तरमा सकारात्मक र नकारात्मक परिवर्तनहरू

सडकको गुणस्तरमा सकारात्मक परिवर्तन भएको धारणा व्यक्त गर्ने उत्तरदाताहरूको संख्या सन् २०२० मा रहेको ६२.६% मा उल्लेखनिय गिरावटआई सन् २०२२ मा ३३.६% कायम भएको छ । त्यसैगरी, सडकको गुणस्तरमा नकारात्मक परिवर्तन भएको उल्लेख गर्ने उत्तरदाताहरूको अंश क्रमशः घट्दै गएको छ । सन् २०१७ र सन् २०१८ मा सडकको गुणस्तरमा नकारात्मक परिवर्तन भएको उल्लेख गर्ने उत्तरदाताहरूको अनुपात क्रमशः ३८.४% र ३३.७% रहेको मा सन् २०२२ मा उक्त अनुपातमा गिरावटआई ९.१% मा झरेको छ । साथसाथै सन् २०२२ मा ५६.७% उत्तरदाताहरूले विगत एक बर्षमा सडकको गुणस्तरमा कुनै परिवर्तन नभएको उल्लेख गरेका छन् ।

**गाउँपालिका/नगरपालिकामा सडकको गुणस्तरमा भएको परिवर्तन, बर्ष अनुसार**




*चित्र ५.९३: Q-E13c. विगत एक बर्षमा यहाँका स्थानीय क्षेत्रमा (गाउँपालिका/नगरपालिकामा) रहेका बाटो-घाटोको गुणस्तरमा कुनै किसिमको परिवर्तन भएको जस्तो लाग्छ ? (संख्या = १००८)*

### सडकको गुणस्तरमा सकारात्मक परिवर्तनका कारणहरू

सडकको गुणस्तरमा सकारात्मक परिवर्तन भएको उल्लेख गर्ने (३३.६%) उत्तरदाताहरूलाई त्यस्तो लाग्नुको कारणहरु पनि सोधिएको थियो । यस प्रश्नमा उनीहरूलाई एकभन्दा बढी कारणहरू उल्लेख गर्न सक्ने बताइएको थियो । बागमती प्रदेशका ४०.९% उत्तरदाताहरूले नयाँ सडक निर्माण हुनुलाई नै सडकको गुणस्तरमा सकारात्मक परिवर्तन आउनुको प्रमुख कारणको रूपमा मानेका छन्, त्यसैगरी सडकहरु फराकिलो बनाइनु (३५.१%), सरकारले क्षतिग्रस्त सडकको मर्मत सम्भारका लागि तत्काल कदम चाल्नु (२८.४%) र अवस्थित सडकहरूको अवस्था राम्रोसँग स्तरोन्नति गरिनु (२८.२%) लाई सडकको गुणस्तरमा सकारात्मक परिवर्तन आउनुको प्रमुख कारकको रूपमा लिएका छन् । साथै सडकहरु कालोपत्र हुनु (२५.६%) र सडक परियोजनाहरूको योजना र छलफलमा सबै स्थानीय जनतालाई समावेश गर्नु (१५.४%) लाई पनि अन्य प्रमुख कारकको रूपमा लिएका छन् ।


### सडकको गुणस्तरमा नकारात्मक परिवर्तनका कारणहरू

बाटो-घाटोको गुणस्तरमा नकारात्मक परिवर्तन भएको उल्लेख गर्ने (९.१%) उत्तरदाताहरूलाई त्यस्तो लाग्नुको कारणहरु सोधिएको थियो । अधिकांश (८३.६%) उत्तरदाताहरूले विद्यमान सडकको अवस्था बिग्रिएको, सरकारले क्षतिग्रस्त सडकको मर्मत सम्भार गर्नमा ढिलाइ गरेको (६०.६%), बाढी/पहिरो (२८.३%) ले सडक बिग्रनु र निर्माण गर्नुपर्ने सडकहरु बन्न नसक्नु (२५.१%) लाई सडकको गुणस्तरमा नकारात्मक परिवर्तनको प्रमुख कारणको रूपमा उल्लेख गरेका छन् । साथै अन्य कारणहरूमा स्तरोन्नति गर्नुपर्ने सडक को छनौट गर्दा सरकार द्वारा भेदभाव गरिनु (१३.७%) र सडक आयोजनाको योजना र छलफलमा जनतालाई समावेश नगरिनु (८.४%) रहेका छन् ।

**सडक सेवाको गुणस्तर सुधार्न सुझाव**

अधिकांश (६६.८%) उत्तरदाताहरूले सडक सेवाको गुणस्तर सुधार्न क्षतिग्रस्त सडकहरूको तत्काल मर्मत गरिनुपर्ने विश्वास गर्छन् । आधाजसो (५०.१%) उत्तरदाताहरूले आफ्नो स्थानीय क्षेत्रमा सडकको गुणस्तर सुधार्न सडकहरु कालो-पत्रे गरिनुपर्ने र विद्यमान सडकहरूको उचित स्तरोन्नति (३७.६%) गरिनुपर्छ भन्ने धारणा व्यक्त गरेका छन् । अन्य सामान्य रूपमा उद्धृत सुझावहरु सडक परियोजनाहरु तथा योजना र छलफलमा स्थानीय जनताको समावेशीकरण (३६.८%) हुनुपर्ने र अवस्थित सडकहरूको उचित डिजाइन हुनुपर्ने (३०.१%) रहेका छन् ।

**सडक सेवाको गुणस्तर सुधारका सुझाव, बर्ष अनुसार**




*चित्र ५.९.४: Q-E13f. स्थानीय क्षेत्रमा (गाउँपालिका/नगरपालिकामा) रहेका सडक सेवाको गुणस्तर सुधार गर्न के गर्नुपर्छ ? (संख्या = १००८)*

## ५.१० कर

विद्यमान करको बारेमा बागमती प्रदेशका जनताको धारणा बुझ्न सर्वेक्षणमा उत्तरदाताहरूलाई विगत एक बर्षमा के कस्ता किसिमका करहरू तिर्नुभयो भनेर सोधिएको थियो । साथै, करको दरहरु प्रतिको राय थाहा पाउन करसंग सम्बन्धित विभिन्न प्रकारका भनाई पनि पढेर सोधिएको थियो । विगत एक बर्षमा बागमती प्रदेशका ५०% भन्दा बढी उत्तरदाताहरूले एक वा सोभन्दा बढी प्रकारको कर तिरेको उल्लेख गरेका छन् । विगत एक बर्षमा बागमती प्रदेशका सबैभन्दा बढी (६८.० %) उत्तरदाताहरूले जग्गा सम्बन्धि कर तिरेको उल्लेख गरेका छन् । त्यसैगरी, सवारी साधन कर (६५.७%), सम्पत्ति कर (६५.३%), मनोरञ्जन कर (५०.६%) र व्यापार कर (५८.७%) तिरेका छन् । गत बर्षभित्र अन्य कम सामान्य रूपमा तिर्ने करहरु घर बहाल कर (२८.७%), जग्गा दर्ता कर (१५.७%), व्यक्तिगत आयकर (२४.२%) र पारिश्रमिक कर (३.६%) रहेका छन् ।

सन् २०१८ देखिको सर्वेक्षणको तथ्याङ्कलाई तुलना गरेर हेर्दा, हरेक बर्ष कुनै न कुनै कर तिर्ने उत्तरदाताहरूको संख्यामा वृद्धि भएको देखिन्छ । उदाहरणका लागि, सन् २०१८ मा ०.६% उत्तरदाताहरूले सम्पत्ति कर तिरेको उल्लेख गरेकोमा, सन् २०२० मा बढेर ६४.३% उत्तरदाताहरूले सम्पत्ति कर तिरेको उल्लेख गरेका थिए भने सन् २०२२ मा उक्त हिस्सामा मा थोरै ले बृद्धी भई ६५.३% ले सम्पत्ति कर तिरेको बताए । त्यसैगरी, सन् २०१८ को तुलनामा सन् २०२२ मा, उत्तरदाताहरूको ठूलो हिस्साले सवारी साधन कर, जग्गा कर, घर भाडा कर, र व्यक्तिगत आयकर तिरेको जानकारी दिएका छन् । सन् २०२० र सन् २०२२ को तुलना गर्दा बिभिन्न करहरू तिरेको छु भन्ने उत्तरदाताहरूमा घरभाडा कर, व्यक्तिगत आयकर,

व्यापार कर, सवारी साधन कर जग्गा दर्ता कर, व्यवसाय कर, मनोरञ्जन कर तिर्ने प्रवृत्ति घटेको छ (तालिका ५.१०.१) । अधिकांश उत्तरदाताहरूले हालको करको स्तरमा आएको परिवर्तनबारे अनभिज्ञ रहेको जानकारी दिएता पनि संस्थागत आयकर, सम्पत्ति, सवारी साधन र जग्गा कर तिरेको जानकारी दिने ठूलो हिस्साले गत बर्षको तुलनामा हालको करको स्तर बढी रहेको बताए ।

### हालको कर प्रतिको दृष्टिकोण[१४], बर्ष अनुसार

| करको प्रकार | के तपाईले वा तपाईको परिवारले पछिल्लो एक बर्षभित्र निम्न प्रकारका करहरू तिर्नु भएको छ? | | | यदि हो भने, के तपाईलाई करको वर्तमान स्तर उपयुक्त छ जस्तो लाग्छ? | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | सन् २०१८ | सन् २०२० | सन् २०२२ | संख्या | गत बर्ष भन्दा बढी | गत बर्ष भन्दा कम | गत बर्ष जस्तै | थाहा छैन |
| सम्पत्ति कर | ०.६% | ६४.३% | ६५.३% | ६३९ | ६२.७% | ०.३% | २०.९% | १६.२% |
| घर भाडा कर | ४.१% | ४७.०% | २८.७% | १६४ | ४८.४% | १.०% | २३.०% | २७.६% |
| व्यक्तिगत आयकर | ७.५% | ३०.०% | २४.२% | १६६ | ३७.४% | ०.०% | ३०.५% | ३२.१% |
| व्यापार कर | ५९.१% | ५२.३% | ३७.०% | १९२ | ५८.७% | ४.४% | १९.२% | १७.७% |
| सवारी साधन कर | १.०% | ७९.३% | ६५.७% | ४४३ | ६५.७% | ०.०% | ९.१% | २५.२% |
| जग्गा दर्ता कर | २.२% | १८.४% | १५.७% | ९५ | ५८.८% | ०.८% | १३.६% | २६.८% |
| मनोरञ्जन कर | ०.०% | ८५.१% | ५०.६% | ३७३ | ५२.४% | २.०% | २८.८% | १६.८% |
| जग्गा कर | ०.०% | ६३.५% | ६८.०% | ६१७ | ६२.२% | ०.०% | १९.७% | १८.१% |
| विज्ञापन कर | ०.६% | ८.३% | ०.७% | ३ | २७.३% | ०.०% | ७२.७% | ०.०% |
| कृषि आयकर | ९.५% | ९.१% | ४.४% | २४ | ५०.३% | ०.०% | ४०.८% | ८.९% |
| संस्थागत आयकर | १५.४% | १४.४% | २.१% | ७ | ७९.९% | ०.०% | ०.०% | २०.१% |
| पारिश्रमिक कर | ०.६% | ३५.१% | ३.६% | २० | ४३.७% | ०.०% | ३९.३% | १७.०% |

*तालिका ५.१०.१: Q-E15Ai-Mi. के तपाईले वा तपाईको परिवारले पछिल्लो एक वर्षमा निम्न प्रकारका कर/सेवा शुल्क/शुल्कहरु तिर्नुभएको छ ? E15A-M. [Q-E15 Ai-Mi मा यदि छ भन्ने जवाफ आएमो के तपाईलाई कर/सेवा शुल्क/शुल्कको हालको स्तर उपयुक्त छ जस्तो लाग्छ? ('कर नतिरेको', 'लागू नहुने' र 'भन्न चाहान्न' भन्ने उत्तर समावेश गरिएको छैन)*

विगतका एक बर्षमा कुनै न कुनै कर तिर्ने बागमती प्रदेशका उत्तरदाताहरू मध्ये अधिकांश उत्तरदाताहरू (९०.५%) ले कर/सेवा शुल्क/शुल्क तिर्ने प्रक्रिया सहज भएको बताए । एक सानो अल्पसंख्यक (९.५%) ले भने कर तिर्दा असुविधा महसुस गरेको ब्यक्त गरे । सन् २०२० मा रहेको (९४.९%) को तुलनामा सन् २०२२ मा कम (९०.५%) उत्तरदाताहरूले कर वा सेवा शुल्क वा शुल्क तिर्न सजिलो भएको बताएका छन् ।

### कर तिर्न सहजता

कर/सेवा शुल्क तिर्न गाह्रो भएको उल्लेख गर्ने ९.५% उत्तरदाताहरूलाई कर वा सेवा शुल्क/शुल्क तिर्ने प्रक्रियालाई सहज बनाउन के गर्न सकिन्छ भनी सोधिएको थियो । उनीहरूले कर भुक्तानीलाई अझ सहज बनाउन मुख्य दुईवटा सुझाव दिएका छन् । तीन चौथाई (७६.१%) उत्तरदाताहरूले सबै प्रकारका कर वा शुल्कहरु इन्टरनेटबाट तिर्ने सुविधाको व्यवस्था हुनुपर्ने र एक तिहाई (३३.५%) उत्तरदाताहरूले सबै प्रकारका करहरु वडा कार्यालयमा नै तिर्ने व्यवस्था गराईएमा आमजनताहरूलाई कर वा सेवा शुल्क/शुल्क तिर्ने प्रक्रिया सहज हुने विश्वास गरेका छन् ।

### करसम्बन्धी दृष्टिकोण

बागमती प्रदेशका धेरैजसो उत्तरदाताहरूले करको बारेमा स्पष्ट बुझाई नभएको र उनीहरूले सरकारले कसरी कर सङ्कलन र खर्च गर्छ भन्नेबारे स्पस्ट जानकारी पाए हुन्थ्यो भन्ने जिज्ञासा राखेका छन् । सर्वेक्षणले करको बारेमा औसत नेपालीको

---

१४ सर्वेक्षणको क्रममा प्रश्नहरूसबै उत्तरदाताहरूलाई सोधिएको थियो कि, उनीहरूले पछिल्लो एक बर्षमा कर तिरेका थिए वा छैनन्। प्रश्नको सम्भावित छनोटहरु थिए: गत बर्षभन्दा बढी, गत बर्षभन्दा कम, स्थानीय कर तिरेको छैन, लागू छैन, अस्वीकार गरिएको छ र थाहा छैन। प्रश्नको विश्लेषण गर्दा -हो भनेकाहरूको मात्र प्रतिक्रिया विश्लेषणमा समावेश गरिएको थियो।

बुझ्ाइलाई जान्न उत्तरदाताहरूलाई चारवटा करसम्बन्धी कथनहरु पढेर सोधिएको थियो, जसमा उनीहरूले "पूर्ण सहमत ", "सहमत", "असहमत" वा "पूर्ण असहमत" भनेर जवाफ दिन सक्थे ।

धेरैजसो उत्तरदाताहरूले सोधिएको करप्रतिको भनाईमा आफुले अझ बढी जान्न खोजेको कुरामा सहमति ("सहमत" र "पूर्ण सहमत" जोड्दा) भएको उल्लेख गरेका छन् । बागमती प्रदेशका अधिकांश (९७.३%) उत्तरदाताहरूले सरकारका विभिन्न तहहरूले जनताबाट कसरी कर सङ्कलन गर्छ भन्ने बारेमा, ९७.४% उत्तरदाताहरूले सरकारले संकलित करहरु कसरी खर्च गर्छ र ९७.८% उत्तरदाताहरूले कर भुक्तानीको बदलामा नागरिकहरूले के फाइदाहरु पाउँछन् भन्ने बारेमा अझ स्पष्ट जानकारी पाएको भए हुन्थ्यो भन्ने कुरामा सहमति ब्यक्त गरेका छन् । विगतका सर्वेक्षण प्रतिक्रियाहरु जस्तै यस बर्ष पनि करीब एक तिहाई (३७.३%) उत्तरदाताहरूले सरकारले जनताले तिरको करको सही रूपमा प्रयोग गरेको छ भन्ने विश्वास गरेको देखिन्छ ।

### करमा विचार, बर्ष अनुसार

| | बर्ष | एकदम सहमत | सहमत | असहमत | एकदम असहमत | थाहा छैन |
|---|---|---|---|---|---|---|
| संघीय, प्रादेशिक र स्थानीय सरकारका लागि तिर्नु पर्ने करहरूको स्पष्ट जानकारी वा बुझाइ भएको म चाहन्छु । | सन् २०१८ | ५७.६% | ३६.५% | २.९% | १.९% | १.१% |
| | सन् २०२० | ७७.९% | २०.२% | ०.५% | ०.३% | १.१% |
| | सन् २०२२ | ६५.०% | ३२.३% | १.६% | ०.५% | ०.६% |
| सरकारले कर कसरी खर्च गर्छ भन्ने बारे थप जानकारी पाउन चाहन्छु । | सन् २०१८ | ५८.९% | ३८.१% | ०.८% | १.१% | १.१% |
| | सन् २०२० | ८१.५% | १७.३% | ०.१% | ०.०% | १.१% |
| | सन् २०२२ | ६७.४% | ३०.०% | १.७% | ०.३% | ०.६% |
| एक नागरिकको हैसियतमा मैले कर तिरेको बदलामा हामीले के के फाइदा पाउँछौं भन्ने स्पष्ट जानकारी जान्न चाहन्छु । | सन् २०१८ | ०.०% | ०.०% | ०.०% | ०.०% | ०.०% |
| | सन् २०२० | ८२.३% | १६.६% | ०.०% | ०.०% | १.१% |
| | सन् २०२२ | ६६.०% | ३१.८% | १.४% | ०.३% | ०.६% |
| मैले तिरेको करको सहि सदुपयोग भएको विश्वास गर्छु । | सन् २०१८ | २०.३% | २३.४% | ३१.२% | २०.४% | ४.६% |
| | सन् २०२० | १३.४% | २८.७% | २७.४% | २७.०% | ३.५% |
| | सन् २०२२ | १५.०% | २२.३% | २६.२% | २४.१% | १२.४% |

*तालिका ५.१०.२: Q-E16Ai-iv. तपाई यी कथनहरूसंग कति हदसम्म पूर्ण सहमत/सहमत/असहमत/पूर्ण असहमत हुनुहुन्छ ? (संख्या = १००८)*


#### कर तिर्दा अतिरिक्त नगद वा उपहार भुक्तानीको अनुभव

विगतका एक बर्षमा कुनै न कुनै कर तिर्ने बागमती प्रदेशका सयमध्ये करीब दुई जना (२.२%) उत्तरदाताहरूले कर तिर्ने क्रममा सरकारले तोकेको बाहेक केही अतिरिक्त नगद वा केही प्रकारको उपहार दिनुपरेको उल्लेख गरेका छन् । यी २.२% उत्तरदाताहरु जसले कर तिर्दा अतिरिक्त नगद वा कुनै प्रकारको उपहार दिएको उल्लेख गरेका थिए, तीमध्ये ९५.७% ले तेस्रो पक्ष/दलाललाई, १३.७% ले निर्वाचित प्रतिनिधिहरु, संघीय सरकारका कर्मचारी (११.३%), स्थानीय सरकारका कर्मचारीहरु (११.२%) र प्रदेश सरकारका कर्मचारीहरु (७.०%) लाई अतिरिक्त नगद वा कुनै प्रकारको उपहार दिएको उल्लेख गरेका छन् ।

#### राम्रो सेवाको लागि थप स्थानीय कर तिर्न इच्छुकता

बागमती प्रदेशमा बसोबास गर्ने कम उत्तरदाताहरूले मात्र सेवाको गुणस्तर सुधार भएमा थप स्थानीय कर तिर्न इच्छुक रहेको बताएका छन् । सर्वेक्षण बर्ष अनुसार हेर्दा, सेवाको गुणस्तरमा सुधार भएमा स्थानीय कर बढी तिर्न इच्छुक भएको बताउने उत्तरदाताहरूको संख्या क्रमशः घटेको देखिन्छ । सन् २०२२ मा उत्तरदाताहरूको सबैभन्दा कम हिस्सा (४७.७%) ले राम्रो सेवाहरूको बदलामा थप कर/शुल्क तिर्ने बताएका छन् । त्यसैगरी, सेवाको गुणस्तर सुधार भएपनि थप कर तिर्न नचाहने उत्तरदाताहरूको हिस्सा भने हरेक बर्ष बढ्दै गएको छ । सन् २०१७ मा रहेको १९.५% बाट बृद्धी भई सन् २०१८ मा २८.२% र सन् २०२२ मा थप बृद्धी भई ५०.४% गएको छ । सन् २०२० मा थप कर तिर्न नचाहने उत्तरदाताहरूको हिस्सा सबैभन्दा न्युन (१०.८%) रहेको थियो ।

**राम्रो सेवाको लागि थप स्थानीय कर तिर्न इच्छुकता, बर्ष अनुसार**




*चित्र ५.१०.४: Q-E16. यदि स्थानीय निकायले प्रदान गर्ने सेवा सुविधा (जस्तैः बाटो-घाटो, स्वास्थ्य, शिक्षा) को गुणस्तर बढेमा के तपाई अहिलेको भन्दा बढी स्थानीय कर वा सेवा शुल्क तिर्न इच्छुक हुनुहुन्छ ? (संख्या = १००८) ("भन्न चाहान्न" भन्ने उत्तर समावेश गरिएको छैन)*

## ५.११ भ्रष्टाचार

**उपलब्ध सेवाहरूमा भएको भ्रष्टाचार**

बागमती प्रदेशका उत्तरदाताहरूलाई विभिन्न नौ कसिमका सेवाहरू लिँदा जस्तैः जग्गा/मालपोत सम्बन्धित काम गर्दा, विभिन्न सरकारी कागजात निकाल्दा, प्रहरीबाट सेवा लिदा, अदालतबाट सेवा लिँदा, रोजगारी खोज्दा, स्वास्थ्य सेवा लिँदा, विद्यालय वा विश्वविद्यालयमा भर्ना गर्दा, यातायात सम्बन्धी सेवाहरू लिँदा र बैंकिङ सम्बन्धित सेवाहरु लिँदा गएको एक बर्षमा कुनै प्रकारको पैसा, उपहार वा घुस दिनुपरेको थियो कि थिएन भनेर सोधिएको थियो ।

सन् २०२२ मा, बागमती प्रदेशका उत्तरदाताहरूको सानो अंश (०.३% देखि २.०% बीच) ले तालिका ५.११.१ मा उल्लिखित नौ विभिन्न सेवाहरु प्राप्त गर्न घूस तिर्नुपरेको बताएका छन् । जबकि, नौमध्ये तीन परिस्थितिमा बहुमत उत्तरदाताहरूले उनीहरूलाई 'यस्तो प्रकारको सेवा आवश्यक नभएको' भनेर उल्लेख गरेका छन् । उत्तरदाताहरुको सबैभन्दा बढी हिस्साले विगत एक वर्षमा उनीहरूलाई अदालतबाट सेवा (९६.१%), प्रहरी सेवा (९३.१%), र रोजगारीको खोजी (९०.६%) जस्ता सेवाहरु आवश्यक नभएको बताए ।

कुल उत्तरदाताहरूको ०.३% देखि २.०% ले त्यस्ता माथि उल्लिखेत सेवा प्राप्त गर्न घुस तिर्नुपरेको उल्लेख गरेका छन् । २% ले सवारी साधन सम्बन्धी सेवाहरु (लाइसेन्स प्राप्त/नविकरण/ब्लुबुक, नाम स्थानान्तरण, इत्यादि) लिनको लागि र लगभग १.५% ले जग्गा सम्बन्धी सेवाहरु लिँदा (जमिन खरिद, बिक्री, हस्तान्तरण, वा जग्गा कर तिर्ने, प्लटिङ, आदि) घुस दिएको बताए । सन् २०२० को तुलनामा सन् २०२२ मा सेवाहरु प्राप्त गर्न आफूले घुस तिर्नुपरेको स्वीकार गर्ने उत्तरदाताहरुको अंशमा केही कमी देख्न सकिन्छ ।

**सेवाको लागि घुस दिनुपरेको, बर्ष अनुसार**

| | जग्गा/ मालपोत सम्बन्धित काम गर्दा | सरकारी कागजात निकाल्दा | प्रहरीबाट सेवा लिंदा | न्यायलय, अदालत बाट सेवा लिंदा | जागिर खोज्दा | सरकारी स्वास्थ्य सेवा लिंदा | बिधालय वा विश्वविधालयमा भर्ना गर्दा | यातायात सम्बन्धि | बैंक सम्बन्धि |
|---|---|---|---|---|---|---|---|---|---|
| सन् २०१७ | ११.९% | ४.३% | १.८% | २.०% | १.३% | ०.५% | ०.८% | - | - |
| सन् २०१८ | ८.७% | २.३% | ०.२% | ०.२% | ४.०% | ०.३% | ०.३% | - | - |
| सन् २०२० | २.२% | २.५% | | २.८% | १.३% | ०.२% | ०.१% | ३.२% | ०.४% |
| सन् २०२२ | १.५% | ०.६% | ०.३% | ०.३% | ०.८% | ०.५% | ०.९% | २.०% | ०.७% |

*तालिका ५.११.१: Q-E17a-g. तपाईले विगत एक बर्ष भित्रमा उल्लेखित कुनै पनि सेवा सुविधा लिंदा कुनै कर्मचारीलाई सरकारले तोकेको भन्दा बढी पैसा वा उपहार वा कुनै सहयोग गर्नुपरेको थियो ? (संख्या = १०१०) ('थाहा छैन', र 'भन्न चाहन्न' भन्ने उत्तरलाई समावेश गरिएको छैन)*


## ५.१२ स्थानीय शासन प्रक्रियामा जनसहभागीता

### स्थानीय शासन प्रक्रियाप्रतिको जनचेतना र सहभागिता

बागमती प्रदेशका पाँचमध्ये चार (८३.७%) उत्तरदाताहरू चालु आर्थिक बर्षका लागि आफ्नो स्थानीय सरकारहरूले कार्यान्वयन गर्न बनाएका कुनै पनि विकास आयोजना वा बजेटबारे अनभिज्ञ रहेको देखियो । अधिकांश उत्तरदाताहरूले स्थानीय सरकारले कार्यान्वयनका लागि योजना बनाएका कुनै पनि विकास आयोजना वा बजेटबारे अनभिज्ञ रहेका बताइरहदा करीब पाँचमध्ये एक (१६.३%) उत्तरदाताले उनीहरूसँग चालु आर्थिक बर्षका लागि आफ्ना स्थानीय नगरपालिका/गाउँपालिकाले कार्यान्वयन गर्न बनाएको विकास आयोजना वा बजेटबारे जानकारी भएको बताएका छन् ।

सर्वेक्षणका बर्षहरूमा, सन् २०१८ देखि सन् २०२२ सम्म स्थानीय सरकारले बनाएका स्थानीय विकास परियोजनाहरूबारे सचेत रहेको उल्लेख गरेका उत्तरदाताहरूको अंशमा कुनै उल्लेखनीय परिवर्तन देखिदैन (अर्थात् सन् २०१८ मा १५.८%, सन् २०२० मा २२.०% र २०२२ मा १६.३%) ।

**स्थानीय सरकारको विकास परियोजनाहरूबारे जानकारी, बर्ष अनुसार**





*चित्र ५.१२.१: Q-E18. के तपाईलाई यस आर्थिक वर्षमा स्थानीय सरकारले कार्यान्वयन गरेको कुनै विकास परियोजना वा बजेट कार्यन्वयनको लागि बनाईएको योजनाको बारेमा जानकारी छ ? (संख्या = १००८)*

**स्थानीय सरकारले प्रदान गर्ने सेवाहरूको प्राथमिकता**

आफ्नो स्थानीय सरकारले उपलब्ध गराउनुपर्ने सेवाहरु मध्ये कस्ता सेवाहरूलाई प्राथमिकतामा राख्दा राम्रो हुन्छ भनी उत्तरदाताहरूलाई प्रश्न गरिएको थियो । बागमती प्रदेशका एक तिहाई (३३.४%) उत्तरदाताहरूले सडक र अन्य भौतिक पूर्वाधार सम्बन्धी सेवालाई स्थानीय सरकारको उच्च प्राथमिकताको रूपमा राख्नुपर्ने राय व्यक्त गरेका छन् । त्यसपछि खानेपानी सम्बन्धी सेवाहरु (१८.८%), शिक्षा सम्बन्धी सेवाहरु (१५.८%), रोजगारी सम्बन्धी सेवाहरु (१२.२%), स्वास्थ्य सम्बन्धी सेवाहरु (८%) र फोहोर व्यवस्थापन सम्बन्धी सेवाहरु (४.३%) लाई उच्च प्राथमिकतामा राख्नुपर्ने  बिचार ब्यक्त गरेका छन् ।


सर्वेक्षणका बर्षहरूमा सडक सम्बन्धी सेवाहरूलाई प्राथमिकतामा रहेको देख्न चाहने उत्तरदाताहरूको हिस्सा सन् २०१८ मा रहेको ४३.५% बाट घटेर सन् २०२० मा २६.४% रहेको र सन् २०२२ मा उक्त हिस्समा पुनः बृद्धी भई ३३.४% मा पुगेको छ । यसको विपरीत, खानेपानी र रोजगारसम्बन्धी सेवाहरु उल्लेख गर्ने उत्तरदाताहरूको अनुपातमा भने केहि वृद्धि भएको छ । यसैबीच, शिक्षा सम्बन्धी सेवाहरूलाई प्राथमिकतामा राख्नुपर्ने राय व्यक्त  गर्ने उत्तरदाताहरूको अनुपात सन् २०२० मा रहेको १२% बाट बढेर सन् २०२२ मा १५.८% पुगेको छ ।




*चित्र ५.१२.२: Q-E19. तपाईको विचारमा स्थानीय सरकारले कुन चाहिँ सेवालाई पहिलो प्राथमिकतामा राख्नुपर्छ जस्तो लाग्छ ? (संख्या = १००८)*

**सार्वजनिक सुनुवाई प्रक्रिया प्रतिको जनचेतना र सहभागीता**

बागमती प्रदेशका करीब पाँचमध्ये एक (१६.९%) उत्तरदाताले गत बर्ष आफ्नो वडा वा नगरपालिकामा कम्तीमा एउटा सार्वजनिक सुनुवाई भएको कुरा बताएका छन् । विगत बर्षमा उनीहरूको वार्ड वा पालिकामा कम्तीमा एउटा सार्वजनिक सुनुवाई भएको उल्लेख गर्ने उत्तरदाताहरूको अंश सन् २०२० मा १६.७% र सन् २०२२ मा १६.९% उस्तै रह्यो ।




*चित्र ५.१२.३: Q-E20. पछिल्लो एक बर्षमा तपाईको वडा/गाउँपालिका/नगरपालिकामा सार्वजनिक सुनुवाई भएको छ ? (संख्या = १००८)*

विगतका सर्वेक्षणहरूमा, आफ्नो गाउँ/नगरपालिकामा सार्वजनिक सुनुवाई भएको बताउने उत्तरदाताहरूलाई विगत एक बर्षमा भएको कुनै पनि सार्वजनिक सुनुवाईमा उनीहरूको सहभागीताबारे सोधिएको थियो । बागमती प्रदेशका आधाभन्दा बढी (५५.७%) उत्तरदाताहरूले गत बर्षका केही सार्वजनिक सुनुवाईहरूमा भाग लिएको उल्लेख गरेका छन् । केवल एक सानो अल्पसंख्यक (३.५%) उत्तरदाताहरूले यी धेरैजसो सार्वजनिक सुनुवाईहरूमा सहभागी भएको बताए । जबकि, उत्तरदाताहरूको पाँचमध्ये दुई भाग (४०.८%) ले उनीहरूले कुनै पनि सार्वजनिक सुनुवाईमा भाग नलिएको बताएका छन् ।

आफ्नो स्थानीय गाउँ/नगरपालिकाले गरेको सार्वजनिक सुनुवाईमा जनसहभागीता बृद्धी भएको छ । सार्वजनिक सुनुवाईमा जनसहभागीता सन् २०१८ मा रहेको ८.६% बाट बृद्धी भई सन् २०२० मा ५४.६% पुगेकोमा सन् २०२२ मा लगातार बढदै गई ५९.२% पुगेको छ । अर्कोतर्फ, सार्वजनिक सुनुवाईमा कहिले पनि भाग नलिने उत्तरदाताहरूको संख्या भने घट्दै गएको छ ।

**सार्वजनिक लेखा परीक्षण प्रक्रिया प्रतिको जनचेतना र सहभागीता**

बागमती प्रदेशका उत्तरदाताहरूलाई विगत एक वर्षमा आफ्नो गाउँपालिका/नगरपालिका/वडामा सार्वजनिक लेखापरीक्षण भए नभएको र सरकारी विकास कार्यक्रमको सार्वजनिक लेखापरीक्षणमा उनीहरूको सहभागिताबारे प्रश्न सोधिएको थियो । जवाफमा, १२.१% उत्तरदाताहरूले विगत एक वर्षमा उनीहरूको गाउँपालिका/नगरपालिका/वडामा सार्वजनिक लेखापरीक्षण भएको बताएका छन् । विगत बर्षमा आफ्नो वार्ड वा नगरपालिकामा सार्वजनिक लेखापरीक्षण भएको उल्लेख गर्ने उत्तरदाताहरूको अंश सन् २०१८ मा ६.२% र सन् २०२० मा ७.८% रहेकोमा सन् २०२२ मा केहि बृद्धी भएको छ । सन् २०१८ को सर्वेक्षणमा सहभागी अधिकाँश उत्तरदात्ताहरूले विगत एक वर्षमा आफ्नो गाउँपालिका/नगरपालिका/वडामा सार्वजनिक लेखापरीक्षण नभएको बताएका थिए भने सन् २०२० र सन् २०२२ मा उत्तरदाताहरूको ठुलो हिस्साले उनीहरूलाई यसबारे थाहा नभएको उल्लेख गरेका छन् ।


सन् २०२२ को सर्वेक्षणमा सहभागी आधाभन्दा बढी (५१.८%) उत्तरदाताहरूले सरकारी विकास कार्यक्रमहरूको सार्वजनिक लेखापरीक्षणमा कहिल्यै सहभागी नभएको बताएका छन् । जबकि, उत्तरदाताहरूको पाँचमध्ये दुई भाग भन्दा बढी (४४.५%) ले उनीहरूले केही सार्वजनिक लेखापरीक्षणहरूमा भाग लिएको बताए भने ३.७% उत्तरदाताहरूले अधिकांश सार्वजनिक लेखापरीक्षणहरूमा भाग लिएको बताए । केही सार्वजनिक लेखापरीक्षणहरूमा आफूले भाग लिएको बताउने उत्तरदाताहरूको अनुपातमा उल्लेखनीय वृद्धि भएको छ । सन् २०१८ मा रहेको ३.५% बाट क्रमश बढ्दै सन् २०२० मा ३५% पुगेकोमा सन् २०२२ मा भने ९.५% अंकले वृद्धि भई ४४.५% पुगेको छ । अर्कोतर्फ, सार्वजनिक लेखा परीक्षणमा कहिले पनि सहभागी नभएको उल्लेख गर्ने उत्तरदाताहरूको संख्यामा गिरावट आएको छ (सन् २०१८ मा रहेको ९६.३% बाट सन् २०२० मा ५२.९% र सन् २०२२ मा ५१.८%) ।

**स्थानीय विकास योजनाहरूको तयारी/कार्यान्वयन प्रक्रियामा सहभागीता**

बागमती प्रदेशका उत्तरदाताहरूलाई स्थानीय विकास योजना तर्जुमा र कार्यान्वयनमा जनताको सहभागीताबारे जानकारी लिन प्रश्नहरू सोधिएको थियो । बागमती प्रदेशमा स्थानीय विकास योजना प्रक्रियामा वा त्यस्ता योजना र कार्यक्रमहरूको कार्यान्वयनमा सहभागी हुने उत्तरदाताहरूको संख्या अझै थोरै रहेको देखिन्छ । अधिकांश (८६.३%) उत्तरदाताहरूले स्थानीय विकास योजनाको तयारी/कार्यान्वयनमा कहिल्यै भाग नलिएको बताएका छन् । । करीब दशमध्ये एक (१२%) उत्तरदाताहरूले केहीमा भाग लिएको बताएका छन् । जबकि, १.७% ले अधिकांश स्थानीय विकास योजनाहरूका तर्जुमा र कार्यान्वयन प्रक्रियाहरूमा भाग लिएको बताएका छन् ।

सन् २०२० र सन् २०२२ को बीचमा, स्थानीय विकास योजनाहरूको तयारी/कार्यान्वयन प्रक्रियामा आम जनताको सहभागीतामा कुनै उल्लेखनीय भिन्नता देखिएको छैन ।

**स्थानीय विकास योजनाहरुमा जनसहभागीता, बर्ष अनुसार**




*चित्र ५.१२४: Q-E23. विगत एक बर्षमा तपाईले आफ्नो गाउँपालिका/नगरपालिका/वडाको स्थानीय विकास योजना तयार गर्दा वा ती योजना/कार्यक्रम कार्यान्वयन गर्दा सहभागी हुनुभयो ? (संख्या = ९९०)*

स्थानीय विकास योजना तर्जुमा र कार्यान्वयन प्रक्रिया/गतिविधिहरूमा आफू सहभागी भएको बताउने उत्तरदाताहरूको प्रतिक्रियाका आधारमा सबैभन्दा बढी (७८.७%) जनसहभागीता सडक र भौतिक पूर्वाधार सम्बन्धी कार्यक्रमहरूमा रहेको देखिन्छ । त्यसपछी खानेपानी सम्बन्धी (४५.८%), शिक्षा सम्बन्धी (३४.०%), रोजगारी सम्बन्धी (२२.८%), स्वास्थ्य सम्बन्धी (२०.१%) र बिजुली सम्बन्धी (१३.५%) योजना र कार्यक्रमहरूमा रहेको देखिन्छ ।

## ५.१३ स्थानीय निर्वाचन र निर्वाचित अधिकारीहरूबारे दृष्टिकोण

**स्थानीय जनताप्रति निर्वाचित पदाधिकारीको चासो**

सन् २०२२ मा बागमती प्रदेशका उत्तरदाताहरूलाई जनप्रतिनिधिका रूपमा निर्वाचितः मेयर, उपमेयर, वडाध्यक्ष र वडा सदस्यले आफ्नो स्थानीय जनताको ख्याल गर्छन् कि गर्दैनन् भन्ने प्रश्न सोधिएको थियो । सन् २०२२ को सर्वेक्षणमा, बागमती प्रदेशका करीब आधाजसो उत्तरदाताहरूले जननिर्वाचित प्रतिनिधिहरूले सामान्य जनताको 'केही हदसम्म चासो राख्ने' विश्वास ब्यक्त गरेका छन् । निर्वाचित पदाधिकारीहरु प्रतिको यो विश्वासको स्तर सबैभन्दा बढी 'वडाध्यक्ष' (७०.६%) र 'वडा सदस्य' (६९.५%) त्यसपछि 'मेयर' (५७.७%) र 'उपमेयर' (५६.३%) प्रति पाइन्छ ।

उत्तरदाताहरूको सानो अनुपातले उनीहरूका निर्वाचित प्रतिनिधिहरूले सामान्य जनताको 'धेरै चासो राख्ने' विश्वास गर्छन भने अर्कोतर्फ, केही बढी हिस्सामा बागमती प्रदेशका मानिसहरूले आफ्नो निर्वाचित पदाधिकारीहरूले उनीहरूको वास्ता गर्दै 'नन् भनेर भनेका छन् । आफ्नो निर्वाचित पदाधिकारीहरूले उनीहरूको वास्ता गर्दैनन् भन्नेहरूको हिस्सा मेयर (३८.२%) र उपमेयर (३९.७%) मा सबैभन्दा बढी छ ।

**स्थानीय जनताप्रति निर्वाचित पदाधिकारीको चासो**


| | धेरै चासो राख्छन् | केहि हदसम्म चासो राख्छन् | चासो राख्दैनन | पटक्कै चासो राख्दैनन | थाहा छैन |
|---|---|---|---|---|---|
| भन्न सक्दिन | ५.८% | ५१.९% | २७.१% | ११.१% | ४.०% |
| मेयर | ३.८% | ५२.५% | २८.५% | ११.२% | ४.०% |
| उपमेयर | ११.०% | ५९.६% | २०.२% | ७.२% | २.०% |
| वडा अध्यक्ष | ११.३% | ५८.२% | २१.०% | ७.३% | २.१% |

*तालिका ५.१३.१: Q-F1i–iv. निम्न सरकारी निकायमा निर्वाचित जनप्रतिनिधिहरूको बारेमा तपाईको धारणा के छ ? के तपाईलाई लाग्छ कि उनीहरूले स्थानीय जनताको ख्याल राख्छन् ? (संख्या = १००८)*

## ५.१४. स्थानीय सरकारको उत्तरदायित्वप्रतिको धारणा

बागमती प्रदेशका करीब तीन चौथाई (७५.५%) उत्तरदाताहरूले स्थानीय सरकारले जनताका आवश्यकताप्रति देखाएको तदारूकता/संवेदनसीलता/उत्तरदायित्व गत बर्षको जस्तै रहेको जनाएका छन् । सन् २०२२ मा, २०.३% उत्तरदाताहरूले स्थानीय सरकारले जनताका आवश्यकता प्रति देखाएको तदारूकता/संवेदनसीलता/उत्तरदायित्वमा सुधार भएको विश्वास गरेका छन् । स्थानीय सरकारको उत्तरदायित्व प्रतिको यो विश्वास सन् २०१८ मा २०.३% उत्तरदाताहरूमा थियो र सन् २०२० मा उक्त हिस्सामा बृद्धी भई ६१.७% पुगेको थियो ।

**जनताका आवश्यकताहरुप्रति स्थानीय सरकारको उत्तरदायित्वप्रतिको धारणा, बर्ष अनुसार**





*चित्र ५.१४.१: Q-F1A. गत बर्षको तुलनामा स्थानीय सरकार (नगरपालिका/गाउँपालिका) जनताको आवश्यकताप्रति कतिको उत्तरदायी बनेको छ जस्तो लाग्छ? (संख्या = १००८)*

**स्थानीय सरकारद्वारा प्रदान गरिने सेवाहरूप्रति सन्तुष्टि**

बागमती प्रदेशका, करीब आधाभन्दा बढी (५३%) उत्तरदाताहरूले आफ्नो स्थानीय सरकारले प्रदान गरेका सेवाहरु प्रति सन्तुष्ट नभएको बताएका छन् भने ४७% उत्तरदाताहरूले स्थानीय सरकारले प्रदान गरेका सेवाहरु प्रति आफूहरु सन्तुष्ट रहेको बताएका छन् । सन् २०२२ मा स्थानीय सरकारले प्रदान गरेको सेवाहरूबाट सन्तुष्ट हुनेहरूको हिस्सामा अघिल्लो सर्वेक्षण बर्षहरूको तुलनामा गिरावट आएको छ । सन् २०१८ मा रहेको ६९.७% बाट घटेर सन् २०२२ मा ४७% भएको छ । जबकि, असन्तुष्ट हुनेहरुको अनुपात सन् २०२० मा रहेको ३०.३% बाट बढेर सन् २०२२ मा ५३% मा पुगेको छ ।

**स्थानीय सरकारले प्रदान गरेका सेवाहरुप्रति सन्तुष्टि, बर्ष अनुसार**





*चित्र ५.१४.२: Q-E13g. समग्रमा, के तपाईं आफ्नो क्षेत्रको स्थानीय सरकारले (ग्रामीण नगरपालिका/नगरपालिका) प्रदान गरेका सेवाहरूबाट सन्तुष्ट हुनुहुन्छ ? (संख्या = १००८) ('भन्न चाहन्न' भन्ने उत्तरलाई समावेश गरिएको छैन)*

बागमती प्रदेशमा आफ्नो क्षेत्रको स्थानीय सरकारले प्रदान गरेका सेवाहरूबाट सन्तुष्ट हुने उत्तरदाताहरूको अनुपात गाउँपालिका (३८.१%) मा भन्दा शहरी नगरपालिकाका बढी (५१.०%) रहेको छ । तीनै भौगोलिक क्षेत्रहरूमा, स्थानीय सरकारले प्रदान गरेका सेवाहरूप्रति सन्तुष्टिको स्तर लगभग उस्तै रहेको देखिन्छ । जातीय समूहका आधारमा, मधेसी आदिवासी/जनजाति समुदायका (७१.४%) उत्तरदाताहरू स्थानीय सरकारले प्रदान गरेका सबै सेवाहरूबाट बढी सन्तुष्ट देखिन्छन् ।

**स्थानीय सरकारले प्रदान गरेको शिक्षा, स्वास्थ्य र सडक सेवाहरूप्रति सन्तुष्टि**

सर्वेक्षणमा स्थानीय सरकारले प्रदान गरको शिक्षा, स्वास्थ्य र सडक सेवाप्रति उत्तरदाताहरु कत्तिको सन्तुष्ट छन् भनी बुझ्न खोजिएको थियो र सोको लागि उत्तरदाताहरूलाई आफ्नो सन्तुष्टीको स्तर मापनको लागि शून्यदेखि दश नम्बरसम्म दिन भनिएको थियो, जसमा शून्यले "धेरै असन्तुष्ट" र दशले "धेरै सन्तुष्ट" संकेत गर्द थियो । यसरी हेर्दा, बागमती प्रदेशमा बसोबास गर्ने उत्तरदाताहरूको औसत सन्तुष्टिको स्तर ५.७ देखि ६.६ सम्म रहेको छ (चित्र ५.१४.३) । बागमती प्रदेशमा स्थानीय सरकारले प्रदान गर्ने शिक्षा, स्वास्थ्य र सडक सम्बन्धी सेवाहरूमा बासिन्दाहरूको औसत सन्तुष्टिको स्तरमा कमी आएको छ ।

**शिक्षा, स्वास्थ्य र सडक सम्बन्धी सेवाहरू प्रतिको औसत सन्तुष्टि, वर्ष अनुसार (अंक)**




*चित्र ५.१४.३: Q-E10H_a,b,c. आफ्नो क्षेत्रमा गाउँपालिका/नगरपालिकाले उपलब्ध गराएको शिक्षा, स्वास्थ्य र सडकसम्बन्धी सेवाहरूबाट तपाईं कतिको सन्तुष्ट हुनुहुन्छ ? (शून्यदेखि दशको स्केलमा तपाईंको सन्तुष्टिको स्तरलाई मापन गर्नुहोस्; जसमा शून्यले धेरै असन्तुष्ट प्रतिनिधित्व गर्दछ, पाँचले न असन्तुष्ट न सन्तुष्ट भन्ने जनाउँछ र दशले धेरै सन्तुष्ट प्रतिनिधित्व गर्दछ) (संख्या = १००८)*

## ५.१५ स्थानीय निर्वाचन

सर्वेक्षणले २०२२ मे १३, मा भएको दोस्रो स्थानीय निर्वाचनप्रति नेपालीहरूको धारणालाई अभिलेखन गर्ने प्रयास गरेको छ । बागमती प्रदेशका उत्तरदाताहरूलाई स्थानीय निर्वाचनमा उनीहरूको सहभागीता, नतिजाबाट सन्तुष्टि, अपेक्षा, स्वतन्त्र र चुनावको निष्पक्षता, मतदानको कारण[१५] र मतदान केन्द्रहरूमा पहुँचबारे प्रश्नहरु सोधिएको थियो ।

सन् २०२२ को स्थानीय निर्वाचनमा बागमती प्रदेशमा पाँचमध्ये झन्डै चार जना (८०.१%) ले मतदान भाग लिएका थिए भने पाँचमध्ये एक (१९.९%) उत्तरदाताले मतदान नगरेको उल्लेख गरेका थिए । सन् २०१७ र सन् २०२२ को स्थानीय चुनाव मा मतदान गर्ने उत्तरदाताहरूको हिस्सामा कुनै खास भिन्नता देखिदैन (क्रमश ७९.७%, ८०.१%) ।


बागमती प्रदेशका अधिकांश (९१.३%) उत्तरदाताहरूले सन् २०२२ को स्थानीय निर्वाचन स्वतन्त्र र निष्पक्ष भएको ठान्छन्, सन् २०१७ मा पनि ९१.६% उत्तरदाताहरूले यस्तै धारणा ब्यक्त गरेका थिए । उत्तरदाताहरूको सानो हिस्सा (१.२%) ले निर्वाचन स्वतन्त्र र निष्पक्ष नभएको उल्लेख गरेका छन् । स्थानीय निर्वाचनमा बल, पैसा र घुसको प्रयोग भएको (८२.१%), साथै स्थानीय निर्वाचन समस्या र विवादहरु भएको (१७.९%) कारणहरूले गर्दा स्थानीय निर्वाचन स्वतन्त्र र निष्पक्ष नभएको भन्ने ठानेका छन् ।

बागमती प्रदेशका ८०.९% उत्तरदाताहरु सन् २०२२ को निर्वाचनको नतिजाबाट खुसी वा धेरै खुसी भएको उल्लेख गरेका छन् । स्थानीय चुनावले उनीहरूको जीवनमा पार्ने प्रभावबारे सोध्दा, उत्तरदाताहरूको करीब पाँचमध्ये तीन भाग (५९.७%) ले स्थानीय निर्वाचनले उनीहरूको जीवनस्तरमा सुधार ल्याउने विश्वास गरेका छन् भने एक तिहाई भन्दा बढी (३४.५%) उत्तरदाताहरूले स्थानीय निर्वाचनले उनीहरूको जीवनस्तरमा कुनै प्रभाव नपार्ने बताएको छन् ।

१५ नेपालको निर्वाचन आयोगको अभिलेखअनुसार २०७९ को स्थानीय निर्वाचनमा ६४% दर्ता भएका मतदाताले मतदान गरेका थिए । निर्वाचन आयोग को तथ्यांकको तुलनामा हाम्रो नमूनामा धेरै व्यक्तिले स्थानीय निर्वाचनमा मतदान गरेको जानकारी दिए ।

स्थानीय निर्वाचनले आफ्नो जीवनस्तरमा सुधार ल्याउँछ भन्ने विश्वास गर्ने उत्तरदाताहरूले निर्वाचनपछि सार्वजनिक सेवा प्रवाहमा सुधार हुने (४७.६%), स्थानीय नेताहरु समुदायको आवश्यकतालाई सम्बोधन गर्नेतर्फ लाग्ने (४४.२%) र जनताले आफूले छानेको नेतालाई उत्तरदायी बनाउन सक्छन (३९.५%) भन्ने विश्वास ब्यक्त गरेका छन् ।


**स्थानीय चुनावले जनताको जीवनस्तरमा आशातित सुधारहुने कारणहरू**




*चित्र ५.१५.१: Q-F6. तपाई किन सोच्नुहुन्छ कि जीवनको गुणस्तर सुधार हुनेछ ? (संख्या = ६०२)*

### मतदान गर्ने निर्णयको आधार

निर्वाचनमा मतदान गरेका ८०.१% उत्तरदाताहरूलाई भोट हाल्ने निर्णय के को आधारमा गर्नुभएको थियो भनेर सोधिएको थियो । एक तिहाई (३३.३%) उत्तरदाताहरूले राजनीतिक दलबाट उभिएको उम्मेदवार मन परेकोले भोट हालेको भन्ने उल्लेख गरेका छन् । त्यस्तै, स्वतन्त्र उम्मेदवार भएकोले साथै उसले उठाएका सिद्धान्तहरु मन परेकोले (३०.४%) मतदान गरेको बताएका छन् । यी बाहेक, मतदान गर्नुका अन्य कारणमा उत्तरदाताहरूले उम्मेदवारलाई चिनेका कारण (२४.३%), राजनीतिक दल/उम्मेदवारले आफ्नो क्षेत्रमा विकास र सेवा उपलब्ध गराउने विश्वास रहेकोले (१९.४%), भोट हालेको भन्ने उल्लेख गरेका छन् । यसैगरी उत्तरदाताहरूको समान अनुपात (१६.१%) ले पार्टी/उम्मेदवारले जनताको अधिकारका लागि काम गरिरहेको र राजनीतिक दल परिवर्तनको लागि काम गरिरहेकोले उनीहरूले सो उम्मेदवारहरूलाई मतदान गरेको बताएका छन् ।




*चित्र ५.१५२: Q-F7.1. कसलाई भोट दिने भन्ने कुरा के को आधारमा निर्णय गर्नुभयो ? (संख्या = ८०७)*

### मतदानमा सहजता

सर्वेक्षणले स्थानीय चुनावमा मतदान गर्ने (८०.१%) उत्तरदाताहरूलाई उनीहरूको सम्बन्धित मतदान केन्द्रमा मतदान गर्ने प्रक्रिया कत्तिको सजिलो थियो भनेर सोधिएको थियो । मतदान गर्ने बागमती प्रदेशका अधिकांश (७४.०%) उत्तरदाताहरूले आ-आफ्नो मतदान केन्द्रमा मतदान गर्न सजिलो भएको बताए भने झन्डै पाँचमध्ये दुई (१९.२%) ले धेरै सजिलो भएको बताएका छन् । उत्तरदाताहरूका अनुसार उनीहरूको सम्बन्धित मतदान केन्द्रमा मतदान गर्ने प्रक्रिया सजिलो हुनुको कारणहरूमा, मतदान केन्द्रको निकटता (६५.८%), मतदान केन्द्रहरूमा सजिलो पहुँच (३६.५%), सजिलै बुझ्न सकिने मतपत्र (३२.७%) र सहयोगी सुरक्षाकर्मीहरु (१०.७%) ईत्यादी रहेका छन् । तर, स्थानीय चुनावमा मतदान गर्ने ६.२% उत्तरदाताहरूले भने उनीहरूको सम्बन्धित मतदान केन्द्रमा मतदान गर्न गाह्रो भएको र ०.७% ले निकै गाह्रो भएको उल्लेख गरेका छन् ।


### निर्वाचित स्थानीय प्रतिनिधिसँग सम्पर्क र सन्तुष्टिको स्तर

सन् २०२२ मा बागमती प्रदेशका थोरै (११.२%) उत्तरदाताहरूले आफ्ना व्यक्तिगत वा सरकारी मुद्दाहरु छलफल गर्न आफ्ना निर्वाचित पदाधिकारीहरूसँग सम्पर्क गरेको उल्लेख गरेका छन् । जबकि, ८८.८% उत्तरदाताहरूले त्यस्ता समस्याहरु समाधान गर्न आफ्ना निर्वाचित प्रतिनिधिहरूसँग कहिल्यै सम्पर्क नगरेको उल्लेख गरेका छन् । सर्वेक्षण बर्षहरूमा, आफ्नो व्यक्तिगत वा समुदायले अनुभव गरेका समस्याहरु समाधान गर्न आफ्ना निर्वाचित अधिकारीहरूसँग सम्पर्क गर्न प्रयास गर्ने उत्तरदाताहरूको अनुपात सन् २०१७ मा रहेको १८.५% बाट घटेर सन् २०२२ मा ११.२% मा झरेको छ ।

११.२% उत्तरदाताहरू जसले उनीहरूको व्यक्तिगत वा समुदायले अनुभव गरेका समस्याहरु समाधान गर्न आफ्ना निर्वाचित अधिकारीहरूसँग सम्पर्क गरे भनेर उल्लेख गरेका थिए, उनीहरू उक्त सम्पर्कको नतिजाबाट कतिको सन्तुष्ट थिए भनेर थप प्रश्न सोधिएको थियो, लगभग आधाजसो (४९%) उत्तरदाताहरूले केही हदसम्म "सन्तुष्ट" भएको र १३.६% ले आफूहरु

"धेरै सन्तुष्ट" भएको बताएका छन् । अर्कोतर्फ, "असन्तुष्ट" र "धेरै असन्तुष्ट" भएका उत्तरदाताहरु क्रमशः ११.६% र ७.२% रहेको छ । सन् २०१७ को तुलनामा सन् २०२२ मा आफुहरू "धेरै सन्तुष्ट" र "सन्तुष्ट" भएको व्यक्त गर्ने उत्तरदाताहरूको हिस्सामा गिरावट आएको छ । त्यस्तै, सन् २०१७ को तुलनामा सन् २०२२ मा व्यक्तिगत वा समुदायले अनुभव गरेका समस्याहरु समाधान गर्न आफ्ना निर्वाचित अधिकारीहरूसँग गरेको सम्पर्कको नतिजाबाट "असन्तुष्ट" र "धेरै असन्तुष्ट" उल्लेख गर्नेहरूको संख्यामा बृद्धी भएको छ ।

**निर्वाचित स्थानीय प्रतिनिधिहरुसंगको सम्पर्क र सम्पर्कको नतिजा, बर्ष अनुसार**




*चित्र ५.१५.३: Q-F8. के तपाईले गत बर्ष आफ्नो व्यक्तिगत वा सरकारी समस्याहरु समाधान गर्न मद्दतको लागि आफ्नो निर्वाचित स्थानीय प्रतिनिधिहरुमध्ये एकलाई व्यक्तिगत रुपमा सम्पर्क गर्ने प्रयास गर्नुभएको छ? (संख्या = १००८). Q-F9. [यदि Q-F8 को जवाफ 'थियो' भन्ने आएमा] यो सम्पर्कको नतिजाबाट तपाई कत्तिको सन्तुष्ट हुनुहुन्छ ? (संख्या = ११२)*


# ६. आर्थिक दृष्टिकोण र सूचनामा पहुँच

## ६.१. स्थानीय आर्थिक अवस्थाप्रतिको धारणा

सन् २०२२ को सर्वेक्षणमा स्थानीय क्षेत्र (गाउँपालिका वा शहरी नगरपालिका) को आर्थिक अवस्था को बारेमा उत्तरदाताहरूको विचारहरु जान्नका लागि बिभिन्न प्रश्नहरू सोधिएको थियो । सर्वेक्षण बाट प्राप्त तथ्याकंहरूको विश्लेषण गर्दा पाँचमध्ये एक (२१%) उत्तरदाताले स्थानीय पालिकाका आर्थिक अवस्था सुधार हुँदै गएको उल्लेख गरेका छन् भने उत्तरदाताहरूको ठूलो हिस्सा (६४.९%) ले स्थानीय पालिकाको आर्थिक अवस्थामा अघिल्लो वर्षको तुलनामा अहिले कुनै परिवर्तन नभएको वा उस्तै रहेको भनी उल्लेख गरेका छन् । उत्तरदाताहरूको सानो हिस्सा (२.५%) ले चाहिं स्थानीय आर्थिक अवस्था खराब हुँदै गएको उल्लेख गरेका छन् ।

सर्वेक्षणका चार वर्षहरूमध्ये विगतका तीन वर्षमा, समग्रमा आफ्नो स्थानीय क्षेत्रको आर्थिक अवस्था सुधार हुँदै गइरहेको छ भन्ने उत्तरदाताहरूको हिस्सा बढ्दो क्रममा रहेको थियो भने सन् २०२२ मा उक्त हिस्सामा गिरावट आएको छ । उत्तरदाताहरूको यो अंश सन् २०१७ मा रहेको १४.३% बाट क्रमशः बढेर सन् २०१८ मा १८.६% र सन् २०२० मा ३९.५% पुगेकोमा सन् २०२२ मा १८.५% अंकले ह्रास आई २१.९% पुगेको छ । अघिल्लो बर्षहरु मा गरिएको सर्वेक्षणहरूको तुलनामा सन् २०२२ मा स्थानीय पालिकाको आर्थिक अवस्था उस्तै रहेको बताउने उत्तरदाताहरूको अनुपात उच्चतम (६४.९%) रहेको छ । सन् २०१७ मा ६३.१% उत्तरदाताहरूले स्थानीय क्षेत्रको आर्थिक अवस्था उस्तै रहेको बताएका थिए भने सन् २०१८ मा यो हिस्सामा गिरावट आई ४२.८% पुगेको थियो भने, सन् २०२० मा यस हिस्सामा अझ गिरावट आई ३८.१% पुग्यो र फेरी सन् २०२२ मा यस हिस्सामा २६.८% अंकले बृद्धी भई ६४.९% पुगेको छ । यसैबीच, सन् २०२० आर्थिक अवस्था बिग्रँदै गएको भन्ने उत्तरदाताहरूको हिस्सा ५% रहेको मा सन् २०२२ मा २.५% मा झरेका छन् ।

**स्थानीय आर्थिक अवस्थाप्रतिको धारणा, बर्ष अनुसार**




*चित्र ६.१.१: Q-G1. तपाईको नगरपालिका/गाउँपालिकाको आर्थिक अवस्था सुधार भइरहेको छ जस्तो लाग्छ ? (संख्या = १००८)*

शिक्षाको पृष्ठभूमि र आयस्तरले स्थानीय क्षेत्रको आर्थिक अवस्थाप्रति उत्तरदाताहरूको दृष्टिकोणमा पनि केही प्रभाव परेको देखिन्छ । समग्रमा उत्तरदाताहरूको शिक्षाको स्तरसँग आफ्नो स्थानीय क्षेत्रको आर्थिक अवस्था सुधार हुँदै गइरहेको छ भन्ने धारणा बढ्दै गइरहेको छ ।

आफ्नो पालिकाको आर्थिक अवस्था राम्रो हुँदै गएको छ भनी प्रतिक्रिया व्यक्त गर्ने २१% उत्तरदाताहरूलाई आर्थिक अवस्था राम्रो हुँदै जानुको कारण के होला भनी सोधिएको थियो । पूर्वाधार राम्रो हुनु (३८.६%), थप लगानीका अवसरहरु हुनु (३०.२%), स्थानीय नगरपालिकाहरूलाई बढी बजेट विनियोजन हुनु (२६.३%), समग्रमा प्रगति हुनु (१९.८%) र खानेपानी आपूर्तिमा सुधार हुनु (१२.७%) लाई उत्तरदाताहरूले आफ्नो पालिकाको आर्थिक अवस्था राम्रो हुनुको प्रमुख कारणको रूपमा लिएका छन् ।


आफ्नो पालिकाको आर्थिक अवस्था बिग्रँदै गएको धारणा राख्ने सानो हिस्सा (२.५%) उत्तरदाताहरूमध्ये एक तिहाई (३३.२%) ले पूर्वाधार बिग्रँदै गएको, रोजगारी र कामका अवसरहरु कम भएको (२६.३%) र लगानी अवसरहरु कम भएको (२०.६%) लाई यसको मुख्य कारण मानेका छन् । त्यसैगरी, उत्तरदाताहरूले उल्लेख गरेका अन्य कारणहरूमाः काम पाउन गाह्रो भएको (१७.८%) र बढदो भ्रष्टाचार र घुसखोरी भएको (१६.५%) रहेका छन् ।

सन् २०२० मा, उत्तरदाताहरूको ठूलो हिस्साले पूर्वाधार बिग्रँदै गएको (४५.४%) र रोजगारी र कामका अवसरहरु कम भएको (३३.२%) लाई आफ्नो पालिकाको आर्थिक अवस्था बिग्रनुको मुख्य कारण रहेको बताएका थिए भने सन् २०२२ मा उत्तरदाताहरूको यो अंश क्रमशः ३३.२% र २६.३% मा झरेको छ । यसबाहेक, काम पाउन गाह्रो भएकाले आफ्नो पालिकाको आर्थिक अवस्था खराब हुँदै गएको भन्ने उत्तरदाताहरूको अंश सन् २०१८ मा रहेको २१.२% बाट सन् २०२० मा १४.२% र सन् २०२२ मा १७.८% रहेको छ । बढदो भ्रष्टाचार र घुसखोरी भन्ने उत्तरदाताहरूको अंश सन् २०१७ मा ८.४% रहेको मा सन् २०१८ मा बृद्धी भई १८% पुगेको मा सन् २०२० र सन् २०२२ मा भने यो अनुपात स्थिर (क्रमशः १६.८% र १६.५%) रहेको छ ।

## ६.२ व्यक्तिगत तथा पारिवारीक आम्दानी

सर्वेक्षणमा उत्तरदाताहरूको व्यक्तिगत र घरपरिवारको मासिक आम्दानीको बारेमा पनि प्रश्न सोधिएको थियो । समग्रमा, बागमती प्रदेशका उत्तरदाताहरूको पाँचमध्ये तीन भाग (६०%) ले उनीहरूको घरपरिवारको औसत मासिक आम्दानी रु २० हजारभन्दा बढी रहेको बताए भने एक चौथाई भन्दा केही बढी अर्थात (२६.६%) उत्तरदाताहरूले मासिक आम्दानी रु १० हजार देखि १९ हजार ९ सय ९९ बीचमा रहेको उल्लेख गरेका छन् । एक महिनामा रु १० हजारभन्दा कम पारिवारीक आम्दानी भएको उल्लेख गर्ने उत्तरदाताहरूको हिस्सा ८.४% रहेको छ ।

सर्वेक्षण बर्षहरूमा, आफ्नो मासिक घरायसी आय रु १० हजारभन्दा कम रहेको उल्लेख गर्ने उत्तरदाताहरूको अनुपात घट्दै गएको छ । त्यस्तै, आफ्नो घरायसी आम्दानीको दायरा मासिक रु १० हजार देखि १९ हजार ९ सय ९९ भित्र रहेको बताउनेहरूको हिस्सा सन् २०१८ मा उच्च (३४.२%) भएता पनि उत्तरदाताहरूको यो हिस्सा यस हिस्सा मा ७.६% अंकले गिरावट आई सन् २०२२ मा (२६.६%) रहेको छ । त्यसैगरी, मासिक आय रु ४० हजार र त्योभन्दा बढी भएको बताउने उत्तरदाताहरूको अनुपात सन् २०२० मा उच्च (३४.९%) भएता पनि सन् २०२२ मा सो अनुपातमा गिरावटआई २९.७% पुगेको छ, उत्तरदाताहरूको यो अनुपात सन् २०१७ र सन् २०१८ मा क्रमशः २२% र १४.३% रहेको थियो ।




*चित्र ६.२१: Q-G4. गत बर्ष तपाईको घरपरिवारको आम्दानी प्रतिमहिना लगभग कति जति थियो ?*
*(संख्या = ९८७) ('भन्न चाहान्न' भन्ने उत्तरलाई समावेश गरिएको छैन)*

बागमती प्रदेशमा घरपरिवारको मासिक आम्दानी रु१० हजार देखि १९ हजार ९ सय ९९ बीचमा रहेको भनी उल्लेख गर्ने उत्तरदाताहरूको अनुपात शहरी नगरपालिका (१९.९%) को तुलनामा गाउँपालिकामा बढी (४०.९%) रहेको छ । जबकि, औसत आम्दानी रु ४० हजार वा सोभन्दा माथिको भएको घरपरिवार गाउँपालिकाको (११.२%) तुलनामा शहरी नगरपालिकामा बढी (३८.५%) रहेको छ ।

पहाडी दलित समूहका १४.६% उत्तरदाताहरूले आफ्नो घरपरिवारको मासिक आम्दानी रु ४० हजार वा सोभन्दा माथि भएको उल्लेख गरे; यो हिस्सा पहाडी जातिका (३९.९%) उत्तरदाताहरूले उल्लेख गरेको भन्दा झन्डै तीन गुणाले कम रहेको छ । त्यसैगरी, मधेसी (आदिवासी/जनजाति) समूहका २८.६% उत्तरदाताहरूले आफ्नो घरपरिवारको मासिक आम्दानी रु४० हजार वा सोभन्दा माथिको भएको उल्लेख गरेता पनि यो अनुपात मधेसी जाति (स्तर- १) का (१००%) र मधेसी जाति (स्तर - २) का (८५.७%) उत्तरदाताहरूले उल्लेख गरेको भन्दा निकै कम रहेको छ । मधेसी (आदिवासी/जनजाति) समुहका आधाभन्दा बढी (५७.१%) उत्तरदाताहरू का साथै पहाडी आदिवासी/जनजाति समुहका (३०.१%), पहाडी जाति (३०.२%) र पहाडी दलित समुहका (२७.१%) उत्तरदाताहरूले आफ्नो मासिक घरपरिवारको आम्दानी रु २० हजारदेखि ४० हजार बीचको भएको जानकारी दिएका छन् ।

**घरायसी आयमा भएको परिवर्तन**


बागमती प्रदेशमा अधिकांश (७४.९%) उत्तरदाताहरूको घरायसी आम्दानी गत बर्षको तुलनामा समान रहेको बताएका छन् । अघिल्लो बर्षहरूमा गरिएको सर्वेक्षणहरूमा आफ्नो घरपरिवारको आम्दानीमा घटेको उल्लेख गर्नेहरु भन्दा घरपरिवारको आम्दानी बढेको उल्लेख गर्नेहरु धेरै रहेका छन् । यद्यपि, सन् २०२२ मा आफ्नो घरपरिवारको आम्दानी घटेको उल्लेख गर्ने उत्तरदाताहरु भन्दा आफ्नो घरपरिवारको आम्दानी बढेको उल्लेख गर्ने उत्तरदाताहरूको अंश कम रहेको छ ।

सर्वेक्षण गरिएको बर्षहरूमा हेर्नेहो भने आफ्नो घरपरिवारको आम्दानी बढेको उल्लेख गर्ने उत्तरदाताहरूको अनुपात सन् २०२० उच्च (३१%) रहेको देखिन्छ । सन् २०२२ मा आफ्नो घरपरिवारको आम्दानीमा वृद्धि भएको उल्लेख गर्नेहरूको अंशमा तीव्र गिरावट आएको छ र घरपरिवारको आय घटेको उल्लेख गर्ने व्यक्तिहरूको अंशमा वृद्धि भएको छ । शिक्षाको स्तर कम भएका उत्तरदाताहरूको तुलनामा उच्च शिक्षा वा धेरै आय भएका उत्तरदाताहरूले आफ्नो घरपरिवारको आयमा वृद्धि भएको उल्लेख गरेका छन् ।

सर्वेक्षणका बर्षहरूमा, घरायसी आय उस्तै रहेको उल्लेख गर्ने उत्तरदाताहरूको अनुपातमा वृद्धि भएको छ (सन् २०१७ मा रहेको ६२.६% बाट बृद्धी भई सन् २०१८ मा ७०.८% पुगेको मा सन् २०२० मा यस अंशमा गिरावट आई ५३.९% पुगेको र सन् २०२२ मा पुनः बृद्धी भई ७४.९% पुगेको) । यसको विपरीत, सन् २०२० मा आफ्नो घरायसी आम्दानी बढेको उल्लेख

गर्ने (३१.०%) उत्तरदाताहरूको तुलनामा, सन् २०२२ मा आफ्नो घरायसी आम्दानी बढेको उल्लेख गर्ने उत्तरदाताहरूको अनुपातमा २१.५% अंकले कमी आई ९.५% पुगेको छ । अर्कोतर्फ, सन् २०२० र सन् २०२२ मा आफ्नो घरपरिवारको आम्दानीमा गिरावट आएको बताउने उत्तरदाताहरूको अनुपात समान (१०.६%) रहेको छ ।

**घरपरिवारको आम्दानीमा आएको परिवर्तन, बर्ष अनुसार**





*चित्र ६.२२: Q-G5. गएको एक बर्षमा तपाईंको घर परिवारको आम्दानीमा कस्तो परिवर्तन भएको छ ? (संख्या = १००८)*
*('भन्न चाहान्न' भन्ने उत्तरलाई समावेश गरिएको छैन)*

**व्यक्तिगत आम्दानी**

घरपरिवारको मासिक आम्दानी बाहेक, सर्वेक्षणमा उत्तरदाताहरूको व्यक्तिगत मासिक आयको बारेमा पनि प्रश्न सोधिएको थियो । जवाफमा दसमध्ये तीन (३०%) उत्तरदाताहरूले या त जवाफ दिन अस्वीकार गरे या त मासिक आयको कुनै स्रोत नभएको उल्लेख गरेका छन् । यस्तो जवाफ दिने उत्तरदाताहरूमा मुख्यतया विद्यार्थीहरु र कृषि वा घरायसी काममा संलग्न व्यक्तिहरु रहेका छन् । पुरूषको तुलनामा लगभग दोब्बर महिला उत्तरदाताहरूले व्यक्तिगत मासिक आम्दानीको बारेमा जवाफ दिन अस्वीकार गरेका छन् ।

बागमती प्रदेशमा आफ्नो व्यक्तिगत आय उल्लेख गरेका उत्तरदाताहरु मध्ये, ३८.६% उत्तरदाताहरूले आफ्नो व्यक्तिगत मासिक आम्दानी रु २० हजार वा सो भन्दा माथि भएको उल्लेख गरेका छन् भने राष्ट्रिय स्तरमा रु२० हजार वा सो भन्दा माथि आफ्नो व्यक्तिगत आय भएको उल्लेख गर्ने उत्तरदाताहरूको भन्दा ८.८% अंक ले यो हिस्सा बढी रहेको छ । राष्ट्रिय स्तरमा सन् २०२२ मा (३३.५%) उत्तरदाताहरूले आफ्नो व्यक्तिगत मासिक आम्दानी रु २० हजार वा सो भन्दामाथि भएको उल्लेख गरेका छन् । बागमती प्रदेशमा रु १० हजारभन्दा कम आम्दानी गर्ने उत्तरदाताहरूको हिस्सा राष्ट्रिय आँकडा (३७.०%) भन्दा कम (३२.२%) र रु २० हजार र सो भन्दा बढी आम्दानी गर्ने उत्तरदाताहरूको हिस्सा राष्ट्रिय आंकडा (३३.५%) भन्दा बढी (४२.३%) रहेको छ ।




*चित्र ६.२३: Q-G6C. गएको एक बर्षमा तपाइको आफ्नो मासिक आम्दानी लगभग कति जति थियो? (संख्या = ७०६)*
*('भन्न चाहान्न' भन्ने उत्तरलाई समावेश गरिएको छैन)*


बागमती प्रदेशमा व्यक्तिगत आय पालिका अनुसार केही फरक देखिन्छ । रु २० हजार र सो भन्दा बढी कमाउने उत्तरदाताहरूको अनुपात गाउँपालिकामा (२५.३%) भन्दा नगरपालिका (५२.४%) मा बढी पाइएको छ । त्यस्तै, रु १० हजारभन्दा कम कमाउने उत्तरदाताहरूको अनुपात नगरपालिकामा (२३.२%) भन्दा गाउँपालिकामा (४७%) बढी पाइएको छ । त्यसैगरी, तराईका १३% उत्तरदाताहरूले आफ्नो व्यक्तिगत आम्दानी रु १० हजार देखि २० हजारको बीचमा रहेको बताएका छन् । हिमालमा बसोबास गर्ने (२५.०%) उत्तरदाताहरूको तुलनामा पहाड र तराईमा बसोबास गर्ने बढी (क्रमश: ४४.३% र ४३.५%) उत्तरदाताहरूले आफ्नो व्यक्तिगत आम्दानी रु २० हजारभन्दा बढी रहेको बताएका छन् ।

बागमती प्रदेशको जातीय समुहमा, पहाडी जाति (२४.९%) को तुलनामा बढी (५०.०%) मधेसी (आदिवासी/जनजाति) र पहाडी दलित (४५.९%) समुहका उत्तरदाताहरूले रु १० हजारभन्दा कम कमाउँछन् । त्यसैगरी, ६६.७% मधेसी आदिवासी/जनजाति र ३६.९% पहाडी आदिवासी/जनजातिको व्यक्तिगत आय रु २० हजारभन्दा बढी रहेको छ । उच्च आय, शिक्षाको उच्च स्तरसंग सम्बन्धित रहेको देखिन्छ, उदाहरणका लागि, लगभग ७८.४% स्नातक र माथिको डिग्री भएका उत्तरदाताहरूले उनीहरूको व्यक्तिगत मासिक आम्दानी रु २० हजार र सो भन्दा बढी रहेको बताएका छन् भने २२% प्राथमिक शिक्षा पाएका उत्तरदाताहरूले उनीहरूको व्यक्तिगत मासिक आम्दानी रु २० हजारभन्दा बढीको रहेको बताएका छन् ।

## ६.३. वैदेशिक रोजगार र विप्रेषण


सन् २०२० मा बागमती प्रदेशका १४.७% उत्तरदाताहरूले परिवारको कम्तीमा एक सदस्य विदेशमा काम गर्न गएको उल्लेख गरेका छन् । यो अनुपात बिगतका सर्वेक्षण बर्षकोहरू भन्दा कम रहेको छ । सन् २०१७ मा रहेको २१.७% उत्तरदाताहरूको तुलनामा सन् २०२२ मा परिवारको कम्तीमा एक सदस्य विदेशमा काम गर्न गएको उल्लेख गर्ने उत्तरदाताहरूको अंशमा ७.०% अंकले घटनगई १४.७% कायम रहेको छ (चित्र ६.३.१) ।

परिवारका कम्तीमा एक जना सदस्य विदेशमा काम गरिरहेका छन् भन्ने जवाफ दिएका १४.७% उत्तरदाताहरूलाई उनीहरूका परिवारका सदस्यहरूले विदेशमा कुनै समस्या भोग्नुपरेको थियो कि भनेर सोधिएको थियो । अधिकांश (९३.६%) उत्तरदाताहरूले उनीहरूका परिवारका सदस्यहरूले विदेशमा कुनै समस्या सामना नगरेको उल्लेख गरेका छन् भने उत्तरदाताहरूको सानो हिस्साले चाहि सहमति भएको भन्दा कम तलब पाएको (४.३%), शारीरिक चोटपटक लागेको वा बिरामी भएको (२.६%), सहमति भएको भन्दा फरक काम पाएको (१.२%), र चरम काम गर्ने अवस्था रहेको (०.६% ) जस्ता समस्या भोग्नुपरेको उल्लेख गरेका छन् ।




*चित्र ६.३.१: Q-G12. तपाईंको परिवारको कोही सदस्य कामको सिलसिलामा हाल विदेशमा हुनुहुन्छ ? (संख्या = १००८)*

बागमती प्रदेशका उत्तरदाताहरूलाई यस सर्वेक्षणमा उनीहरूले आफ्ना परिवारका सदस्य, साथीभाई, आफन्त र आफूले चिनेका अन्य व्यक्तिहरूलाई वैदेशिक रोजगारीमा जान प्रोत्साहित गरे कि गरेनन भनेर बुझ्ने प्रयास पनि गरिएको थियो । सन् २०२० को तुलनामा सन् २०२२ मा बागमती प्रदेशका उत्तरदाताहरूले आफूले चिनेका मानिसलाई वैदेशिक रोजगारी खोज्न कम प्रोत्साहित गर्ने सम्भावना रहेको देखाउँछ (सन् २०२० मा ३६.४% र सन् २०२२ मा ३२.७%) ।




*चित्र ६.३.२: Q-G12.4. के तपाईंले तपाइको परिवारका सदस्य वा तपाइले चिनेका अन्य व्यक्तिहरूलाई विदेशमा रोजगार खोज्न प्रोत्साहित गर्नुहुन्छ ? (संख्या = १००८) ('भन्न चाहान्न' भन्ने उतरलाई समावेश गरिएको छैन)*

### रेमिट्यान्स (विप्रेषण)

सर्वेक्षणको तथ्याङ्कले बागमती प्रदेशमा सन् २०२० को तुलनामा सन् २०२२ मा, विगत एक वर्षमा नेपाल भित्रैबाट विप्रेषण पाउने नेपालीहरूको हिस्सा बढिरहेको देखाएको छ भने देश बाहिरबाट विप्रेषण पाउने नेपालीहरूको हिस्सा घटिरहेको देखाएको छ । सन् २०२२ मा ९.९% ले नेपाल भित्रबाट रेमिट्यान्स प्राप्त गरेको उल्लेख गरेका छन्, यो हिस्सा सन् २०२० मा ८.४% रहेको थियो । यस्तैगरी सन् २०२० को सर्वेक्षण १५.८% उत्तरदाताहरु वा उनीहरूको परिवारका सदस्यहरूले देश बाहिरबाट रेमिट्यान्स प्राप्त गरिरहेको मा सन् २०२२ मा ११.५% उत्तरदाताहरु वा उनीहरूको परिवारका सदस्यहरूले देश बाहिरबाट रेमिट्यान्स प्राप्त गरिरहेको उल्लेख गरेका छन् (तालिका ६.३.१) ।

#### रेमिट्यान्स (विप्रेषण) पाउने संख्या, बर्ष अनुसार

| बर्ष | देश भित्रबाट मात्र छ | देश बाहिरबाट मात्र छ | देशभित्र र बाहिर दुवै बाट छ | रेमिट्यान्स रकम प्राप्त भैनसकेको | लागु नहुने | थाहा छैन/ भन्न सक्दिन |
|---|---|---|---|---|---|---|
| सन् २०२० | ८.४% | १५.८% | १.६% | ९.४% | ६४.७% | ०.१% |
| सन् २०२२ | ९.९% | ११.५% | ०.७% | २.३% | ६९.१% | ६.६% |

*तालिका ६.३.१: Q-G13. विगत एक वर्षमा तपाईले वा तपाईको परिवारका सदस्यहरूले देश बाहिर वा भित्रबाट रेमिट्यान्स प्राप्त गर्नुभएको छ ? (संख्या = १००८)[१६] ('भन्न चाहन्न' भन्ने उत्तरलाई समावेश गरिएको छैन)*


विभिन्न जातजाति अनुसार सर्वेक्षण तथ्याङ्क हेर्दा, मधेसी जाति (स्तर-२) (५७.१%) ले देशबाहिर र १४.३% ले देश भित्रबाट रेमिट्यान्स प्राप्त गरिरहेको देखाएको छ ।

### रेमिट्यान्स (विप्रेषण) मा परिवर्तन

देशभित्र, देशबाहिर वा दुवैबाट रेमिट्यान्स प्राप्त गरेको बताउने २२.१% उत्तरदाताहरूलाई गएको बर्ष र अहिलेको तुलना गर्नुपर्दा तपाईले प्राप्त गरेको रेमिट्यान्समा कुनै परिवर्तन भएको छ कि भनेर प्रश्न सोधिएको थियो । सन् २०२२ मा बागमती प्रदेशका उत्तरदाताहरूको पाँचमध्ये दुई भाग (४०.४%) ले आफूले प्राप्त गर्ने रेमिट्यान्स बढेको बताएका छन् । सन् २०१७ मा १६.७%, सन् २०१८ मा २४.९% र सन् २०२० मा ३६.२% उत्तरदाताहरूले आफूले प्राप्त गर्ने रेमिट्यान्स बढेको बताएका थिए । त्यसैगरी, प्राप्त गर्ने रेमिट्यान्स घटेको उल्लेख गर्ने उत्तरदाताको हिस्सा क्रमशः बढ्दै गएको छ (सन् २०१७ मा ७.४%, सन् २०२० मा १२.०% र सन् २०२२ मा १२.३%) । यसको विपरीत, आफूले प्राप्त गरेको रेमिट्यान्स यथावत रहेको उल्लेख गर्ने उत्तरदाताहरूको हिस्सा भने सर्वेक्षण बर्षहरूमा क्रमशः घटी रहेको छ ।

---

१६ सन् २०१७ र सन् २०१८ मा उत्तरदाताहरूलाई "के तपाई वा तपाईको परिवारले देशभित्र वा बाहिरबाट रेमिट्यान्स प्राप्त गर्नुभएको थियो ?" भनेर सोधिएको थियो, तर सन् २०२० र सन् २०२२ मा उनीहरूलाई "विगत एक बर्षमा तपाई वा तपाईको परिवारका सदस्यहरूले देशबाहिर वा भित्रबाट रेमिट्यान्स प्राप्त गर्नुभएको थियो ?" भनेर सोधिएको थियो





*चित्र ६.३.३: Q-G14. अघिल्लो वर्षको तुलनामा तपाईको घरपरिवारले प्राप्त गरेको रेमिट्यान्स रकम बढेको छ, उस्तै छ कि घटेको छ ? (संख्या = २२२)*

### रेमिट्यान्स (विप्रेषण) को उपयोग

रेमिट्यान्स रकम प्राप्त गर्ने २२.१% उत्तरदाताहरूलाई के प्रयोजनको लागि रेमिट्यान्स खर्च गर्नुभयो भनेर सोधिएको थियो । करीब तीन चौथाई (७४.४%) उत्तरदाताहरूले प्राप्त रेमिट्यान्स रकम आफ्नो दैनिक घर खर्चका लागी प्रयोग गर्ने गरेको बताए । साथै उत्तरदाताहरूले प्राप्त रेमिट्यान्स रकम स्वास्थ्य सेवा र औषधोपचारमा (४८.९%), बालबालिकाको शिक्षामा (२६.३%), ऋण तिर्न (१२.३%) प्रयोग गरेको उल्लेख गरेका छन् र थोरै संख्याले बैंकमा बचत (११.१%) र घर बनाउन (८.७%) का लागि खर्च गरेको उल्लेख गरेका छन् । सन् २०२० र सन् २०२२ को बीचमा घरायसी खर्च र स्वास्थ्य सेवाको लागि रेमिट्यान्सको प्रयोग गर्ने उत्तरदाताहरूको हिस्सा बढेको छ भने बालबालिकाको शिक्षामा, ऋण चुक्ता गर्न, बैंकमा बचत र घर बनाउन प्रयोग गर्ने क्रममा यसको प्रयोग घटेको छ ।

**रेमिट्यान्सको प्रयोग, बर्ष अनुसार**





*चित्र ६.३.४: Q-G14A. तपाई वा तपाईको परिवारका सदस्यहरूले प्राप्त गरेको रेमिट्यान्स रकम मुख्यतः कुन कामको लागि खर्च गर्नु भएको छ ? (संख्या = २२२)*

## ६.४. बीमाको बारेमा जानकारी र पहुँच

उत्तरदाताहरूले विभिन्न प्रकारका बीमाहरूको बारेमा सुनेका छन् कि छैन भनेर जान्न गणकहरूले उनीहरूलाई विभिन्न आठ प्रकारका बीमाहरूको बारेमा पढेर सुनाएका थिए । बागमती प्रदेशका अधिकांश (९०.६%) उत्तरदाताहरूले विभिन्न प्रकारका बीमाहरूको बारेमा सुनेको बताएका छन् । विभिन्न प्रकारका बीमाहरूको बारेमा सुनेका उत्तरदाताहरूको अंश सर्वेक्षण बर्षहरूमा घटेको पाइयो । । विभिन्न प्रकारका बीमाहरूको बारेमा सुनेका उत्तरदाताहरूको अंश सन् २०१८ मा रहेको ९५.३% बाट घटेर सन् २०२० मा ९१.८% र सन् २०२२ मा ९०.६% झरेको छ ।

**बीमाको बारेमा सचेतना, बर्ष अनुसार**




*चित्र ६.४.१: Q-G21.a. के तपाईंले कहिल्यै कुनै प्रकारको बीमाको बारेमा सुन्नुभएको छ ? (संख्या = १००८)*

सर्वेक्षणले विभिन्न आठ प्रकारका बीमामध्ये बागमती प्रदेशमा जीवन बीमा (९५%), स्वास्थ्य बीमा (९४.५%) र सवारी साधन बीमा (८६.७%) सबैभन्दा लोकप्रिय रहेको पाइएको छ भने कृषि बीमा (६६.५%), सम्पत्ति बीमा (५४.५%) र यात्रा बीमा (५२.६%) कम लोकप्रिय रहेको देखाएको छ ।

### विभिन्न प्रकारका बीमाबारे सचेतना र स्वामित्व, बर्ष अनुसार

| | सन् २०१८ | | सन् २०२० | | सन् २०२२ | |
|---|---|---|---|---|---|---|
| | सुनेको छु | बीमा गरेको छु | सुनेको छु | बीमा गरेको छु | सुनेको छु | बीमा गरेको छु |
| जीवन बीमा | ९८.०% | १०.७% | ९६.६% | २२.९% | ९५.०% | १९.०% |
| व्यक्तिगत/दुर्घटना बीमा | ७३.५% | ५.६% | ८१.६% | ३.३% | ८२.६% | ८.६% |
| अटो बीमा | ७८.०% | १६.०% | ८७.७% | ३१.२% | ८६.७% | ३१.८% |
| स्वास्थ्य बिमा | ८७.५% | ९.८% | ८९.८% | १७.४% | ९४.५% | २०.८% |
| कृषि बीमा | ५८.५% | ०.३% | ७०.५% | १.६% | ६६.५% | १.९% |
| पशुधन बीमा | ६१.४% | ४.५% | ८१.०% | ८.७% | ७५.१% | ६.४% |
| सम्पत्ति बीमा | ४९.८% | १.०% | ६२.७% | ४.५% | ५४.५% | २.२% |
| यात्रा बीमा | ५८.०% | ६.७% | ६८.३% | ५.१% | ५२.६% | १.२% |

*तालिका ६.४.१: Q-G21B.A1-H1. के तपाईले उल्लेखित बीमाको बारेमा सुन्नुभएको छ ? (संख्या = १००८) र [यदि Q-G21.B. A1-H1 मा "सुनेको छु" भनेमा] के तपाईले उक्त बीमा गर्नुभएको छ ? ('थाहा छैन', 'भन्न चाहान्न' र 'लागु नहुने' उत्तरहरूलाई समावेश गरिएका छैन)*

सर्वेक्षणमा विभिन्न प्रकारका बिमाको बारेमा जानकारी भएको बताउने उत्तरदाताहरूलाई उक्त बीमा गर्नुभएको छ कि छैन भनेर सोधिएको थियो । बागमती प्रदेशमा उल्लेख गरिएका सबै किसिमका बीमा योजनामा सहभागी हुनेहरूको संख्या बढिरहेको देखिन्छ । तर, अरू बीमा को तुलनामा सवारी साधन बीमा (सन् २०१८ मा १६.०% देखि सन् २०२२ मा ३१.८%), त्यसपछि स्वास्थ्य बीमा ( सन् २०१८ मा ९.८% बाट सन् २०२२ मा २०.८%) र जीवन बीमा ( सन् २०१८ मा १०.७% देखि सन् २०२२ मा १९.०%) गर्नेहरूको हिस्सामा उल्लेखनीय वृद्धि भएको देख्न सकिन्छ ।

यसका साथै उत्तरदाताहरूको शिक्षाको स्तरसँगै विभिन्न प्रकारका बीमाहरूप्रति चेतना र स्वामित्वमा पनि वृद्धि भएको पाइएको छ । उदाहरणका लागि, निरक्षर (१०.७%) को तुलनामा स्नातक तह र सोभन्दा माथि शिक्षा भएका (३१.४%) उत्तरदाताहरूको जीवन बीमा गरेका छन् ।

## ६.५ रोजगारी र आयआर्जनका अवसरहरू


स्थानीय स्तरमा रोजगारीका र आयआर्जनको अवसरहरू के कस्तो रहेको छ भनी थाहा पाउन उत्तरदाताहरूलाई बिभिन्न प्रश्नहरू सोधिएको थियो । बागमती प्रदेशका करीब पाँच मध्ये तीन अर्थात (६३.७%) उत्तरदाताहरूले आफ्नो इलाकामा रोजगारीका अवसरहरु र (६०.६%) उत्तरदाताहरूले आयआर्जनका अवसरहरूमा विगत बर्षभन्दा खासै परिवर्तन नभएको उल्लेख गरेका छन् । सन् २०२२ मा तुलनात्मक रूपमा उत्तरदाताहरूको सानो अनुपातले गत बर्षको तुलनामा आफ्नो क्षेत्रमा रोजगारी (३.६%) र आयआर्जनको अवसरहरु (४.५%) बढी रहेको बताएका छन् । साथै करीब एक तिहाई उत्तरदाताहरूले गत बर्षको तुलनामा आफ्नो क्षेत्रमा रोजगारीका (२९.६%) र आयआर्जनको अवसरहरु (३२%) कम अवसरहरु रहेको बताएका छन् ।

आफ्नो क्षेत्रमा रोजगारीका सम्भावनाहरु उस्तै रहेको छ भन्ने विश्वास गर्ने उत्तरदाताहरूको अनुपात सर्वेक्षणका बर्षहरूमा उल्लेखनीय रूपमा घट्दै गइरहेको छ (सन् २०१८ मा ६७.१%, सन् २०२० मा ५८.२% र सन् २०२२ मा ६३.७%) । यसको विपरीत, रोजगारीका अवसरहरु कम छन् भनी सोच्ने उत्तरदाताहरूको अंश मा क्रमशः बृद्धी भई रहेको छ (सन् २०१८ मा ७.८%, सन् २०२० मा १६% र सन् २०२२ मा २९.६%) ।

सन् २०२२ मा उत्तरदाताहरूको सबैभन्दा कम हिस्सा (३.६%) ले उनीहरूको स्थानीय क्षेत्रमा रोजगारीका अवसरहरु बढी उपलब्ध भएको महसुस गरेका छन् । उत्तरदाताहरूको यो अनुपात सन् २०१८ मा १९.५% रहेको र सन् २०२० मा २०.६% रहेकोमा, उक्त हिस्सामा सन् २०२२ मा उल्लेखनीय रूपमा गिरावटआई ३.६% पुगेको छ ।

आफ्नो स्थानीय क्षेत्रमा आयआर्जनका उपलब्धता/अवसरहरु कम भएको उल्लेख गर्ने उत्तरदाताहरूको हिस्सामा क्रमशः बृद्धी भई रहेको छ (सन् २०१८ मा ८.४%, सन् २०२० मा १४.१%, सन् २०२२ मा ३२.०%) । सन् २०२२ मा उत्तरदाताहरूको सबैभन्दा कम हिस्सा (४.५%) ले उनीहरूको स्थानीय क्षेत्रमा आयआर्जनको अवसरहरु बढी भएको महसुस गरे गरेका छन् । उत्तरदाताहरूको यो अनुपात सन् २०१८ मा १८.५% रहेकोमा सन् २०२० मा उक्त हिस्सामा बृद्धी भई २२.१% पुगेको र सन् २०२२ मा भने उत्तरदाताहरूको यो अनुपात उल्लेखनीय गिरावटआई ४.५% पुगेको छ ।

**स्थानीय क्षेत्रमा रोजगारी र आय आर्जनका अवसरहरू, बर्ष अनुसार**




*चित्र ६.५१: Q-G23a and Q-G23b. एक बर्ष पहिला र अहिलेलाई तुलना गर्दा तपाईको स्थानीय क्षेत्रमा रोजगारी र आय आर्जनका अवसरहरु कस्तो रहेका छन् ? (संख्या = १००८) ('भन्न चाहान्न' भन्ने उतरलाई समावेश गरिएको छैन)*


बागमती प्रदेशका हिमाली क्षेत्रका (२५%) र पहाडी क्षेत्रका (२५.९%) उत्तरदाताहरूको तुलनामा तराई क्षेत्रका बढी (६४.६%) मानिसहरूले आफ्नो क्षेत्रमा रोजगारीका अवसरहरु कम भएको उल्लेख गरेका छन् । त्यसैगरी, हिमाली क्षेत्रमा बसोबास गर्ने (२४.४%) र पहाडी क्षेत्रमा बसोबास गर्ने (२८.५%) मानिसहरूको तुलनामा तराई क्षेत्रका धेरै (६७.९%) मानिसहरूले आफ्नो स्थानीय क्षेत्रमा आयआर्जन गर्ने अवसर कम भएको महसुस गरेका छन् ।

बागमती प्रदेशमा, ५० बर्ष र सो भन्दा माथी उमेर समुहका वृद्धवृद्धा उत्तरदाताहरु आफ्नो क्षेत्रमा रोजगारी र आयआर्जनका अवसरहरूप्रति बढी आशावादी रहेका छन् भने साना उमेर समूहका उत्तरदाताहरूको लगभग पाँचमध्ये दुई भागले आफ्नो क्षेत्रमा आयआर्जनका अवसरहरु (४२.७ %) र रोजगारीका अवसरहरु (३९.९%) कम उपलब्ध भएको उल्लेख गरेका छन् ।

## ६.६ सूचनाको स्रोत

बागमती प्रदेशका बासिन्दाहरूका लागि स्थानीय सरकारका योजना, पहल र बजेटको बारे जानकारीका लागि साथीभाई, आफन्त र छिमेकीहरु सूचनाको प्राथमिक स्रोत रहेको छ । उत्तरदाताहरूको पाँचमध्ये एक भागले स्थानीय सरकारका योजना, पहल र बजेटको बारेमा जानकारी नै प्राप्त गर्दैनन् भने ४५% उत्तरदाताहरूले साथीभाई, परिवार र छरछिमेकीबाट स्थानीय सरकारका गतिविधिको जानकारी लिने गरेको बताएका छन् । त्यसैगरी बागमती प्रदेशका बासिन्दाहरूका लागि टेलिभिजन (२८.०%), सामाजिक सञ्जाल (२३.३%) स्थानीय समुदायका नेता (१७.८%), पर्चा र पोस्टर (१६.८%) आदि स्थानीय सरकारका योजना, पहल र बजेटका सूचनाका अन्य स्रोतहरु रहेका छन् ।

**स्थानीय सरकारका गतिविधिहरूको लागि जानकारीको स्रोत, बर्ष अनुसार**





*चित्र ६.६.१: Q-H5. सामान्यता तपाई स्थानीय सरकारका योजनाहरू, कार्यक्रमहरू र बजेटको बारेमा जानकारी कसरी प्राप्त गर्नुहुन्छ ?*
*(संख्या = १००८) ('भन्न चाहान्न' भन्ने उत्तरलाई समावेश गरिएका छैन)*

सन् २०२० को सर्वेक्षण सँग तुलना गर्दा, साथीभाई, परिवार र छिमेकीहरु र टेलिभिजनबाट स्थानीय सरकारका गतिविधिहरूको जानकारी प्राप्त गर्ने गरेको बताउने उत्तरदाताहरूको अनुपात सन् २०२२ मा घटेको छ । यसैगरी सामाजिक सञ्जाल मार्फत् स्थानीय सरकारका गतिविधिहरु बारे जानकारी प्राप्त गरेको बताउने उत्तरदाताहरूको हिस्सा सन् २०२० मा रहेको १४.९% बाट बढेर सन् २०२२ मा २३.३% पुगेको छ ।

उच्च स्तरको शिक्षा भएका उत्तरदाताहरूका लागि सामाजिक सञ्जाल सूचनाको मुख्य स्रोत रहेको छ, त्यसपछि साथीभाई, परिवार र छिमेकीहरु र टेलिभिजन रहेको छ । यसको विपरीत, कुनै पनि शिक्षा नभएका वा औपचारिक शिक्षा नभएका उत्तरदाताहरूले आफ्ना साथीभाई, परिवार र छिमेकीहरु तथा स्थानीय समुदायका नेता र स्थानीय रेडियोलाई जानकारीको मुख्य स्रोत भएको उल्लेख गरे । त्यसैगरी, उच्च आय वर्गका उत्तरदाताहरूले टेलिभिजनलाई आफ्नो सूचनाको मुख्य स्रोतको रूपमा उद्धृत गर्ने सम्भावना बढी रहेको छ, जबकि न्यून आय समूहका उत्तरदाताहरूले साथीभाई, परिवार र छिमेकीहरूलाई आफ्नो जानकारीको मुख्य स्रोत भएको बताउँछन् । युवा समूहका उत्तरदाताहरूले मुख्यतया जानकारी साथीभाई, परिवार र छिमेकीहरु, सामाजिक सञ्जाल र इन्टरनेटबाट प्राप्त गर्ने गरेको उल्लेख गरेका छन् ।

### स्थानीय सरकारबाट अपेक्षित जानकारी

बागमती प्रदेशका उत्तरदाताहरूलाई उनीहरूको स्थानीय गाउँपालिका/नगरपालिकाबाट नियमित रूपमा कस्तो प्रकारको जानकारीको अपेक्षा राख्नु हुन्छ भनी प्रश्न सोधिएको थियो । लगभग पाँचमध्ये दुई (४०.९%) उत्तरदाताहरूले सार्वजनिक सूचनाहरू नियमित रूपमा जनतालाई उपलब्ध गराउनुपर्ने उल्लेख गरेका छन् भने रोजगारी सम्बन्धी जानकारी (३१.३%) र जीविकोपार्जन सम्बन्धी जानकारी (२९.६%) नियमित रूपमा जनतालाई उपलब्ध गराउनुपर्ने बताए । त्यसैगरी, स्थानीय सरकारले स्वास्थ्य सम्बन्धी जानकारी (२९.४%), बजेट र कार्यक्रम (२९.१%), योजना र आयोजना (२८.१%) सम्बन्धित जानकारी नियमित रूपमा जनतालाई उपलब्ध गराउनुपर्ने उल्लेख गरेका छन् ।




*चित्र ६.६.२ः Q-H6. तपाईंको नगरपालिका, गाउँपालिकाले जनतालाई कस्तो किसिमको सूचना नियमित रूपमा उपलब्ध वा सार्वजनिक गरोस जस्तो लाग्छ ? (संख्या = १००८)*

**स्थानीय सरकारले सार्वजनिक गरेको सूचनाप्रति सन्तुष्टि**

बागमती प्रदेशका स्थानीय सरकारले सार्वजनिक गरेका सूचनाहरू प्रति उत्तरदाताहरू कत्तिको सन्तुष्ट छन् भनी बुझ्न प्रश्नहरू सोधिएको थियो । बागमती प्रदेशका अधिकांश (५४.५%) उत्तरदाताहरूले आफ्नो स्थानीय सरकारले उपलब्ध गराएको तथ्याङ्क र सूचनाप्रति असन्तुष्टि व्यक्त गरेका छन् भने लगभग पाँचमध्ये एक (२१.५%) उत्तरदाताले सरकारले उपलब्ध गराएको जानकारीसँग सन्तुष्ट रहेको बताएका छन् । लगभग एक-चौथाई (२४%) उत्तरदाताहरूले यसबारे उनीहरूलाई केहि थाहा नभएको भनेर उल्लेख गरेका छन् ।

साथै, उत्तरदाताहरूलाई उनीहरूले स्थानीय सरकारबाट जानकारी प्राप्त गर्ने प्रयास कत्तिको गरे भनेर सोध्दा, थोरै अल्पसंख्यक (८.१%) उत्तरदाताहरूले मात्र स्थानीय सरकारबाट जानकारी प्राप्त गर्ने प्रयास गरेको बताए । लगभग एक तिहाई (३२.२%) उत्तरदाताहरूले स्थानीय सरकारबाट बजेट र कार्यक्रमहरूको बारेमा, सार्वजनिक लाभ सेवाहरूमा पहुँच र प्रयोगको बारेमा (बिजुली, ढल, सडक, इत्यादि) (२७.७%), सार्वजनिक सूचनाको बारेमा (२५.३%), योजना र परियोजनाहरु बारेमा (१६.८%,) स्वास्थ्य सेवा बारेमा (१५.२%) र जीविकोपार्जन सम्बन्धी जानकारी (११%) प्राप्त गर्ने प्रयास गरेको बताएका छन् ।

धेरैजसो (५३.२%) उत्तरदाताहरूले सम्बन्धित सरकारी निकायसँग कुरा गरेर जानकारी प्राप्त गर्ने प्रयास गरेको बताएका छन् । त्यसपछि ४७.१% उत्तरदाताहरूले परिवार र साथीभाईको सहयोग लिएको र ३०.१% उत्तरदाताहरूले स्थानीय राजनीतिक नेताहरूको सहयोग लिएर जानकारी प्राप्त गर्ने प्रयास गरेको उल्लेख गरेका छन् । यसका साथै उनीहरूमध्ये थोरै (९.२%) ले सरकारी वेबसाइट प्रयोग गरेर जानकारी प्राप्त गर्ने प्रयास गरेको उल्लेख गरेका छन् ।

सूचना प्राप्त गर्ने प्रयास गर्नेहरु मध्ये ६८.३% उत्तरदाताहरूले सम्बन्धित निकाय बाट आवश्यक जानकारी प्राप्त गरेको जानकारी दिए भने करीब एक चौथाई (२१.३%) उत्तरदाताहरूले आवश्यक जानकारी पाउन निकै लामो समय लागेको बताए र १०.७% ले आवश्यक जानकारी दिने सरकारी अधिकारीहरु असहयोगी भएको उल्लेख गरेका छन् ।


# ७. कोरोना महामारीको अनुभव र असर

## ७.१ कोरोना महामारी व्यवस्थापनमा सरकारको भूमिका

कोरोना महामारीको समयमा तीनै तहका सरकारले कोभिड-१९ को रोकथाम तथा नियन्त्रण र यसबाट पर्न सक्ने सामाजिक-आर्थिक प्रभावलाई न्यूनीकरण गर्न लागि विविध कार्यक्रमहरू लागू गरेका थिए । सर्वेक्षणमा सबै उत्तरदाताहरूलाई सरकारको उक्त रोकथाम र नियन्त्रणमा भूमिका पर्याप्त थियो कि थिएन भनी सोधिएको थियो ।

बागमती प्रदेशका धेरैजसो उत्तरदाताहरूले तीन तहको सरकारको भूमिका ठीकै भएको विश्वास गरेपनि २९.१% उत्तरदाताहरूले स्थानीय तहको भूमिकालाई "पर्याप्त" वा "धेरै पर्याप्त" भएको महसुस गरेका छन् । उत्तरदाताहरूको सानो हिस्साले चाँहि स्थानीय सरकारको भूमिका "अपर्याप्त" (१८.१%) र "धेरै अपर्याप्त" (२.४%) भएको महसुस गरेका छन् (चित्र ७.१.१) ।

**कोभिड-१९ व्यवस्थापनमा सरकारको भूमिका, बर्ष अनुसार**




*चित्र ७.१.१: Q-13. कोरोना संकट व्यवस्थापन वा समाधानमा सरकारले गरेको काम वा निभाएको भूमिका कत्तिको पर्याप्त थियो जस्तो लाग्छ ? (संख्या = १००८)*

### सरकारले गरेको कामको मुल्याङ्कन

कोरोना संक्रमण कम गर्न र यसलाई फैलिन नदिन सरकारले गरेका विभिन्न प्रयासलाई कसरी मुल्यांकन गर्नुहुन्छ भनी उत्तरदाताहरूलाई सोधिएको थियो । यसमा उत्तरदाताहरूले शून्यदेखि दशसम्मको नम्बर दिन सक्थे, शून्यले सरकारले गरेका प्रयास एकदमै अप्रभावकारी रहेको जनाउँछ, पाँचले न त प्रभावकारी न अप्रभावकारी जनाउँछ भने दशले ज्यादै प्रभावकारी रहेको जनाउँछ (तालिका ७.१.१) ।

यस सम्बन्धमा बागमती प्रदेशका उत्तरदाताहरूको मतलाई हेर्दा, सरकारले गरेका विभिन्न रोकथाम र नियन्त्रणका उपायहरूमध्ये मास्कको प्रयोग र सामाजिक दूरी धेरै प्रभावकारी (औसत ८.०७ अंक) रहेको देखियो भने हिड्डुल र यात्रामा लगाएको प्रतिबन्ध पनि दोस्रो (औसत ७.७५ अंक) प्रभावकारी उपाय रहेको पाइयो । अधिकांश उत्तरदाताहरूले सरकारको भूमिका र उपायहरूलाई "प्रभावकारी" मान्दछन् (तालिका ७.१.१) ।


### कोरोना संक्रमण कम गर्न र फैलिन नदिन सरकारले गरेको प्रयासका मुल्यांकन

| | कोरोना फैलिन नदिन हिड्डुल र यात्रामा प्रतिबन्ध | संक्रमण रोक्नका लागि मास्क को प्रयोग र सामाजिक दुरीको नियम लागु गरेको | व्यापार व्यवसाय बन्द गराएको/ खुलाएको | कोरोनाको परिक्षण सुबिधा उपलब्ध गराएको | क्वारेन्टिन सुबिधा उपलब्ध गराएको | कोरोना उपचार (अस्पताल/ आईसीयू बेड, आदि) को व्यवस्था | जीविकोपार्जनको माध्यम वा आयस्रोत गुमाएका कमजोर/ जोखिममारहेका मानिस/ समुदायलाई सहायता | प्रबासी कामदार हरूलाई नेपाल फर्काउन गरेको प्रयास |
|---|---|---|---|---|---|---|---|---|
| संख्या | १००८ | १००८ | १००८ | १००८ | १००८ | १००८ | १००८ | १००८ |
| औसत | ७.७५ | ८.०७ | ६.२७ | ६.१५ | ५.९८ | ५.६२ | ५.७५ | ५.८३ |

*तालिका ७.१.१: Q-14.A-H. कोरोना संक्रमण कम गर्न र यसलाई फैलिन नदिन सरकारले गरेका उल्लेखित प्रयासलाई तपाई कसरी मुल्यांकन गर्नुहुन्छ ?*

### सामाजिक-आर्थिक पुनरूत्थानमा सरकारसंगको अपेक्षा

कोरोना महामारीले सिर्जना गरेको आर्थिक-सामाजिक कठिनाईलाई पुनरूत्थान गर्न र महामारीबाट प्रभावित सामाजिक-आर्थिक परिणामहरूलाई न्यूनीकरण गर्न सरकारले कुन-कुन क्षेत्रमा बढी काम गर्नुपर्दछ भनी उत्तरदाताहरूलाई सोधिएको थियो । यस सन्दर्भमा झन्डै आधाभन्दा बढि (५५.४%) उत्तरदाताहरूले स्वास्थ्य सेवालाई सुधार गरेर र सरकारी सहयोग कार्यक्रमको शुरूवात गरेर (४१.०%) कोरोनाबाट सृजीत कठिनाईलाई कम गर्न सकिन्छ भन्ने मत व्यक्त गरेका छन् । त्यस्तै उल्लेख्य संख्या (३८.३%) ले कोरोना विरूद्धको खोप लगाउने प्रक्रियालाई तीव्रता दिएर कोरोनाबाट सृजीत कठिनाईलाई कम गर्न सकिन्छ भन्ने मत व्यक्त गरेका छन् । एक तिहाई (३३%) उत्तरदाताहरूले कोभिड-१९ महामारीले सिर्जना गरेको आर्थिक-सामाजिक कठिनाईलाई पुनरूत्थान गर्न र महामारीबाट प्रभावित सामाजिक-आर्थिक परिणामहरूलाई न्यूनीकरण गर्न सरकारले घरपरिवारका लागि थप रोजगारीका अवसरहरु र नगद सहयोग योजनाहरु सिर्जना गर्नुपर्ने कुरा उल्लेख गरेका छन् ।




*चित्र ७.१२: Q-16. कोरोना महामारीबाट प्रभावित सामाजिक-आर्थिक अवस्थालाई पुनरुत्थान गर्न सरकारले आफ्ना नागरिकहरूलाई अझै के गरेर सहयोग गर्न सक्छ होला? (संख्या = १००८)*

## ७.२. स्थानीय स्तरमा कोरोना महामारीको बेला सक्रिय भएर लाग्ने व्यक्ति वा निकाय

कोरोना महामारीको समयमा त्यसको व्यवस्थापनको लागि समुदायमा सबैभन्दा बढी सक्रिय भूमिका कसले निभाएको थियो भनेर सबै उत्तरदाताहरूलाई सोधिएको थियो । बागमती प्रदेशका लगभग तीन चौथाई (७१.५%) उत्तरदाताहरूले आफ्नो स्थानीय सरकारले सबैभन्दा बढी सक्रिय भूमिका निभाएर सबैभन्दा बढी उत्तरदायी भएको बताएका छन् । यसपछि, उनीहरूले समुदायका स्वयंसेवकहरु (११.०%), स्थानीय नेताहरु (६.४%) र समुदायमा आधारित संस्थाहरु (४.७%) ले आफ्नो समुदायमा कोभिड-१९ व्यवस्थापन गर्न सबैभन्दा सक्रिय अभिनेता भएको उल्लेख गरेका छन् ।

## ७.३ कोरोना महामारीको समयमा भोग्नुपरेका मुख्य समस्याहरु र सामना गर्ने रणनीतिहरु

सर्वेक्षणमा समावेश बागमती प्रदेशका करीब आधा उत्तरदाताहरूले कोरोना महामारी र यसको कारणले गर्दा भएको बन्दाबन्दीको समयमा विभिन्न समस्याहरू सामना गर्नुपरेको बताएका छन् भने ५६.५% उत्तरदाताहरूले कुनै पनि समस्याको सामना गर्नु नपरेको उल्लेख गरेका छन् । विभिन्न समस्याहरूको सामना गर्नेहरुमध्ये अधिकांश (३७.८%) ले खाद्यान्नको मूल्य बढेको, आय/नाफा घटेको (३७.४%), गम्भीर बिरामी भएको (३३.९%), आधारभूत सेवाहरु प्राप्त गर्न कठिनाई भएको (३१.५%) उल्लेख गरेका छन् । महामारीका कारण सामना गर्नुपरेको अन्य समस्याहरूमा रोजगारी वा आम्दानीको मुख्य श्रोतमा कमी भएको (२४.९%), अत्यावश्यक गैर-खाद्य वस्तुको मूल्यवृद्धि भएको (१५.९%) उल्लेख गरेका छन् ।

सर्वेक्षणमा कोरानाको कारणले गर्दा विभिन्न समस्याहरु भोग्नुपरेको भनेर बताउने ५३.९% उत्तरदाताहरुलाई ती समस्याहरुको सामना गर्न के-कस्ता रणनीतिहरु अवलम्बन गर्नुभयो भनेर पनि सोधिएको थियो । एक चौथाईभन्दा बढी (२८.२%) ले कोभिड-१९ को प्रभावहरुको सामना गर्न खासै केही नगरेको प्रतिक्रिया दिएका छन् ।

बागमती प्रदेशमा बसोबास गर्ने अधिकांश उत्तरदाताले प्रभाव न्यूनीकरण गर्न विभिन्न प्रतिकार्य संयन्त्र प्रयोग गरेको बताएका छन् । तथ्याङ्कले देखाए अनुसार, सबैभन्दा बढीले बचत प्रयोग गरेको (३९.६%), आफन्त/छिमेकीहरूबाट सहयोग लिएर काम चलाएको (१५.१%) र साहुबाट ऋण लिएर (१३.७%) निर्वाह गरेको उल्लेख गरेका छन् । त्यस्तै, थोरै अनुपातमा ११.४% ले आफ्नो बस्तुभाउ बेच्नु परेको बताएका छन्, ७.६% उत्तरदाताले उधारोमा खाद्यान्न खरिद गरेको, ५.९% ले खाद्यान्न उपभोगमा कमी गरेको र उत्तिकै अनुपातले सम्पतिको बिक्रि (जग्गा, भवन, गहना, फर्निचर, मेसिन) गरेको उल्लेख गरेका छन्

## कोरोना महामारीको सामना गर्न अपनाइएका रणनीतिहरू

| रणनीतिहरू | प्रतिशत |
|---|---|
| केही गरेनन् | २८.२% |
| बचत प्रयोग गरेको | ३९.६% |
| आफन्त/छिमेकीबाट सहयोग प्राप्त हुनेछ | १५.१% |
| साहु-महाजनबाट ऋण लिएको | १३.७% |
| पशुपंछीको बिक्रि | ११.४% |
| उधारोमा खाद्यान्न खरिद गरेको | ७.६% |
| खाद्यानको उपभोगमा कमी गरेको | ५.९% |
| सम्पतिको बिक्रि (जग्गा, भवन, गहना, फर्निचर, मेसिन) | ५.८% |
| बैंकबाट ऋण लिएको | ३.६% |
| सहकारीबाट ऋण लिएका छन् | २.२% |
| ऋणमा गैर-खाद्य वस्तुहरु किने | १.१% |
| गैर खाद्य बस्तुको उपभोगमा कमी गरेको | ०.७% |
| कामको खोजीमा अन्य ठाउँमा बसाईसरेको | ०.५% |
| लघुवित्तीय संस्थाबाट ऋण लिएको | ०.२% |
| नयाँ पेशा/व्यवसाय अपनाए | ०.२% |
| सरकार/अन्य संस्थाहरु (एनजीओ, आदि) बाट प्राप्त आर्थिक सहायता | ०.२% |

*तालिका ७३.१ः Q-I10. बन्दाबन्दीको क्रममा र त्यसपछिका महिनाहरूमा उत्पन्न समस्याहरूको सामना गर्न, तपाईले के गर्नु भयो ? (संख्या = ४३९)*

